यौनशिक्षा-६

आयुर्वेद आदि
भगन्दर (फिस्टुला रोग)

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

विषयसूची

भगन्दरको परिभाषा र प्रकार
(Fistula)

नेपाली परिभाषा :

(क) के.यन.स्वामी (भगन्दर) :

गुदद्वार वा योनिद्वार र तल्लोपेटको बीचमा पैदा हुने र फुटेपछि अत्यन्त पीडा हुने खटिरोलाई "भगन्दर" भनिन्छ ।

(ख) नेपाली बृहत् शब्दकोश :

गुदद्वारबीचमा आउने एक खटिरो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

अशुद्ध वङ्ग कुरुते शूलगुल्मं त्वचाङ्घ्रिजम् । वातशोथं प्रमेहञ्च पाण्डुरोगं भगन्दरम् ॥

अशुद्ध वा राम्ररी भस्म नगरिएको राङभस्म खानाले शूल, गुल्म, छाला र गोडामा वातजन्य सुजन, प्रमेह, पाण्डु र भगन्दर रोग गराउँदछ ।

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

हस्त्यश्वपृष्ठगमनकठिनोत्कटकासनैः । अर्शोनिदानाभिहितैरपरैश्च निषेवितैः ॥
अनिष्टाऽदृष्टपाकेन सद्यो वा साधुगर्हणैः । प्रायेण पिटिकापूर्वो योऽङ्गुले द्व्यङ्गुलेऽपि वा ॥
पायोर्व्रणोऽन्तर्बाह्यो वा दुष्टासृङ्मांसगो भवेत् । बस्तिमूत्राशयाभ्यास-गतत्वात्स्यन्दनात्मकः ॥
भगन्दरः स सर्वांश्च दारयत्यक्रियावतः । भगवस्तिगुदांस्तेषु दीर्यमाणेषु भूरिभिः ॥
वातमूत्रशकृच्छुक्रं खैः सूक्ष्मैर्वमति क्रमात् ।

काठी वा गद्दा नहाली हात्ती वा घोडा चढेर हिँड्नाले, साह्रो आसनमा बस्नाले, उत्कटासनमा बस्नाले (दुवै गोडाका बूढीऔँलालाई जमिनका टेकाएर दुवै गोडाको कुर्कुचालाई नजोडी माथितिर उठाउनू । आफ्ना गुप्ताङ्गलाई लगेर तिनै कुर्कुचामाथि टेकाउनू । यो आसनलाई उत्कटासन भनिन्छ ।-घेरण्ड संहिता), हर्सा हुने कारण गर्नाले, अन्य शरीरलाई अहित गर्ने कुरा खानपिन गर्नाले, पूर्वजन्मको पापले र साधुजनलाई निन्दा गर्नाले प्रायः मलद्वारको एक वा दुई अमल वरिपरिको भागमा फोका वा खटिरा आउँदछ । पाकेपछि त्यसको घाउ भित्र वा बाहिरतिर हुन्छ । यस्तो खटिरा दूषित रगत र

मासुमा हुने गर्दछ । यो मूत्राशय नजिकैको भागमा हुने हुनाले यसबाट तरल पदार्थ बगिरहन्छ । यस्तो अवस्थामा यो खटिरालाई "भगन्दर" भनिन्छ । यदि बेलैमा उपचार गरिएन भने सबै खालका भगन्दरले गुप्ताङ्ग, मूत्राशय र मलद्वार थङथिलो बनाउन थाल्दछ । यी अङ्ग थङथिलो भएपछि ससाना अनेक प्वालबाट अपानवायु, पिसाब, दिसा र वीर्य समेत निस्कन थाल्दछ ।

दोषैः पृथग्युतैः सर्वैरागन्तुः सोऽष्टमः स्मृतः॥

दोषले हुने (वातजन्य, पित्तजन्य र कफजन्य), दुई दोष मिलेर हुने (वातपित्तजन्य वा परिक्षेपी, वातकफजन्य वा ऋजु र पित्तकफजन्य वा अर्शोज), त्रिदोषजन्य (शम्बूकावर्त्त) र आगन्तु (क्षतज) गरी आठ प्रकारका हुन्छन् ।

अपक्वं पिटिकामाहुः पाकप्राप्तं भगन्दरम् । गूढमूलां ससंरम्भां रुगाढ्यां रूढकोपिनीम्॥
भगन्दरकरीं विद्यात् पिटिकां न त्वतोऽन्यथा ।

यसरी आउने खटिरा पाकेर नफुट्दासम्म त्यसलाई पिटिका वा पिलो भनिन्छ । पाकेर फुट्न थालेपछि त्यसलाई भगन्दर भनिन्छ । भित्रसम्म जरा पसेको, भुक्क उठेको, दुख्ने र जरो आदि सह-रोग निकाल्ने खालका पिलोले भगन्दर निकाल्दछ । यस बाहेकका खटिरालाई पिलो नै भनिन्छ ।

तेषु रुग्दाहकण्ड्वादीन् विद्याद् व्रणनिषेधतः ।

भगन्दरका वेदना, डाह, चिलाई आदि लक्षण व्रणप्रतिषेध अध्यायमा बताइए जस्तै हुन्छ ।

(ख) **अष्टाङ्ग हृदय :**

अतिस्थौल्याऽपचीमेहज्वरोदरभगन्दरान् । कास-सन्न्यास-कृच्छ्रामकुष्ठादीन् अतिदारुणान्॥

अति मोटोपन वा भद्दा मोटोपन, खानपिन नपच्ने अपची रोग, प्रमेह, जरो, उदररोग, भगन्दर, खोकी, सन्यास, मूत्रकृच्छ्र, आमवात र कुष्ठ : यी सन्तर्पण जनित अति मोटोपनले निकाल्ने डरलाग्दा रोगहरू हुन् ।

(ग) **चरक संहिता :**

कृमेस्तृणादिक्षणनव्यवायप्रवाहणात्युत्कटुकाश्वपृष्ठैः ।
गुदस्य पार्श्वे पिडका भृशार्तिः पक्वप्रभिन्ना तु भगन्दरः स्यात्॥

कीरा, छेस्का आदि बिझेर, मैथुन, दिसा आदि गर्दा कनेर गर्नाले, टुक्रुक्क बसिरहने गर्नाले र घोडा

माथि चढेर धेरै यात्रा गर्नाले मलद्वारको छेउछाउमा अति दुख्ने खालका खटिरा आउँदछन् । यस्तो खटिरा पाकेर फुट्न थालेपछि त्यसलाई "भगन्दर" भनिन्छ ।

(घ) **चिकित्सा कलिका :**

वातेन पित्तेन कफेन सर्वैः क्षतेन च स्युर्गुदसन्निकृष्टाः ।
भगन्दराख्याः पिटिकाः प्रपक्वा बहुव्रणाः कष्टतमाः प्रदिष्टाः ॥

वात, पित्त, कफ, सन्निपात र क्षतले गर्दा मलद्वारका चारैतिर दुई अमलको क्षेत्रमा आउने भित्रसम्म जरा जाने र पाक्ने खालका खटिरालाई "भगन्दर" भनिन्छ । यी खटिरा धेरै घाउ निकाल्ने, पाक्ने र कठिनताले निको हुने खालका हुन्छन् ।

तस्याः प्रकाराः शतपोनकोष्ट्रग्रीवापरिस्राविकृताः क्रमेण ।
शम्बूकिकोन्मार्गगता ....॥

यिनलाई क्रमशः शतपोनक, उष्ट्रग्रीव, परिस्रावि, शम्बूकिक र उन्मार्गी भनिन्छ ।

(ङ) **भावप्रकाश संहिता :**

गुदस्य द्व्यङ्गुले क्षेत्रे पार्श्वतः पिडकाऽऽर्त्तिकृत् । भिन्नो भगन्दरो ज्ञेयः स च पञ्चविधो भवेत् ॥
(आर्तिकृत्-पीडाकृत् । पञ्चविधः-वातिकपैत्तिकश्लैष्मिकसान्निपातिकशल्यजभेदैः) ।

मलद्वारको आसपासको दुई अमल भागमा आउने पीडादायक र फुट्ने खालको खटिरालाई "भगन्दर" भनिन्छ । यो (वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोषजन्य र शल्यजन्य) गरी पाँच किसिमको हुन्छ ।

भगं परिसमन्ताच्च गुदं वस्तिं तथैव च । भगवद्दारयेद्यस्मात्तस्मादेष भगन्दरः ॥
(भजन्त्यनेनेतिभगो मेहनम् । भजन्त्यस्मिन्निति भगः योनिः ।
अत्र भगशब्देन द्वयमपि कथ्यते । भगवद्योनिवत्) ।

भोजका अनुसार-"मलद्वार र मूत्राशयको चारैतिर स्त्री-जननेन्द्रिय जसरी फुटाउने हुनाले यो रोगलाई "भगन्दर" भनिएको हो ।

(च) **माधव निदान :**

गुदस्य द्व्यङ्गुले क्षेत्रे पार्श्वतः पिडकाऽऽर्तिकृत् । भिन्ना भगन्दरो ज्ञेयः स च पञ्चविधो मतः ॥

मलद्वारका चारैतिर दुई अमल भित्रको भागमा आउने, पीडादायक र फुट्ने फोकालाई "भगन्दर" भनिन्छ । यो वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोजन्य र आगन्तुक गरी पाँच प्रकारको हुन्छ ।

(छ) **योग रत्नाकर :**

वातपित्तकफैस्त्रेधा चतुर्थः सन्निपाततः । उन्मार्गगः पञ्चमः स्यादेवं पञ्चविधो मतः ॥

वातजन्य, पित्तजन्य र कफजन्य गरी तीन; सन्निपातजन्य एक तथा पाँचौं उन्मार्गगः यसरी भगन्दर पाँच किसिमका हुन्छन् ।

(ज) **योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

गुदस्य द्व्यङ्गुले क्षेत्रे पार्श्वतः पिटिकाऽऽर्तिकृत् । भिन्ना भगन्दरो ज्ञेयः स च पञ्चविधो मतः ॥

मलद्वारको दुई अमल वरिपरिको क्षेत्रमा आउने दुख्ने र फुट्ने खालको खटिरा वा पिलोलाई भगन्दर भनिन्छ । यो पाँच प्रकारको हुन्छ ।

(झ) **रसरत्न समुच्चय :**

गुदस्य पार्श्वे पिटिकार्तिकारी शोफादियुक्तः स भगन्दरः स्यात् ॥ वृषणासनयोर्मध्ये प्रदेशो भग उच्यते । तमेव दारयत्यस्माद्भगन्दर इतिस्मृतः ॥

मलद्वारको छेउमा पहिले एक किसिमको खटिरा निस्कन्छ । यसपछि अति दुख्ने, सुन्निने र अनेक थरी सह-रोग निस्कने गर्दछ । अनि यसबाट पानी जस्तो पदार्थ बग्न थाल्दछ । यसलाई "भगन्दर" भनिन्छ । अण्डकोष र बस्ने भागको बीचलाई पनि "भग" भनिन्छ । त्यो भागलाई छियाछिया बनाउने गरी आउने हुनाले यस्तो खटिरालाई "भगन्दर" भन्ने गरिन्छ ।

(ञ) **राज निघण्टु :**

व्रणो भगप्रदेशे यः स भगन्दरनामकः ॥

गुदद्वार वा योनिद्वार र तल्लोपेटको बीचमा पैदा हुने र फुटेपछि अत्यन्त पीडा हुने खटिरोलाई भगन्दर भनिन्छ । (गुदद्वार र अण्डकोषको बीचको भागलाई (पनि) भग भनिन्छ) ।

(ट) **रावणसंहिता :**

पुरुषवा स्त्रीको जननेन्द्रियभन्दा मुनि र मलद्वारभन्दा माथिवात आदि दोषले त्यही अनुसारका रङ्को

खटिरा आएर पाक्ने गर्दछ । पाकेपछि यसले मलद्वारदेखि जननेन्द्रियसम्मका भागलाई चिर्दछ । यस्तो रोगलाई भगन्दर भनेर चिनिन्छ ।

(ठ) **शार्ङ्गधर संहिता :**

...तथाऽष्टौ स्युर्भगन्दराः । शतपोनस्तु पवनादुष्ट्रग्रीवस्तु पित्ततः ॥
परिस्रावी कफाज्ज्ञेय ऋजुर्वातकफोद्भवः । परिक्षेपी मरुत्पित्तादर्शोजः कफपित्ततः ॥
आगन्तुजातश्चोन्मार्गी शङ्खावर्तस्त्रिदोषजः ।

भगन्दर रोग आठ प्रकारका हुन्छन् । वातविकारबाट शतपोनक, पित्तविकारबाट उष्ट्रग्रीव, कफविकारबाट परिस्रावी, वातकफ विकारबाट ऋजु, वातपित्तविकारबाट परिक्षेपी, कफपित्तविकारबाट अर्शोज, बाहिरी कारणबाट उन्मार्गी र त्रिदोषबाट शङ्खावर्त नामको भगन्दर हुन्छ ।

(ड) **सुश्रुत संहिता :**

वातपित्तश्लेष्मसन्निपातागन्तुनिमित्ताः शतपोनकोष्ट्रग्रीवपरिस्राविशम्बूकावर्तोन्मार्गिणो यथासंख्यं पञ्च भगन्दरा भवन्ति । ते तु भगगुदबस्तिप्रदेशदारणाच्च भगन्दरा इत्युच्यन्ते । अभिन्नाः पिडकाः भिन्नास्तु भगन्दराः ॥

वात, पित्त, कफ, सन्निपात र आगन्तुक कारणले हुनेगरी पाँच प्रकारका भगन्दर हुन्छन् । यिनलाई शतपोनक, उष्ट्रग्रीव, परिस्रावी, शम्बूकावर्त्त र उन्मार्गी पनि भनिन्छ । यस्ता खटिराले जननेन्द्रिय, मलद्वार र तल्लोपेट वा मूत्राशय फुटाउँदछन् त्यसैले "भगन्दर" भनिन्छ । नपाक्दासम्मका यस्ता खटिरालाई "खटिरा" नै भनिन्छ भने पाकेर फुट्न थालेपछि "भगन्दर" भनिन्छ ।

भवन्ति चात्र-
उत्पद्यतेऽल्परुक् शोफात् क्षिप्रं चाप्युपशाम्यति ।
पाय्वन्तदेशे पिडका सा ज्ञेयाऽन्या भगन्दरात् ॥
पायोः स्याद् द्व्यङ्गुले देशे गूढमूला सरुग्ज्वरा ।
भागन्दरीति विज्ञेया पिडकाऽतो विपर्ययात् ॥

भनिएको पनि छ कि-
सुजनका कारणले कम दुख्ने र चाँडै शान्त हुने खालका जुन् खटिरा मलद्वार क्षेत्रमा आउँदछ, त्यो भगन्दरभन्दा फरक हुने गर्दछ । मलद्वारको दुई अमल वरिपरिको भागमा भित्रसम्मजरा भएको, दुख्ने र जरो समेत फुटाउने खालको जुन खटिरा निस्कन्छ, त्यसलाई भने उल्लेखितभन्दा फरक खालको र भगन्दर निकाल्ने खटिरा भनी थाहा पाउनु पर्दछ ।

(ढ) **हारांत सांहिता :**

स्वकुलजाप्रसङ्गाच्च जायते च भगन्दरः ।

आफ्ना कुलमा जन्मने स्त्रीलाई गमन गरे भगन्दर हुन्छ ।

(ण) **हंसराज निदान :**

गुदतः परितो द्वितयेङ्गुलके पिडिकार्तिकरो रतिकृज्ज्वरदः ।
भगदारणको रुधिरेण युतो मुनिर्गदितस्तु भगन्दररुक् ॥

मलद्वारको चारैतिर जननेन्द्रिय र मलद्वारको बीचमा दुई अमलको क्षेत्रमा दुःखदायक, बिरामी बनाउने, जरो समेत निकाल्ने, स्त्री-जननेन्द्रिय जसरी फुट्ने, रगत मिसिएको खटिरालाई "भगन्दर" भनिन्छ ।

भगन्दरका पूर्वलक्षणहरू

(क) **योग रत्नाकर :**

कटीकपालनिस्तोददाहकण्डूरुजादयः ।

भवन्ति पूर्वरूपाणि भविष्यति भगन्दरे ॥

कण्डेउलो दुख्नु तथा मलद्वार रहेको भागमा डाह हुनु, चिलाउनु र दुख्नु : यी भगन्दरका पूर्वलक्षणहरू हुन् ।

(ख) **सुश्रुत संहिता :**

तेषां तु पूर्वरूपाणि-कटीकपालवेदना कण्डूर्दाहः शोपश्चच गुदस्य भवति ॥

कण्डेउलो (फिलामा तीन वटा हाड जोडिएको भाग) दुख्नु तथा मलद्वार क्षेत्रमा चिलाउनु, डाह हुनु र सुन्निनु : यी भगन्दर हुनुपूर्व देखिने लक्षणहरू हुन् ।

यानयानान्मलोत्सर्गात् कण्डूरुग्दाहशोफवान् ।
पायुर्भवेद्रुजः कट्यां पूर्वरूपं भगन्दरे ॥

लामो समय सवारी साधन चढ्नाले वा दिसा गर्दा (बल गर्नाले) पहिले मलद्वार क्षेत्रमा चिलाउने, पोल्ने, दुख्ने र सुन्निने गर्दछ तथा अन्य खालका पीडा हुने गर्दछ । यी भगन्दरको पूर्वलक्षणहरू हुन् ।

भगन्दरलाइ सकेसम्म पाक्न नांदनू

(क) **अष्टाङ्ग सङ्ग्रह :**

अथ भगन्दरिणमपक्वपिटकं पाकपरिहारार्थमपतर्पणेन व्रणप्रतिषेधविहितेन शीघ्रमुपाचरेत्॥

भगन्दर रोगका खटिरा आउनासाथ नपाक्दै तुरुन्त भोको बस्ने आदि जस्ता व्रणप्रतिषेध अध्यायमा बताइएका उपाय गरी पाक्नबाट जोगाउनु पर्दछ ।

(ख) **अष्टाङ्ग हृदय :**

अथाऽस्य पिटिकामेव तथा यत्ना(श्वा)दुपाचरेत्॥ शुद्ध्यसृक्स्रुतिसेकाद्यैर्यथा पाकं न गच्छति ।

भगन्दर लागेपछि खटिरामा जसरी शरीर प्रशोधन, रगत बगाउने कार्य, शीतल पदार्थले पखाल्ने कार्य, लेप दल्ने कार्य आदि जे गर्दा पाक्दैन ती उपाय गर्नुपर्दछ ।

(ग) **चक्रदत्त :**

गुदस्य श्वयथुं ज्ञात्वा (दृष्ट्वा) विशोष्य शोधयेत्ततः । रक्तावशेषचनं कार्यं यथा पाकं न गच्छति॥

मलद्वारको भगन्दर हुने क्षेत्रमा सुन्निएको थाहा हुनासाथ रोगीलाई भोकै राख्ने, ओखती खुवाएर बान्ता गराउने तथा दिसा लगाउने कार्य गरी शरीरलाई प्रशोधन गराउनु पर्दछ । रगत निकाल्ने जस्ता कार्य गरी पाक्न नदिने उपाय अपनाउनु पर्दछ ।

(घ) **चक्रदत्त, भावप्रकाश संहिता :**

पिडिकानाम पक्वानामपतर्पणपूर्वकम् । कर्म कुर्याद्विरेकान्तं ...॥

भगन्दरको खटिरा वा सुजन नपाकेको अवस्थासम्म भोकै बस्ने (लङ्घन) देखि ओखती खाएर दिसा लगाउनेसम्मका कार्य गरिरहनु पर्दछ ।

(ङ) **चिकित्साकलिका :**

... भिषग्भिस्तथा चिकित्सा न यथैति पाकम्॥

वैद्यले भगन्दरलाई पाक्न नदिने गरी उपचार गर्नू ।

हिताजलौकोभिरसृग्विशुद्धिः प्राक् पाकतः स्यादचिरोद्गतायाः ।

पाक्न नथालेको भगन्दरको खटिरा वा सुजनबाट जूकाले टोकाई बिग्रेको रगत बाहिर निकाल्नु पर्दछ ।

(च) **भावप्रकाश संहिता :**

अथास्य पिडकामेव तथा यत्नादुपाचरेत् । शुद्धास्रप्रतिसेकाद्यैर्यथा पाकं न गच्छति ॥

भगन्दरका खटिरा आउन लागेको थाहा पाउनासाथ त्यसलाई पाक्न नदिनका लागि सम्भव भएसम्मका उपाय अपनाउनु पर्दछ । शरीर प्रशोधन गर्ने कार्य तथा रगत निकाल्ने कार्य गर्नाले आएको खटिरा वा सुजन पाक्न पाउँदैन ।

(छ) **भैषज्य रत्नावली :**

गुदस्य श्वयथुं दृष्ट्वा विशोष्य शोधयेत्ततः । रक्तावशेचनं कार्यं यथा पाकं न गच्छति ॥

मलद्वारमा सुजन हुनासाथ तुरुन्त रोगीलाई भोकै राखी ओखती खुवाएर दिसा लगाई उक्त सुजनलाई सुकाउनु पर्दछ । यसो गर्दा सुजन बसेन भने त्यो भागमा जूकाले टोकाएर रगत निकाल्नू । यसो गर्नाले सुन्निएको भाग पाक्न पाउँदैन ।

आमे संशोधनं लेपो लङ्घनं रक्तमोक्षणम् ।

भगन्दर नपाक्दासम्म शरीर प्रशोधन, ओखतीको लेप दल्ने, रोगीलाई उपवास बसाउने, खटिरा आएका स्थानबाट रगत निकाल्ने आदि जस्ता उपचार गर्नु हितकर हुन्छ ।

(ज) **योगरत्नाकर :**

पिटिकानामपक्वानामपतर्पणपूर्वकम् । कर्म कुर्याद्विरेकान्ते ...॥

भगन्दरको खटिरा वा सुजन नपाकेको अवस्थासम्म भोकै बस्ने (लङ्घन) देखि ओखती खाएर दिसा लगाउनेसम्मका कार्य गरिरहनु पर्दछ । (यसपछि अन्य उपचार गर्नू) ।

आमे संशोधनं लेपो लङ्घनं रक्तमोक्षणम् ।

नपाकेको भगन्दरमा संशोधनका कार्य, लेप, उपवास र रगत निकाल्ने कार्य गर्नू ।

(झ) **रसरत्नसमुच्चय :**

आदौ सर्वप्रयत्नेन पाकं रक्षेद्भगन्दरे ।

भगन्दर रोगमा सबभन्दा पहिले तो सबै उपचार गर्नुपर्दछ जुन उपचारले खटिरा पाक्दैन ।

(ञ) **रसरत्नाकर :**

लङ्घनस्वेदनालेपविम्लापनविरेचनैः । रक्तमोक्षादिभिः शीघ्रं गुदजां पिडकां जयेत्॥
तथा यत्नं भिषक्कुर्याद्यथापाकं न गच्छति । वटपत्रेष्टकाशुण्ठीगुडूच्यः सपुनर्नवाः॥
सुपिष्टा पिडकारम्भे लेपः सस्तो भगन्दरे ।

भोको राख्ने, सेकेर पसिना निकाल्ने, लेप दल्ने, मालिस गर्ने, दिसा लगाउने र रगत निकाल्ने आदि कार्य गरी नपाकेका मलद्वारमा आएका खटिरा ठिक पार्नुपर्दछ । वैद्यले यस्ता खटिरा पाक्न नदिन सम्भव भएसम्मका विधि प्रयोग गर्नू । बरका पात, ईँटको धूलो, सुठो, गुर्जो र पुनर्नवा मिसाएर पिसी मलम बनाएर दल्नू, आराम हुन्छ ।

पूयञ्च हरयेत्पक्वं कष्टसाध्यो भगन्दरः । आदौ सर्वप्रयत्नेन पाकं रक्षेद्भगन्दरे॥

भगन्दर पाकेका पीप निकाल्नू, यस्तो भगन्दर कठिनाइले निको हुन्छ । शुरुमा नै भगन्दर पाक्न नदिन हरसम्भव उपाय गर्नू ।

(ट) **रावण संहिता :**

जतिखेर मलद्वारको दुई अमल माथि सुन्निन थाल्दछ, त्यतिखेर नै भोको बस्ने, ओखती खाएर बान्ता गर्ने वा दिसा लगाउने आदि कार्य गरी शरीरलाई शोधन गर्नू । त्यसपछि त्यस्तो स्थानमा जम्मा भएको खराब रगतलाई जुकाले टोकाएर (वा अन्य माध्यमले) बाहिर निकाल्नू । यसो गर्नाले खटिरा पाक्न पाउँदैन ।
नपाकेका भगन्दरका खटिरामा बरका पात, ईँटको मसिनो धूलो, सुठो, गुरुच ? र पुनर्नवा बराबर मिसाई पिसेर मलमजस्तो बनाई दल्ने गर्नू । नपाकेसम्म भोकै बस्नेदेखि दिसा लगाउनेसम्मका कार्य गरिरहनू ।

(ठ) **वङ्गसेन आयुर्वेद :**

अथास्य पिटिकामेव तथा यत्नादुपाचरेत् । शुद्धासृग्प्रतिसेकाद्यैर्यथा पाकं न गच्छति॥

भगन्दरका खटिरा आउन लागेको थाहा पाउनासाथ त्यसलाई पाक्न नदिनका लागि सम्भव भएसम्मका उपाय अपनाउनु पर्दछ । शरीर प्रशोधन गर्ने कार्य तथा रगत निकाल्ने कार्य गर्नाले आएको खटिरा वा सुजन पाक्न पाउँदैन ।

पिटिकानामपक्वानामपतर्पणपूर्वकम् । कर्म कुर्याद्विरेकान्ते ...॥

भगन्दरको खटिरा वा सुजन नपाकेको अवस्थासम्म भोकै बस्ने (लङ्घन) देखि ओखती खाएर दिसा

लगाउनेसम्मका कार्य गरिरहनु पर्दछ । (यसपछि अन्य उपचार गर्नू) ।

(ङ) **वैद्यरहस्य :**

अथास्यपिडकानेव तथा यत्नादुपाचरेत् । शुद्ध्यस्रश्रुतिसेकाद्यैर्यथापाकं न गच्छति ॥

भगन्दरमा खटिरालाई वैद्यले प्रयत्नपूर्वक उपचार गर्नू । रगत निकाल्ने, ओखती पानी छर्कने आदि जस्ता विधि अपनाई खटिरालाई सम्भव भएसम्म पाक्न नदिनू ।

(ढ) **सुश्रुत संहिता :**

तत्र भगन्दरपिडकोपद्रुतमातुरमपतर्पणादिविरेचनान्तेनैकादशविधेनोपक्रमेणोपक्रमेत्...।

नपाकेको भगन्दरलाई भोको राख्नेदेखि दिसा लगाउनेसम्मका एघार प्रकार (चि०अ०१, सूत्र ८, अपतर्पण वा उपवास, आलेप वा लेप दल्ने कार्य, परिषेक वा ओखती मिसिएको पानीले पखाल्ने वा पानी छर्कने कार्य, अभ्यङ्ग वा ओखती मिसाइएको तेल दल्ने कार्य, स्वेद वा सेकेर पसिना निकाल्ने कार्य, विम्लापन वा माडेर सुकाउने कार्य, उपनाह वा विशेष किसिमका पोकोले सेक्ने कार्य, पाचन वा खानपन पचाउने ओखती प्रयोग गर्ने कार्य, विलावण वा विशेष किसिमले माड्ने कार्य, स्नेहन वा चिल्लो खुवाउने कार्य र वमन वा बान्ता गराउने कार्य) का उपायले उपचार गर्नू ।

कफजन्य (परिस्राविण) भगन्दर

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

स्थिरा स्निग्धा महामूला पाण्डुः कण्डूमती कफात् । बहुपिच्छापरिस्रावी परिस्रावी कफोद्भवः ॥

साह्रो, चिल्लो, चाक्लो मुख भएका, सेतो र चिलाउने खालको खटिरा आउने भगन्दरलाई कफजन्य भगन्दर भनिन्छ । यस्तो पाकेपछि अधिक मात्रामा लेस्याइलो पदार्थ बगिरहने कफजन्य भगन्दरलाई "परिस्रावी" भनिन्छ ।

(ख) **भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

कण्डूयनो घनस्रावी कठिनो मन्दवेदनः । श्वेतावभासः कफजः परिस्रावी भगन्दरः ॥

चिलाउने, बाक्लो पदार्थ बहने, साह्रो, अलिअलि दुख्ने र सेतो खालको मलद्वार क्षेत्रमा आउने खटिरालाई "कफजन्य वाा परिस्रावी भगन्दर" भनिन्छ । (निरन्तर बाक्लो पदार्थ बगिरहने हुनाले यसलाई परिस्रावी भनिएको हो) ।

(ग) सुश्रुत सांहेता :

श्लेष्मा तु प्रकुपितः समीरणेनाधः प्रेरितः पूर्ववदवस्थितः शुक्लावभासां स्थिरां कण्डूमतीं पिडकां जनयति, साऽस्य कण्ड्वादीन् वेदनाविशेषाञ्जनयति, अप्रतिक्रियमाणा च पाकमुपैति व्रणश्च कठिनः संरम्भी कण्डूप्रायः, पिच्छिलमजस्रमास्रावं स्रवति, उपेक्षितश्च वातमूत्रपुरीषरेतांसि विसृजति, तं भगन्दरं परिस्राविणमित्याचक्षते॥

शरीर भित्र रहेको कफ वा विशेष लेस्याइलो पदार्थ विभिन्न कारणले उत्तेजित र दूषित भउको अवस्थामा शरीर भित्रकै वायुले त्यसलाई धकेल्दै जब जननेन्द्रिय र मलद्वारमा लगेर थुपार्दछ तब त्यहाँ सेतो रङको, स्थिर र चिलाउने खालको खटिरा निस्कन थाल्दछ । यस्तो खटिराले चिलाउने आदि पीडा निकाल्दछ । यस्तो खटिरा बेलैमा उपचार भएन भने पाक्न थाल्दछ । यो खटिरा साह्रो, रमरम गरेर दुखिरहने र अति नै चिलाउने खालको हुन्छ । यसबाट पाकेपछि लगातार चिल्लो पदार्थ बगिरहन थाल्दछ । यसपछि पनि बेवास्ता गरिए त्यो खटिराबाट हावा, पिसाब, दिसा र वीर्य निस्कन थाल्दछ । यस्तो खालको भगन्दरलाई "परिस्रावी" भनिन्छ ।

कफपित्तजन्य भगन्दर

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफपित्ते तु पूर्वोत्थं दुर्नामाश्रित्य कुप्यतः॥ अर्शोमूले ततः शोफः कण्डूदाहादिमान् भवेत् ।
स शीघ्रं पक्वभिन्नोऽस्य क्लेदयन् मूलमर्शसः॥ स्रवत्यजस्रं गतिभिरयमर्शोभगन्दरः ।

हर्साको आश्रय लिई हर्साको टुसाको जरामा कफ र पित्त उत्तेजित एवं दूषित हुनाले त्यहाँ सुजन हुन्छ । त्यो सुजन चिलाउन र दुख्न थाल्दछ । यो सुजन चाँडै पाकी फुट्दछ । अनि हर्साको फेद कुहिन थाल्दछ । त्यसपछि त्यहाँ बन्ने प्वालबाट निरन्तर पदार्थ बगिरहन थाल्दछ । यस्तो भगन्दरलाई "अर्शोभगन्दर" भनिन्छ ।

कफवातजन्य भगन्दर (ऋजु)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पाण्डुराः किञ्चिदाश्यावा कृच्छ्रपाका कफानिलात् । ऋजुर्वातकफादृज्व्या गुदो गत्या तु दीर्यते ।

सेतो वा पहेँलो केही कालो र कष्टसँग ढिलो पाक्ने खालको भगन्दरलाई कफवातजन्य भगन्दर भनिन्छ । वातकफजन्य यो भगन्दरलाई "ऋजु" भनिन्छ । यसमा घाउ को गति सिधा भई मलद्वार फुट्ने गर्दछ ।

पित्तजन्य (उष्ट्रग्रीव) भगन्दर रोग
(A kind of anal fistula)

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

...पित्तादुष्ट्रग्रीवावदुच्छ्रिता । रागिणी तनुरूष्माढ्या ज्वरधूमायनान्विता॥
...उष्ट्रग्रीवस्तु पित्तजः ।

पित्तजन्य भगन्दरमा उँटको घाँटीजस्तो उठेको, रातोपनले युक्त, पातलो, डाह गर्ने, जरो निकाल्ने र रोगस्लाई घाउबाट धुवाँ आइरहेको भान हुने गर्दछ । पित्तजन्य भगन्दरलाई "उष्ट्रग्रीव" भनिन्छ ।

(ख) **भावप्रकाश संहिता :**

प्रकोपनैः पित्तमतिप्रकोपितं करोति रक्तां पिडकां गुदं गताम् ।
तदाऽऽशुपाकाऽहिमपूतिवाहिनीं भगन्दरं चोष्ट्रशिरोधरं वदेत्॥
(आशुपाकाम्-शीघ्रपाकाम् । अहिमपूतिवाहिनीं-उष्णदुर्गन्धवाहिनी च । तदा भगन्दरमुष्ट्र शिरोधरं वदेत् । उष्ट्रग्रीवसंज्ञा च पिडिकावस्थागतगलवक्रतया उष्ट्रग्रीवाकारत्वेन) ।

पित्तलाई उत्तेजित र दूषित बनाउने पदार्थले दूषित हुन पुगेको पित्तले मलद्वारको आसपासका क्षेत्रमा पुगी राता खटिरा निकाल्दछ । यस्तो खटिरा तुरुन्त पाक्दछ र यसबाट तातो र गनाउने पीप बहन थाल्दछ । यस्तो खटिरा हुने भगन्दरलाई "उष्ट्रग्रीव" भनिन्छ । यस्ता खटिराको आकार उँटको घाँटीजस्तो हुन्छ, यसैले यसलाई उष्ट्रग्रीव भन्ने गरिन्छ ।

(ग) **माधव निदान :**

प्रकोपणैः पित्तमतिप्रकोपितं करोति रक्तां पिडकां गुदाश्रिताम्॥
तदाऽऽशुपाकाऽहिमपूतिवाहिनीं भगन्दरं तूष्ट्रशिरोधरं वदेत् ॥

आफ्नै कारणले उत्तेजित र दूषित हुने पुगेको शरीर भित्र रहेको पित्त मलद्वार क्षेत्रको नजिक पुगी राता रङका खटिरा वा पिलो निकाल्दछ । चाँडै पाक्ने खालको यस्तो तातो र गनाउने पदार्थ बहने खालको पिलोलाई "पित्तजन्य वा उष्ट्रग्रीव भगन्दर" भनिन्छ । (यसको आकार उँटको घाँटीजस्तो हुने कारणले यसलाई उष्ट्रग्रीव भनिएको हो) ।

(घ) **योग रत्नाकर :**

प्रकोपणैः पित्तमतिप्रकोपितं करोति रक्तां पिडकां गुदार्तिदाम् ।
तदाऽऽशुपाकाऽहिमपूतिवाहिनीं भगन्दरं तूष्ट्रशिरोधरं वदेत् ॥

आफ्नै कारणले उत्तेजित र दूषित हुने पुगेको शरीर भित्र रहेको पित्त मलद्वार क्षेत्रको नजिक पुगी दुखाउने खालको राता रङ्का खटिरा वा पिलो निकाल्दछ । चाँडै पाक्ने खालको यस्तो तातो र गनाउने पदार्थ बह्ने खालको पिलोलाई "पित्तजन्य वा उष्ट्रग्रीव भगन्दर" भनिन्छ । (यसको आकार उँटको घाँटीजस्तो हुने कारणले यसलाई उष्ट्रग्रीव भनिएको हो) ।

(ङ) **वङ्गसेन आयुर्वेद :**

प्रकोपनैः पित्तमतिप्रकोपितं करोति रक्तां पिटिकां गुदश्रिताम् ।
तदाशु पाकां हिमपूयवाहिनीं भगन्दरं चोष्ट्रशिरोधरं वदेत्॥

अति धेरै पित्त बढाउने खालका पदार्थ खानपिन गर्नाले शरीर भित्र रहेको पित्त उत्तेजित र दूषित भई मलद्वार नजिकै रातो रङ्का, चाँडै पाक्ने खालको, तातो पदार्थ बह्ने र उँटको गर्धन जस्तो खटिरा निस्कन्छ भने त्यसलाई "उष्ट्रशिरोधर" भनिन्छ ।

(च) **सुश्रुत संहिता :**

पित्तं तु प्रकुपितमनिलेनाधः प्रेरितं पूर्ववदवस्थितं रक्तां तन्वीमुच्छ्रितामुष्ट्रग्रीवाकारां पिडकां जनयति; साऽस्य चोषादीन् वेदनाविशेषाञ्जनयति; अप्रतिक्रियमाणा च पाकमुपैति; व्रणश्चाग्निक्षाराभ्यामिव दह्यते दुर्गन्धमुष्णमास्रावं स्रवति, उपेक्षितश्च वातमूत्रपुरीषरेतांसि विसृजति; तं भगन्दरमुष्ट्रग्रीवमित्याचक्षते॥

वायुले तलतिर जान अभिप्रेरित गरेको उत्तेजित पित्त पहिलेको जसरी नै (मलद्वारको चारैतिर एक अमल वा दुई अमल) रहेर राता रङ्का साना, उठेका, उँटको घाँटी जस्ता आकारका फोकाहरू उत्पन्न गराउँदछ । यस्ता फोकाले डाह लगायतका अन्य पित्तजनित पीडा गराउने खालको हुन्छ । बेलैमा यसको प्रतिकार वा उपचार गरिएन भने यो पाक्दछ । पाकेर फुटेपछि बनेको घाउमा आगो वा क्षारले पोलेजस्तो जलन हुन्छ । यसबाट गनाउने र तातो रस बह्ने गर्दछ । यसलाई वास्ता नगरिए यसैबाट हावा, पिसाब, दिसा र वीर्य समेत बहन थाल्दछ । यस्तो खालको भगन्दर रोगलाई "उष्ट्रग्रीव भगन्दर" भनिन्छ ।

(छ) **हंसराज निदान :**

भगन्दरोतिदारुणः करोति पित्तजोऽहितं गुदे च पैडिकारुणा पाकदुःखभूमिका ।
अनेकधामुखाखरास्तुपूयशोणितावहाः कटौ व्यथामनेकधामपानकोपतो भवाम्॥

अति पीडादायक, दुख्ने, रातो रङ्का, पाक्ने, अनेक मुख भएका, खस्रा, पिप र रगत बह्ने र कम्मर दुखाउने खालको पित्तजन्य भगन्दर पनि अपानवायु दूषित भएर निस्कने गर्दछ ।

वातिक (शतपोनक) भगन्दर
(Multiple Fistulae)

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

तत्र श्यावारुणा तोदभेदस्फुरणरुक्करी ॥ पिटिका मारुतात् ...।

वातजन्य भगन्दरका खटिरा आउँदा कालो-अरुण वर्णको, पीडादायक, छेडेजसरी दुख्ने, फरफराउने र दुख्ने गर्दछ ।

व्रणतां यान्ति ताः पक्वाः प्रमादात् तत्र वातजा ॥ चीयतेऽणुमुखैश्छिद्रैः शतपोनकवत् क्रमात् ।
अच्छं स्रवद्भिरास्रावमजस्रं फेनसंयुतम् ॥ शतपोनकसंज्ञोऽयम् ....।

उचित उपचार नगर्नाले पिलो पाकेर फुट्दछ र घाउ बन्न जान्छ । वातजन्य भगन्दरमा फुटेपछि चाल्नुका प्वालजस्ता ससाना मुख भएका अनेक प्वालहरू देखिन्छन् । ती प्वालबाट सफा वा फिँजसहितको पदार्थ बगिरहने गर्दछ । यस्तो भगन्दरलाई "शतपोनक" भनिन्छ ।

(ख) **भावप्रकाश संहिता :**

कषायरुक्षैरतिकोपितोऽनिलस्त्वपानदेशे पिडिकां करोति याम्
उपेक्षणात्पाकमुपैति दारुणं रुजा च भिन्नारुणफेनवाहिनी ।
तत्रागमो मूत्रपुरीषरेतसां व्रणैरनेकैः शतपोनकं वदेत् ॥
(दारुणम्-अति कठिनम् । व्रणैरनेकैः-सूक्ष्ममुखैः । शतपोनकश्चालनी तत्तुल्यम्) ।

टर्रो र सुक्खा पदार्थ धेरै खानपिन गरेका कारण अति नै उत्तेजित र दूषित हुन पुगेको शरीर भित्रको वायु मलद्वार क्षेत्रमा पुगेर त्यहाँ खटिरा निकाल्दछ । वास्ता नगर्दा यो कडा तरिकाले पाक्न थाल्दछ र दुख्दछ । त्यसपछि फुट्दछ र रातो रङको फिँज बहन थाल्दछ । यसबाट पिसाब, दिसा र वीर्य निस्कन थाल्दछ । यसरी आउने अनेकौं खटिराका धेरै साना मुख हुन्छन् । यसले गर्दा यो भाग चाल्नु (शतपोनक) जस्तो देखिन थाल्दछ । यसैले यो रोगलाई पनि "शतपोनक" भनिन्छ ।

(ग) **माधव निदान :**

कषायरूक्षैस्त्वतिकोपितोऽनिलस्त्वपानदेशे पिडकां करोति याम् ।
उपेक्षणात्पाकमुपैति दारुणं रुजा च भिन्नाऽरुणफेनवाहिनी ॥
तत्रागमो मूत्रपुरीषरेतसां व्रणैरनेकैः शतपोनकं वदेत् ।

टर्रो र रुखा पदार्थ खानपिन गर्नाले धेरै नै उत्तेजित र दूषित हुन गएको शरीर भित्रको वायुले मलद्वार क्षेत्रमा पुर्गी खटिरा निकाल्ने गर्दछ । यसलाई बेवास्ता गर्नाले पाक्न थाल्दछ, अति दुख्दछ र फुटेपछि यसबाट गुलाबी रङको फिँसहितको पदार्थ बहने गर्दछ । (पछि) यस्तो अनेक मुख हुने घाउबाट पिसाब, दिसा र वीर्य निस्कन्छ । यस्तो अवस्थाको रोगलाई "शतपोनक" भनिन्छ ।

(घ) **योगरत्नाकर :**

कषायरूक्षैरतिकोपितोऽनिलस्त्वपानदेशे पिटिकां करोति सा ।
उपेक्षणात्पाकमुपैति दारुणं रुजा च भिन्नाऽरुणफेनवाहिनी ॥
तत्राऽऽगमोमूत्रपुरीषरेतसां व्रणैरनेकैः शतपोनकं वदेत् ।

टर्रा र रुखा पदार्थ खानाले शरीर भित्रको वायु अति उत्तेजित र दूषित भई मलद्वार नजिक पुगेर खटिरा उत्पन्न गर्दछ । बेवास्ता गर्नाले यो खटिरा पाकेर फुटेन थाल्दछ अनि अति दुखाउँदै रातो र फिँज मिसिएको पदार्थ बहन थाल्दछ । त्यसपछि यो खटिरामा अनेकौं प्वाल पर्न थाल्दछ । अनि ती प्वालबाट पिसाब, दिसा र वीर्य समेत बाहिर निस्कन थाल्दछ । चाल्नोमा जस्तै अनेकौं प्वाल पर्ने हुनाले यो भगन्दरलाई "शतपोनक" भन्दछन् ।

(ङ) **वङ्गसेन आयुर्वेद :**

कषायरूक्षैरतिकोपितोऽनिलस्त्वपानदेशे पिटिकां करोति याम् ।
उपेक्षणात्पाकमुपैति दारुणं रुजा च भिन्नारुणफेनवाहिनी ॥
तत्रागमोमूत्रपुरीषरेतसां व्रणैरनेकैः शतपोनकं वदेत् ॥

टर्रा र रुखा पदार्थ खानाले शरीर भित्रको वायु अति उत्तेजित र दूषित भई मलद्वार नजिक पुगेर खटिरा उत्पन्न गर्दछ । बेवास्ता गर्नाले यो खटिरा पाकेर फुटेन थाल्दछ अनि अति दुखाउँदै रातो र फिँज मिसिएको पदार्थ बहन थाल्दछ । त्यसपछि यो खटिरामा अनेकौं प्वाल पर्न थाल्दछ । अनि ती प्वालबाट पिसाब, दिसा र वीर्य समेत बाहिर निस्कन थाल्दछ । चाल्नोमा जस्तै अनेकौं प्वाल पर्ने हुनाले यो भगन्दरलाई "शतपोनक" भन्दछन् ।

(च) **सुश्रुत संहिता :**

तत्रापथ्यसेविनां वायुः प्रकुपितः सन्निवृत्तः स्थिरीभूतो गुदमभितोऽङ्गुलेऽद्व्यङ्गुले वा मांसशोणिते प्रदूष्यारुणवर्णां पिडकां जनयति, साऽस्य तोदादीन् वेदनाविशेषाञ्जनयति अप्रतिक्रियमाणा च पाकमुपैति, मूत्राशयाभ्यासगतत्वाच्च व्रणः प्रक्लिन्नः शतपोनकवदणुमुखैश्छिद्रै रापूर्यते, तानि च छिद्राण्यजस्रमच्छं फेनानुविद्धमधिकमास्रावं स्रवन्ति, व्रणश्च ताड्यते भिद्यते छिद्यते सूचीभिरिव निस्तुद्यते, गुदं चावदीर्यते, उपेक्षिते च वातमूत्रपुरीषरेतसामप्यागमश्च तैरेव छिद्रैर्भवति; तं भगन्दरं

शतपोनकांमित्याचक्षते ॥

शरीरले नसहने खालका खानपिन गर्ने मानिसको शरीर भित्र रहेको वायु उत्तेजित र दूषित भई आफ्नू काम गर्न छाडेर स्थिर भई मलद्वारको वरिपरिको एक वा दुई अमलको भागमा रहेको मासु र रगतलाई दूषित पारी अरुण वर्णको खटिरा निकाल्दछ । यो खटिरा सियोले घोचेजसरी दुख्दछ । उपचार नगरिए पाक्दछ । मूत्राशय नजिक हुनाले यी खटिराबाट तरल पदार्थ बगिरहन्छ र चाल्नु जस्ता ससाना प्वालैप्वालले भरिन थाल्दछ । यस्ता प्वालहरूबाट लगातार सफा वा फिँज मिसिएको पदार्थ अति धेरै बहन थाल्दछ । घाउ लौरोले हानेजसरी, बञ्चरोले काटेजसरी, दाँतले टोकेजसरी र सियोले घोचेजसरी दुख्न थाल्दछ तथा मलद्वार च्यातिएको जस्तो हुन थाल्दछ । यस्ता मसिना प्वालबाट हावा, दिसा र वीर्य समेत बाहिर निस्कन थाल्दछ । यस्तो भगन्दर रोगलाई “शतपोनक” भनिन्छ ।

वातपित्तजन्य भगन्दर

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

श्यावा ताम्रा सदाहोषा घोररुग् वातपित्तजा ॥

कालो-रातो, डाह गर्ने, अति पीडा दिने र दुख्ने भगन्दरलाई वातपित्तजन्य भगन्दर भनिन्छ ।

वातपित्ताज् परिक्षेपी परिक्षिप्य गुदं गतिः । जायते परितस्तत्र प्राकारपरिखेव च ॥

वातपित्तजन्य भगन्दरलाई “परिक्षेपी” भनिन्छ । यसमा चारैतिर कीराको गुँडजस्ता ससाना खाल्डाले घेरिएको नाडीव्रण देखिने गर्दछ ।

सन्निपातजन्य (शम्बूकावर्त) भगन्दर
(Horse shoe fistula)

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

पादाङ्गुष्ठसमा सर्वैर्दोषैर्नानाविधव्यथा ॥ शूलारोचकतृड्दाहज्वरच्छर्दिरुपद्रुता ।

गोडाको बूढीऔंला जस्तो मोटो, तीन वटै दोषका अनेक थरी वेदना हुने, शूल, अरुचि, तिर्खा, डाह, जरो र वाकवाकी हुने भगन्दरलाई त्रिदोषजन्य भगन्दर भनिन्छ ।

सर्वजः शम्बुकावर्तः शम्बूकावर्तसन्निभः ॥ गतयो दारयन्त्यस्मिन् रुग्वेगैर्दारुणैर्गुदम् ।

त्रिदोषजन्य, शङ्खको घुमाउरो परेको भाग जस्तो मुख हुने, यसको अनेक चालले वा प्वालले मलद्वार, मूत्राशय वा तल्लोपेट र जननेन्द्रियलाई फुटाइदिने र अनेक किसिमको पीडा हुने भगन्दरलाई "शम्बूकावर्त्त भगन्दर" भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

बहुवर्णरुजास्रावा पिडिका गोस्तनोपमा । शम्बूकावर्त्तगतिकः शम्बूकावर्त्तको मतः ॥
(बहुवर्णरुजास्रावा-बहुशब्दो वर्णादिभिः प्रत्येकं सम्बन्ध्यते । गतिः-स्रावमार्गः) ।

अनेक रङका, अनेक किसिमले दुख्ने, अनेक थरी पदार्थ बहने, गाईको थुन जस्ता आकारका र पदार्थ बहने बाटो शङ्खको भेट्नुतिरको भागजस्तो घुमाउरो हुने त्रिदोषजन्य भगन्दरलाई "शम्बूकावर्त्त" भनिन्छ ।

(ग) माधव निदान, योग रत्नाकर :

बहुवर्णरुजास्रावा पिडका गोस्तनोपमा । शम्बूकावर्तवन्नाडी शम्बूकावर्तको मतः ॥

अनेक रङका पीडादायी, तरल पदार्थ बगिरहने, गाईका थुनजस्ता आकारका पिलो मलद्वार क्षेत्रमा आउने नाडीव्रणको रूप लिने रोगलाई "शम्बूकावर्त" भनिन्छ । (शङ्खेकीराको खोल वा नदीको भुमरी जस्तो आकारको हुने कारणले यसलाई शम्बूकावर्त भनिएको हो) ।

(घ) वङ्गसेन आयुर्वेद :

बहुवर्णरुजास्रावः पिटिका गोस्तनोपमाः । शम्बूकावर्त्तवन्नाडी शम्बूकावर्त्तको मतः ॥

अने रङका पीडादायी, तरल पदार्थ बगिरहने, गाईका थुनजस्ता आकारका पिलो मलद्वार क्षेत्रमा आउने नाडीव्रणको द्रुप लिने रोगलाई "शम्बूकावर्त" भनिन्छ । (शङ्खेकीराको खोल वा नदीको भुमरी जस्तो आकारको हुने कारणले यसलाई शम्बूकावर्त भनिएको हो) ।

(ङ) सुश्रुत संहिता :

वायुः प्रकुपितः प्रकुपितौ पित्तश्लेष्माणौ परिगृह्याधो गत्वा पूर्ववदवस्थितः पादाङ्गुष्ठाग्रप्रमाणां सर्वलिङ्गां पिडकां जनयति, साऽस्य तोददाहकण्ड्वादीन् वेदनाविशेषाञ्जनयति अप्रतिक्रियमाणा च पाकमुपैति, व्रणश्च नानाविधवर्णमास्रावं स्रवति, पूर्णनदीशम्बूकावर्तवच्चात्र समुत्तिष्ठन्ति वेदनाविशेषाः, तं भगन्दरं शम्बूकावर्तमित्याचक्षते ॥

शरीरले नसहने खालका खानपिन गरेका कारण उत्तेजित र दूषित हुन पुगेको शरीर भित्रको वायुले पित्त र कफलाई पनि सँगै लिएर तलतिर सरी मलद्वारको वरिपरि पुगेर पहिले बताइए जस्तै स्थिर

भएर, गोडाको बूढीऔंला जस्ता, तीन वटै दोषका लक्षणहरू देखिने खालको खटिरा उत्पन्न गर्दछ । यस्ता खटिरा सियोले घोचेजसरी घोच्ने, डाह हुने, चिलाउने आदिजस्ता दुःख दिन थाल्दछ । उपचार नगरिए यो खटिरा पाक्न थाल्दछ र अनेक रङका पदार्थ यसबाट बहन थाल्दछ । पानी भरिएका नदीमा निस्कने भूमरीजस्तो वा शङ्खको भेट्नुतिरको भागजस्तो (स्प्रिङजस्तो) भई निरन्तर कडा दुखाई हुने गर्दछ । यस्तो भगन्दरलाई "शम्बूकावर्त" भनिन्छ ।

उन्मार्गी वा आगन्तुक वा क्षतज-भगन्दर रोग
(A kind of anal fistula)

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

अस्थिलेशोऽभ्यवहृतो मांसगृद्धया यदा गुदम्॥ क्षिणोति तिर्यङ्निर्गच्छन्नुन्मार्गं क्षततो गतिः ।
स्यात्ततः पूयदीर्णायां मांसकोथेन तत्र च॥ जायन्ते कृमयस्तस्य खादन्तः परितो गुदम् ।
विदारयन्ति न चिरादुन्मार्गी क्षतजश्च सः॥

यदि कुनै मांसाहारी मानिस मासुसँगसँगै हाडको टुक्रा पनि निल्दछ भने कहिलेकाहीँ यस्तो हाडको टुक्रा मलद्वार भित्र रहेका तीन वटा तहमा पुगी तेर्सो परेर त्यहाँ घाउ बनाइदिन्छ । त्यो घाउ पाकेपछि नाडीव्रण हुन्छ । अनि त्यहाँको मासु सडेर पीप भरिन थाल्दछ र त्यसमा कीरा पर्न थाल्दछ । यी कीराले मलद्वार क्षेत्रलाई खाँदै सबैतिर छियाछिया पार्न थाल्दछ । यसरी छोटो समयमै यो "उन्मार्गी भगन्दर" ले डरलाग्दो रूप लिने गर्दछ ।

(ख) **भावप्रकाश संहिता :**

क्षताद्गतिः पायुगता विवर्द्धते उपेक्षणात्स्युः कृमयो विदार्यते ।
प्रकुर्वते मार्गमनेकधा मुखैर्व्रणैस्तमुन्मार्गिभगन्दरं वदेत्॥
(क्षतात्-कण्टकादिना नखेन खण्डूयनादिना वा अभिघातात् । गतिः-स्रावः । उन्मार्गिभगन्दरम्-एतस्य तिर्यक्कृतमार्गैः पुरीषादिनिर्गमादुन्मार्गिसंज्ञा) ।

काँडाकिला आदि बिझेर वा नङ आदिले कोतेरेर मलद्वारको छेउछाउको भागमा निस्कने, बढेर फुट्ने, उपचार नगरेपछि कीरा पर्ने, अनेक थरीका घाउ हुने र अनेक मुखबाट दूषित पदार्थ बहने खालको भगन्दरलाई "उन्मार्गी" भनिन्छ । यस्ता खटिराबाट तेर्सो तरिकाले दिसा आदि निस्कने गर्दछ, यसैले यसलाई उन्मार्गी भनिन्छ ।

(ग) **माधव निदान :**

क्षताद्गतिः पायुगता विवर्धते ह्युपेक्षणात् स्युः क्रिमयो विदार्य ते ।
प्रकुर्वते मार्गमनेकधा मुखैर्वणैस्तदुन्मार्गि भगन्दरं वदेत्॥

कुनै तिखो वस्तुले घाउ बनाउनाले मलद्वारमा हुने नसा सुन्निने गर्दछ । यसलाई बेवास्ता गर्दा कीरा पर्न थाल्दछ । यी कीराले दिसा बहने बाटो छियाछिया बनाएर अनेक थरी मुखको बनाउँदछ । यस्तो भगन्दरलाई “आगन्तुक” वा “उन्मार्गी” भनिन्छ ।

(घ) **योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

क्षताद्गतिः पायुगता विवर्द्धते ह्युपेक्षणात्साक्रिमिभिर्विदार्यते ।
प्रकुर्वते मार्गमनेकधा मुखैर्वर्णैस्तदुन्मार्गि भगन्दरं वदेत्॥८॥

कुनै तिखो वस्तुले घाउ बनाउनाले मलद्वारमा हुने नसा सुन्निने गर्दछ । यसलाई बेवास्ता गर्दा कीरा पर्न थाल्दछ । यी कीराले दिसा बहने बाटो छियाछिया बनाएर अनेक थरी मुखको बनाउँदछ । यस्तो भगन्दरलाई “आगन्तुक” वा “उन्मार्गी” भनिन्छ ।

(ङ) **सुश्रुत संहिता :**

मूढेन मांसलुब्धेन यदस्थिशल्यमन्नेन सहाभ्यवहृतं यदाऽवगाढपुरीषोन्मिश्रमपानेनाधः- प्रेरितमसम्यगागतं गुदं क्षिणोति तदा (तत्र, ततः) क्षतनिमित्तः कोथ उपजायते, तस्मिंश्च क्षते पूयरुधिरावकीर्णमांसकोथे भूमाविव जलप्रक्लिन्नायां क्रिमयः संजायन्ते, ते भक्षयन्तो गुदमनेकधा पार्श्वतो दारयन्ति, तस्य तैर्मार्गैः कृमिकृतैर्वातमूत्रपुरीषरेतांस्यभिनिः सरन्ति; तं भगन्दरमुन्मार्गिणमित्याचक्षते॥

मासुमा अति लोभगर्ने मूर्ख मानिसबाट खानासँगै खाइएका हाडका टुक्रा जब बाक्लो दिसासँगै मिसिएर अपानवायुबाट धकेलिँदै मलद्वारमा पुगी तेर्सो परेर बस्दछ तब यसले मलद्वारमा घाउ बनाउँदछ । घाउ भएपछि त्यो सड्न थाल्दछ र त्यसमा पीप र रगत थुप्रिन थाल्दछ । यस्तो मासुको सडेको घाउमा जसरी हिलोमा कीरा पर्दछन् त्यसैगरी कीरा पर्न थाल्दछ, मलद्वारको मासु खाने ती कीराले मलद्वारको भित्रको भागलाई फराकिलो बनाउन थाल्दछन् र त्यसपछि त्यही बाटो भएर हावा, पिसाब, दिसा र वीर्य पनि बाहिर निस्कन थाल्दछ । यस्तो भगन्दरलाई “उन्मार्गी भगन्दर” भनिन्छ ।

उपचार
अजयपाल आदिको प्रयोग

(क) **गरुडमहापुराण :**

दन्तीमूलं हरिद्रा च चित्रकं तस्य लेपनात् । भगन्दरविनाशः स्यात्... ।

अजयपालको जरा, हलेदो र चितू मिसाई पिसेर लेप दल्ने गर्नाले भगन्दर नाश हुन्छ ।

(ख) **चक्रदत्त, भैषज्य रत्नावली, रसरत्नाकर :**

हन्ति दन्त्यग्न्यतिविषालेपः...।

अजयपालको जरा, चितूको जरा र अतीस मिसाएर पिसी लेप दल्नाले भगन्दर नाश हुन्छ ।

अदुवा आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

आर्द्रकस्य रसे सिद्धं कल्के वा पाययेत् घृतम् । भगन्दरे मारुतजे पक्वापक्वे विरेचयेत्॥

पाकेको वा नपाकेको वातजन्य भगन्दर रोग भएका रोगीलाई अदुवाको रस वा धूलो हालेर पकाइएको घिउ पिउन दिई दिसा लगाउनू ।

ओल आदिको प्रयोग

(क) **शार्ङ्गधर संहिता : बृहत्सूरणवटक**

सूरणो वृद्धदारुश्च भागैः षोडशभिः पृथक्॥
मुसलीचित्रकौ ज्ञेयावष्टभागमितौ पृथक् । शिवा बिभीतकी धात्री विडङ्गं नागरं कणा॥
भल्लातः पिप्पलीमूलं तालीसञ्च पृथक्पृथक् । चतुर्भागप्रमाणानि त्वगेला मरिचन्तथा॥
द्विभागमात्राणि पृथक् ततस्त्वेकत्र चूर्णयेत् । द्विगुणेन गुडेनाथ वटकान् धा(का)रयेद् बुधः॥
प्रबलाग्निकरा ह्येतास्तथाऽर्शोनाशनाः परम् । ग्रहणीं वातकफजां श्वासं कासं क्षयामयम्॥
प्लीहानं श्लीपदं शोथं हिक्कां मेहं (प्रमेहं च) भगन्दरम् ।
निहन्युः पलितं वृष्या तथा (वृध्यास्तथा) मेध्या रसायनाः॥

ओल र त्रिधारा सोह्र सोह्र तोला, मुसलीकन्द र चितूको बोक्रा आठ आठ तोला, हर्रो, बर्रो, अमला, वायुविडङ्ग, सुठो, पिप्ला, भलायो, पिप्लाको जरा र लोठसल्लो सबै चार चार तोला तथा दालचिनी, अलैँची, कालो मरिच दुई दुई तोला जम्मा पारी कुटेर धुलो पार्नू , कूल धुलोमा दोबर सक्खर मिसाउनू र गोली बनाउनू । यो गोली खानाले जठराग्नि बल्दछ; अल्काई, वातजन्य एवं कफजन्य ग्रहणी, दम, खोकी, क्षयरोग, फियोका रोग, हात्तीपाइले, सुजन, बाडुली, प्रमेह, भगन्दर र कपाल फुल्ने रोग नाश हुन्छ । यो गोलीले स्त्रीगमनको चाहना गराउँदछ, बुद्धि बढाउँदछ र बुढ्यौली पनि भगाउँदछ ।

कपुर आदिको प्रयोग

(क) **शार्ङ्गधर संहिता : चन्द्रप्रभा (कपुर) वटी**

चन्द्रप्रभा वचा मुस्तं भूनिम्बामृतदारुकम् । हरिद्राऽतिविषा दार्वी पिप्पलीमूलचित्रकौ ॥
धान्यकं त्रिफलञ्चव्यं विडङ्गं गजपिप्पली । व्योषं माक्षिकधातुश्च द्वौ क्षारौ लवणत्रयम् ॥
एतानि शाणमात्राणि प्रत्येकं कारयेद् बुधः । त्रिवृद्दन्ती पत्रकञ्च त्वगेला वंशरोचना ॥
प्रत्येकं कर्षमात्रञ्च (त्राणि) कुर्यादेतानि बुद्धिमान् । द्विकर्षं हतलोहं स्याच्चतुःकर्षा सिता भवेत् ॥
शिलाजत्वष्टकर्षं स्यादष्टौ कर्षाश्च गुग्गुलोः । एभिरेकत्र संक्षुण्णैः कर्तव्या गुटिका शुभा ॥
चन्द्रप्रभेति(भादि) विख्याता सर्वरोगप्रणाशिनी ।
प्रमेहान् विंशतिं कृच्छ्रं मूत्राघातन्तथाऽश्मरीम् ॥
विबन्धाऽऽनाहशूलानि मेहनं ग्रन्थिमर्बुदम् । अण्डवृद्धिं तथा पाण्डुं कामलाञ्च हलीमकम् ॥
अन्त्रवृद्धिं कटीशूलं श्वासं कासं विचर्चिकाम् । कुष्ठान्यर्शांसि कण्डूञ्च प्लीहोदरभगन्दरे(रम्) ॥
दन्तरोगं नेत्ररोगं स्त्रीणामार्तवजां रुजम् । पुंसां शुक्रगतान्दोषान्मन्दाग्निमरुचिन्तथा ॥
वायुं पित्तं कफं हन्याद् बल्या वृष्या रसायनी । चन्द्रप्रभायां कर्षस्तु चतुःशाणो विधीयते ॥

कपुर, बोझो, नागरमोथा, चिराइतो, गुर्जो, देवदारु, हलेदो, उत्तिस, चुत्रो, पिप्लाको जरा, चितूको बोक्रा, धनियाँ, हर्रो, बर्रो, अमला, चाभा, वायुविडङ्ग, गजपिप्पली, सुठो, कालोमरिच, पिप्ला, स्वर्णमाक्षिक भस्म, सज्जीखार, जवाखार, सिधेनुन, सौँचर नुन र विडनुन यी सबै तीन तीन ग्राम लिनू । सेतो निशोध, अजयपाल, तेजपात, दालचिनी, अलैंचीका गेडा र वंशलोचन सबै २२.५६, २२.५६ ग्राम लिनू । यि सबै मिसाई धुलो बनाउनू । अनि यसमा लोहभस्म दुई तोला, मिस्री चार तोला, शिलाजित आठ तोला र गोकुलधूप आठ तोला पिँधेर मिसाई १२, १२ ग्रामको गोली बनाउनू । यहाँ कर्ष भन्नाले चार शाण हो भनी जान्नू । यस्तो ओखतीलाई चन्द्रप्रभा भनिन्छ । यसले सबै रोग नाश गर्दछ भनी प्रसिद्ध छ । बीस प्रकारका प्रमेहका रोग मूत्रकृच्छ्र, मूत्राघात, पत्थरी, कब्जियत, आध्मान, शूल, प्रमेहजन्य खटिरा, अण्डकोशको सुजन, पाण्डु, कमलपित्त, हलीमक, आन्द्राको सुजन, कम्मरको दुखाई, दम, खोकी, लुतो, कुष्ठ, अल्काई, दाद, फियोका रोग, भगन्दर, दाँतका रोग, आँखाका रोग, स्त्रीको रजोधर्म सम्बन्धी रोग, पुरुषका वीर्यसम्बन्धी रोग, मन्दाग्नि, अरुची र त्रिदोष जस्ता सबै रोग यसले नाश गर्दछ । यो चन्द्रप्रभा नामक गोली बलदायक, रतिउत्साह वर्धक र रसायनी हुन्छ ।

करवीर आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली : करवीराद्यतैल

करवीरनिशादन्तीलाङ्गलीलवणाग्निभिः । मातुलुङ्गार्कवत्साह्वे पचेत्तैलं भगन्दरे ॥

करवीरको जरा, हलेदो, अजयपालको जरा, गुन्यामधुरा, सिँधेनुन, चितू, बिमिरोको जरा, आँकको जरा र ठूलोकुरोको बोक्रा बराबर मिसाई पिसेर हाली पकाइएको तेल लगाउनाले भगन्दर रोगमा अति नै फाइदा गर्दछ ।

(ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

करवीरनिशादन्तीलाङ्गलीलवणाग्निभिः । मातुलुङ्गकवत्साह्वैः पचेत्तैलं भगन्दरे ॥

करवीर, हलेदो, अजयपाल, गुन्यामधुरा, सिँधेनुन, चितू, बिमिरो र इन्द्रजौ हालेर विधिपूर्वक पकाइएको तेल लगाउनाले भगन्दर नाश हुन्छ ।

(ग) **योगरत्नाकर :**

करवीरनिशादन्तीलाङ्गलीलवणाग्निभिः । मातुलुङ्गार्कपयसा पचेत्तैलं भगन्दरे ॥

करवीरको जरा, हलेदो, अजयपालको जरा, गुन्यामधुरा, सिँधेनुन र चितू बराबर लिई पिसेर जति हुन्छ त्यसको चौबर तिलको तेलमा हालेर त्यसमा बिमिरोको रस, आँकको दूध दुवै तेलको चौबर हालेर हाली विधिपूर्वक तेल पकाउनू । यो तेलले भगन्दरमा फाइदा गर्दछ ।

(घ) **रसरत्नाकर :**

करवीरनिशादन्तीलाङ्गलीलवणाग्निभिः । मातुलुङ्गार्कवत्साह्वैः पचेत्तैलं भगन्दरे ॥
(कुटजस्य फलं दग्ध्वा)

करवीरको जरा, हलेदो, अजयपालको जरा, गुन्यामधुरा, सिँधेनुन, चितू, बिमिरोको जरा, आँकको जरा र ठूलोकुरो (फल डढाएर) बराबर मिसाई पिसेर हाली पकाइएको तेल लगाउनाले भगन्दर रोगमा अति नै फाइदा गर्दछ ।

कुरिलो आदिको प्रयोग

(क) **आयुर्वेद महोदधि :**

शतावरीचूर्णप्रस्थं प्रस्थं गोक्षुरकस्य च । वाराह्या विंशति पलं गुडूच्याः पञ्चविंशतिः ॥
भल्लातकानां द्वात्रिंशच्चित्रकस्य दशैव तु । तिलानां लुञ्चितानां च प्रस्थं दद्यात्सुचूर्णितम् ॥
त्र्यूषणस्य पलान्यष्टौ शर्करायाश्च सप्ततिः । माक्षिकं शर्करार्द्धेन मधुनोर्द्धेन वै घृतम् ॥
शतावरी समं देयं विदारीकन्दचूर्णकम् । एतानि श्लक्ष्णचूर्णानि स्निग्धभाण्डे निधापयेत् ॥
पलार्द्धमुपभुञ्जीत यथेष्टं चाऽत्र भोजनम् । एष मासोपयोगेन रुजां हन्ति जरामपि ॥
वलीपलितखालित्यप्लीहपाण्ड्वाद्यपीनसान् । भगन्दरान् मूत्रकृच्छ्रानश्मरी च भिनत्त्यपि ॥

कुरिलोको धुलो एक प्रस्थ (चौसठ्ठी तोला), गोखुरको धुलो एक प्रस्थ, वाराहीकन्दको धुलो बीस पल (असी तोला), गुर्जोको धुलो पचीस पल (सय तोला), भलायोको धुलो एक सय अठ्ठाईस तोला, चितूको धुलो चालीस तोला, केलाइएको तिलको धुलो चौसठ्ठी तोला, सुठो-मरिच र पिप्लाको धुलो बत्तीस तोला, मिश्री वा सक्खर दुई सय असी तोला, मह एक सय चालीस तोला, घिउ सत्तरी तोला,

विदारीकन्दको धुलो चौसठ्ठी तोला : यी सबैलाई मासिनो धुलो बनाई चिल्लो भाँडामा राख्नु । यसलाई दुई तोला खानु र मनलागेका (हितकर) खानेकुरा खानु । एकमहिनासम्म यो खानाले रोग र बुढ्यौली नाश हुन्छ । छाला चाउरी परेको, कपाल फुलेको, तालु खुइलेको, फियोका रोग, पाण्डु, पिनास, भगन्दर, पिसाब रोकिने रोग र पत्थरी ठिक गर्दछ ।

कूट आदको प्रयोग

(क) चक्रदत्त, रसरत्नाकर : कुष्ठादिलेप

कुष्ठं त्रिवृत्तिलादन्तीमागध्यः सैन्धवं मधु । रजनी त्रिफला तुत्थं हितं व्रणविशोधनम्॥

कूट, निसोत, तिल, अजयपाल, पिप्ला, सिँधेनुन, मह, हलेदो, त्रिफला र निलोतुथो : यी ओखती घाउ सफा गर्न हितकर हुन्छन् ।

(ख) योगरत्नाकर :

कुष्ठं त्रिवृत्तिलादन्तीमागधीसैन्धवं मधु । रजनीत्रिफलातुत्थैर्हितं स्यद् व्रणरोपणम्॥

कूट, निसोत, तिल, अजयपाल, पिप्लासिँधेनुन, मह, हलेदो, त्रिफला र निलोतुथो मिसाई पिसेर बनाइएको ओखती घाउ भर्नका लागि हितकर हुन्छ ।

(ग) सुश्रुत संहिता, वङ्गसेन आयुर्वेद :

कुष्ठं त्रिवृत्तिला दन्ती मागध्यः सैन्धवं मधु॥ रजनी त्रिफला तुत्थं हितं स्याद्व्रणशोधनम् ।

कूट, निसोत, तिल, अजयपाल, पिप्ला, सिँधेनुन, मह, हलेदो, त्रिफला र निलोतुथो घाउ सफा गर्नका लागि हितकर हुन्छ ।

कोइरालो आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

काञ्चनारत्वचो ग्राह्यं पलानां दशकं बुधः॥
त्रिफला षट्पला कार्या त्रिकटु स्यात्पलत्रयम् । पलैकं वरुणं कुर्यादेलात्वक्पत्रकन्तथा॥
एकैकं कर्षमात्रं स्यात् सर्वाण्येकत्र चूर्णयेत् । यावच्चूर्णमिदं सर्वं तावन् मात्रस्तु गुग्गुलुः॥
सङ्कुटच सर्वमेकत्र पिण्डं कृत्वा च धारयेत् ।
गुटिकाः शाणिकाः कार्याः (शाणमात्रेण) प्रातर्ग्राह्या यथोचितम्॥
गण्डमालाञ्जयत्युग्रामपचीमर्बुदानि च । ग्रन्थीन्व्रणाँश्च गुल्माँश्च कुष्ठानि च भगन्दरम्॥

प्रदेयश्चानुपानार्थ क्वाथो मुण्डानिकाभवः । क्वाथः खादिरसारस्य पथ्याक्वाथोष्णकञ्जलम् ॥

बुद्धिमानले कोइरालोको बोक्रा दश पल, हर्रो दुई पल, बर्रो दुई पल, अमला दुई पल, सुठो तीन पल, मरिच तीन पल, पिप्ला तीन पल, सिप्लिकान एक पल, अलैंची एक कर्ष, दालचिनी एक कर्ष र तेजपात एक कर्ष लिई कुटेर धुलो बनाउनू । यो धुलोमा यति नै बराबरको शुद्ध बनाइएको गोकुलधूप मिसाउनू । फेरी कुटेर ठूलो डल्लो बनाई अनि एक एक शाणका गोली बनाउनू । बिहान बिहान मुण्डी भार वा खयरको काँढापानीसँग वा तातोपानीसँग एक एक गोली खान दिनाले यसले च्यापेको गण्डमाला रोग, अपच, अर्बुद, गाँठारोग, घाउ, गुल्म, कुष्ठ र **भगन्दर** रोग नाश गर्दछ ।

खयर आदिको प्रयोग

(क) **भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

खदिराम्बुरतो भूत्वा कषायं त्रैफलं पिबेत् । महिषाक्षविडङ्गानां भगन्दरविनाशनम् ॥

हर्रो, बर्रो, अमला, कालो खालको गोकुलधूप र वायुविडङ्ग हालेर पकाइएको काँढापानी पिउनू । तिर्खा लाग्दा खयरको रस मिसाएर पिउनू । यसो गर्नाले भगन्दर नाश हुन्छ ।

(ख) **योगरत्नाकर, शार्ङ्गधर संहिता : खदिरादि क्वाथ**

खदिरत्रिफलाक्वाथो महिषीघृतसंयुतः । विडङ्गचूर्णयुक्तश्च भगन्दरविनाशनः ॥

खयर र त्रिफला हाली विधिपूर्वक पकाइएको काँढापानीमा भैंसीको घिउ र वायुविडङ्गको धूलो मिसाएर पिउने गर्नाले भगन्दर रोग नाश हुन्छ ।

गुन्यामधुरा आदिको प्रयोग

(क) **रसरत्नसमुच्चय :**

लाङ्गलीकृष्णधत्तूरविषमुष्टीं प्रलेपयेत् ॥

पाकेर फुटेपछि गुन्यामधुरा, कालो धतूरो र बकाइनू (वा खिरौंलो ?) मिसाएर पानीमा पिसी दल्नू ।

गुर्जो आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

अमृतात्रुटिवेल्लवत्सकं कलिपथ्याऽमलकानिगुग्गुलुः ।

क्रमवृद्धांमदं मधुप्लुतं पिटकास्थौल्यभगन्दरान् जयेत्॥

गुर्जो, सुकुमेल, वायुविडङ्ग, ठूलोकुरो, इन्द्रजौ, हर्रो, अमला र गोकुलधूप क्रमशः दोब्बर हाली धूलो बनाएर महमा पिसी लगाउने गर्नाले खटिरा, मोटोपन र भगन्दरलाई जित्दछ ।

गोकुलधूप आदिको प्रयोग

(क) **अग्निपुराण :**

गुग्गुलुत्रिफलाव्योषसमांशैर्घृतयोगतः । नाडीदुष्टव्रणं शूलं भगन्दरमुखं हरेत्॥

गोकुलधूप, त्रिफला, त्रिकटु बराबर मात्रामा लिई यो बराबर घिउ मिसाई तयार पारिएको अेखतीले भित्रसम्म गढेको नाडीव्रण घाउ, शूल र भगन्दर नाश गर्दछ ।

गुग्गुलुत्रिफलाव्योषसमांशैर्घृतयोगतः । नाडीदुष्टव्रणं शूलं भगन्दरमुखं हरेत्॥

गोकुलधूप, त्रिफला, त्रिकटु बराबर मात्रामा लिई यो बराबर घिउ मिसाई तयार पारिएको अेखतीले भित्रसम्म गढेको नाडीव्रण घाउ, शूल र भगन्दर नाश गर्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

गुग्गुलुपञ्चपलं पलिकांशा मागधिका त्रिफला च पृथक् स्यात् ।
त्वक्त्रुटिकर्षयुतं मधुलीढं कुष्ठभगन्दरगुल्मगतिघ्नम्॥
शृङ्गवेररजोयुक्तं तदेव च सुभावितम् । क्वाथेन दशमूलस्य विशेषाद्वातरोगजित्॥

शुद्ध गोकुलधूप पाँच पल; पिप्ला, हर्रो, बर्रो, अमला एक, एक पल तथा दालचिनी र सुकुमेल एक, एक कर्ष लिनू । सबै मिसाएर पिस्नू महसँग चाट्ने गर्नू । यसले कुष्ठ, भगन्दर, गुल्म र नाडीव्रण नाश गर्दछ । उपरोक्त मिश्रणमा सुठोको धूलो एक पल मिसाएर दशमूलको काँढापानीमा भिजाई गोली बनाउनू । यसले उल्लेखित रोगका साथै विशेषतः वातरोग नाश गर्दछ ।

त्रिफला गुग्गुलु

उत्तमाखदिरसारजं रजः शीलयन्नसनवारिभावितम् ।
हन्ति तुल्यमहिषाक्षमाक्षिकं कुष्ठमेहपिटिकाभगन्दरम्॥

हर्रो, बर्रो, अमला र खयरको धूलो बराबर लिई विजयसालको काँढापानीमा भिजाएर अन्तिममा गोकुलधूप बराबर र मह मिसाई चाट्ने गर्नू । यसले कुष्ठ, प्रमेहजन्य खटिरा र भगन्दर नाश गर्दछ ।

(ग) अष्टाङ्ग हृदय :

अमृतात्रुटिवेल्लवत्सकं कलिपथ्यामलकानि गुग्गुलुः ।
क्रमवृद्धमिदं मधुद्रुतं पिटिकास्थौल्यभगन्दरान् जयेत्॥
मागधिकाग्निकलिङ्गविडङ्गैर्बिल्वघृतैः सवरापलषट्कैः ।
गुग्गुलुना सदृशेन समेतैः क्षौद्रयुतैः सकलामयनाशः॥

अमृता गुग्गुलु : गुर्जो एक भाग, सुकुमेल दुई भाग, वायुविडङ्ग तीन भाग, ठूलोकुरोको बोक्रा चार भाग, बर्रो पाँच भाग, हर्रो छ भाग , अमला सात भाग र शुद्ध गोकुलधूप आठ भाग मिसाएर पिस्नू र बयरका जत्रा गोली बनाई महसँग खाने गर्नू । यसले प्रमेहजन्य खटिरा, मोटोपन र भगन्दरलाई जित्दछ । मागधिकादि गुग्गुलु : पिप्ला, चितू, इन्द्रजौ र वायुविडङ्ग एक, एक पल; त्रिफला छ पल तथा शुद्ध गोकुलधूप दश पल लिनू । सब मिसाएर पिसी मह मिसाएर बयरका लानाजत्रा गोली बनाउनू । यसले सबै रोग नाश गर्दछ ।

(घ) गरुडमहापुराण :

गुग्गुलुत्रिफलाव्योषैः समांशैराज्ययोजितैः । नाडीदुष्टव्रणं शूलं भगन्दरमथो जयेत्॥

गोकुलधूप, त्रिफला र त्रिकटु बराबर मिसाई त्यो बराबर गाईको घिउ मिसाएर पिसी मलमजस्तो बनाएर दल्ने गर्नाले खराब खटिरा, गढेको खटिरा र भगन्दरलाई जित्दछ ।

गुग्गुलुत्रिफलाकृष्णात्रिपञ्चैकांशयोजिता । घुटि(गुडि)काशोथगुल्मार्शोभगन्दरवतां हिता॥

गोकुलधूप, त्रिफला र पिप्ला क्रमशः तीन, पाँच र एक भाग मिसाई बनाइएको गोलीले सुजन, गुल्म, हर्सा र भगन्दर रोगमा फाइदा गर्दछ ।

(ङ) चक्रदत्त :

सप्तविंशतिको गुग्गुलु

त्रिकटुत्रिफलामुस्तविडङ्गामृतचित्रकम् । शटचेलापिप्पलीमूलं हपुषा सुरदारु च॥
तुम्बुरुः पुष्करं चव्यं विशाला रजनीद्वयम् । विडं सौवर्चलं क्षारौ सैन्धवं गजपिप्पली॥
यावन्त्येतानि चूर्णानि तावद्द्विगुणगुग्गुलुः । कोलप्रमाणं गुडिकां भक्षयेत्मधुना सह॥
कासं श्वासं तथा शोथमर्शांसि सभगन्दरम् । हृच्छूलं पार्श्वशूलं च कुक्षिवस्तिगुदे रुजम्॥
अश्मरीं मूत्रकृच्छ्रं च अन्त्रवृद्धिं तथा क्रिमीन् । चिरज्वरोपसृष्टानां क्षयोपहतचेतसाम्॥
आनाहं च तथोन्मादं कुष्ठानि चोदराणि च । नाडीदुष्ठव्रणान्सर्वान्प्रमेहं श्लीपदं तथा॥
सप्तविंशतिको ह्येष सर्वरोगनिषूदनः॥

सुठो, मरिच, पिप्ला, त्रिफला, नागरमोथ, वायुविडङ्ग, गुर्जो, चितूको जरा, कचूर, सुकुमेल, पिप्लाको जरा, हपुषा (नपाउँदा धनियाँ), देवदार, टिमुर, पुष्करमूल, चाभो, इन्द्रेनीलहरोको जरा, हलेदो, चुत्रो, बिरेनुन, सौंचरनुन, जवाखार, सज्जीखार, सिँधेनुन र गजपिप्ला यी सबै ओखतीको धूलो एक एक तोला लिनू । सबै ओखतीको दोब्बर गोकुलधूप लिनू । सर्ब मिसाएर रामैरी पिस्नू । छ मासाका गोली बनाउनू । हरेक दिन बिहान एक एक गोली महसँग खानेगर्नू । यो सप्तविंशतिक गुग्गुलु नामको ओखतीले खोकी, दम, सुजन, हर्सा, भगन्दर, मुटुको शूल, कोखाको शूल, कोख वा पेटका रोग, तल्लो पेट वा मूत्राशयका रोग, मलद्वारका रोग, पत्थरी, मूत्रकृच्छ्, अन्त्रवृद्धि रोग, पेटमा पर्ने कीरा, थाङ्ने जरो, क्षयरोग, आनाह, उन्माद, कुष्ठ, उदररोग, गढेका खटिरा, खराब खालका खटिरा, प्रमेह, हात्तीपाइले रोग आदि अन्य सबै खालका विकार तत्काल नाश हुन्छन् ।

(च) **भैषज्य रत्नावली :**

नवकार्षिकगुग्गुलु

त्रिफलापूरकृष्णानां त्रिपञ्चैकांशयोजिता । गुडका शोथगुल्मार्शोभगन्दरवतां हिता ॥

त्रिफला प्रत्येक तीन तीन तोला, गोकुलधूप पाँच तोला र पिप्ला एक तोला लिनू । सबै मिसाएर पिसी गोली बनाउनू । यो गोली खाने गर्नाले सुजन, गुल्म, हर्सा र भगन्दरका रोगीलाई विशेष फाइदा दिन्छ ।

सप्तविंशतिगुग्गुलु

त्रिकटु त्रिफला मुस्तविडङ्गामृतचित्रकम् । शठचेला पिप्पलीमूलं हबुषा सुरदारु च ॥
तुम्बुर्वरुष्करं चव्यं विशाला रजनीद्वयम् । विडसौवर्चलौ क्षारौ सैन्धवं गजपिप्पली ॥
यावन्त्येतानि चूर्णानि तावद्द्विगुणगुग्गुलुः । कोलप्रमाणं गुटिकां भक्षयेन्मधुना सह ॥
कासं श्वासं तथा शोथमर्शांसि च भगन्दरम् । हृच्छूलं पार्श्वशूलं च कुक्षिवस्तिगुदे रुजम् ॥
अश्मरीं मूत्रकृच्छ्रं च अन्त्रवृद्धिं तथा कृमिम् । चिरज्वरोपदृष्टानां क्षयोपहतचेतसाम् ॥
आनाहं च तथोन्मादं कुष्ठानि चोदराणि च । नाडीं दुष्टव्रणान्सर्वान् प्रमेहं श्लीपदं तथा ॥
सप्तविंशतिको हन्ति सर्वरोगनिषूदनः ॥

सुठो, मरिच, पिप्ला, त्रिफला, नागरमोथे, वायुविडङ्ग, गुर्जो, चितु, कचूर, सुकुमेल, पिप्लाको जरा, हपुषा (नपाउँदा धनियाँ), देवदार, टिमुर, भलायोको फल, चाभो, इन्द्रेनीलहरोको जरा, हलेदो, चुत्रो, बिरेनुन, सौंचरनुन, जवाखार, सज्जीखार, सिँधेनुन र गजपिप्ला यी सबै ओखतीको धूलो एक एक तोला लिनू । सबै ओखतीको दोब्बर गोकुलधूप लिनू । सर्ब मिसाएर रामैरी पिस्नू । गोली बनाउनू । हरेक दिन बिहान एक एक गोली महसँग खानेगर्नू । यो सप्तविंशतिक गुग्गुलु नामको ओखतीले खोकी, दम, सुजन, हर्सा, भगन्दर, मुटुको शूल, कोखाको शूल, कोख वा पेटका रोग, तल्लो पेट वा मूत्राशयका रोग, मलद्वारका रोग, पत्थरी, मूत्रकृच्छ्, अन्त्रवउद्धि रोग, पेटमा पर्ने कीरा, थाङ्ने जरो, क्षयरोग, आनाह, उन्माद, कुष्ठ, उदररोग, गढेका खटिरा, खराब खालका खटिरा, प्रमेह, हात्तीपाइले रोग आदि अन्य सबै खालका विकार तत्काल नाश हुन्छन् ।

(छ) योगरत्नाकर :

सप्तविंशतिको गुग्गुलुः-

त्रिकटुत्रिफलामुस्तं विडङ्गामृतचित्रकम् । चव्यैले पिप्पलीमूलं हपुषा सुरदारु च ॥
तुम्बरं पुष्करं चव्यं विशाला रजनीद्वयम् । विडं सौवर्चलं क्षारं सैन्धवं गजपिप्पली ॥
यावन्त्येतानि चुर्णानि तावद्द्विगुणगुग्गुलुः । कोलप्रमाणगुटिकां भक्षयेन्मधुना सह ॥
कासं श्वासं तथा शोफमर्शांसि च भगन्दरम् । हृच्छूलं पार्श्वशूलं च कुक्षिवस्तिगुदे रुजम् ॥
अश्मरीं मुत्रकृच्छ्रं च अन्त्रवृद्धिं तथा कृमीन् । चिरज्वरोपसृष्टानां क्षतोपहतचेतसाम् ॥
आनाहं च तथोन्मादं सकुष्ठान्युदराणि च । नाडीदुष्टव्रणान्सर्वान्प्रमेहं श्लीपदं तथा ॥
सप्तविंशतिको ह्येष सर्वरोगनिषूदनः ॥

सुठो, मरिच, पिप्ला, हर्रो, बर्रो, अमला, नागरमोथे, वायुविडङ्ग, गुर्जो, चितू, चाभो, अलैंची, पिप्लाको जरा, हपुषा, देवदार, टिमुर, पुष्करमूल, चाभो, इन्द्रेनीलहरोको जरा, हलेदो, चुत्रो, बिरेनुन, सौंचरनुन, जवाखार, सिँधेनुन र गजपिप्ला एक एक भाग लिई पिसेर धूलो बनाउनू । यो धूलोको दोब्बर शुद्ध गोकुलधूप मिसाउनू । सबै मिसाएर बयर जत्रा गोली बनाउनू । यो गोली मह मिसाएर खाने गर्नू । यो सप्तविंशतिक गुग्गुलु नामक ओखतीले खोकी, दम, सुजन, हर्सा, भगन्दर, मुटुको शूल, कोखाको शूल, पेटको शूल, मूत्राशयको शूल, मलद्वारको शूल, पत्थरी,, मूत्रकृच्छ्र, अन्त्रवृद्धि, पेटका कीरा, थाङ्ने जरो, क्षय रोग, बेहोसी, आनाह, उन्माद, कुष्ठ, उदररोग, सबै प्रकारका गढेका र खराब खटिरा, प्रमेह र हात्तीपाइले रोग नाश गर्दछ ।

(ज) रसरत्नाकर :

अथ सप्तविंशतिगुग्गुलुः

त्रिकटुत्रिफलामुस्तविडङ्गामृतचित्रकम् । शठचेलेपिप्पलीमूलं हपुषा सुरदारु च ॥
तुम्बुरं पुष्करं चव्यं विशाला रजनीद्वयम् । विडसौवर्चलं क्षारः सैन्धवं गजपिप्पली ॥
यावन्त्येतानि चूर्णानि तावद्द्विगुणगुग्गुलुः । कोलप्रमाणां गुटिकां खादेत्तु मधुना सह ॥
भगन्दरं श्वासकासक्षयजर्प्णज्वरोदरम् । नाडीदुष्टव्रणानाहकुष्ठपामाऽश्मरीक्रिमीन् ॥
मेहान्त्रवृद्धिहृत्पार्श्वशूलंप्लीहानमेव च । सप्तविंशतिको हन्ति गुग्गुलुः सर्वरोगहा ॥

सुठो, मरिच, पिप्ला, त्रिफला, नागरमोथे, वायुविडङ्ग, गुर्जो, चितूको जरा, कचूर, सुकुमेल, पिप्लाको जरा, हपुषा (नपाउँदा धनियाँ), देवदार, टिमुर, पुष्करमूल, चाभो, इन्द्रेनीलहरोको जरा, हलेदो, चुत्रो, बिरेनुन, सौंचरनुन, जवाखार, सज्जीखार, सिँधेनुन र गजपिप्ला यी सबै ओखतीको धूलो एक एक तोला लिनू । सबै ओखतीको दोब्बर गोकुलधूप लिनू । सबै मिसाएर राम्ररी पिस्नू । बयर जत्रा (कोल) गोली बनाउनू । हरेक दिन एक एक गोली महमा मिसाएर खाने गर्नू । यसले भगन्दर, दम, खोकी, क्षयरोग, थाङ्नेजरो, गढेको खटिरा, खराब खटिरा, आनाह, कुष्ठ, पामा, पत्थरी, पेटका कीरा, प्रमेह, अन्त्रवृद्धि, मुटुरोग, कोखाको शूल, फियोका रोग आदि रोग नाश गर्दछ । यो सप्तविंशतिगुग्गुलु खानाले सबै रोग

नाश गर्दछ ।

गुग्गुलुश्चपलान्पञ्चपलैकापिप्पलीतथा । त्रिफलापलमेकञ्च त्वगेला प्रतिकार्षिकम्॥
चूर्णयेन्मधुनाज्येन भुक्त्वा हन्ति भगन्दरम्॥

गोकूलधूप पाँच पल, पिप्लाको धूलो एक पल, त्रिफला एक पल तथा दालचिनी र सुकुमेल एक एक कर्ष मिसाई धूलो बनाएर मह र घिउ मिसाई खाने गर्नाले भगन्दर नाश हुन्छ ।

(झ) **वैद्यरहस्य :**

नवकार्षिको गुग्गुलु

त्रिफलापुरकृष्णानां त्रिपञ्चैकांशयोजिता । गुटिका शोथगुल्मार्शो भगन्दर विनाशिनी॥

त्रिफला तीन तोला, गोकुलधूप पाँच तोला र पिप्ला एक तोला मिसाएर गोली बनाई खाने गर्नाले सुजन, गुल्म, हर्सा र भगन्दर नाश गर्दछ ।

चमेली आदिको प्रयोग

(क) **भावप्रकाश संहिता :**

सुमना वटपत्राणि गुडूची विश्वभेषजम् । ससैन्धवस्तक्रपिष्टो लेपो हन्ति भगन्दरम्॥

चमेलीका कलिला पात, बरका कलिला पात, गुर्जो, सुठो र सिँधेनुन बराबर मिसाई मोहीमा पिसेर दल्नाले भगन्दर नाश हुन्छ ।

(ख) **वङ्गसेन आयुर्वेद :**

सुमना वटपत्राणि गुडूची विश्वभेषजम् । सैन्धवं तक्रपिष्टञ्च लेपाद्धन्ति भगन्दरम्॥

चमेलीका पात, बरका पात, गुर्जो, सुठो र सिँधेनुन मोहीमा पिसेर मलम जस्तो बनाएर दल्ने गर्नाले भगन्दर नाश गर्दछ ।

(ग) **वैद्यरहस्य :**

सुमना वटपत्राणि गुडूची विश्वभेषजम् । सैन्धवं तक्रसम्पिष्टं लेपाद्धन्ति भगन्दरम्॥

चमेलीका पात, बरका पात, गुर्जो, सुठो र सिँधेनुन मोहीमा पिसेर मलम जस्तो बनाएर दल्ने गर्नाले

भगन्दर नाश गर्दछ ।

चितू आदिको प्रयोग

(क) **चक्रदत्त, भैषज्य रत्नावली : विष्यन्दतैल**

चित्रकार्कस्त्रिवृत्पाठे मलयूहयमारकौ । सुधां वचां लाङ्गलिकीं हरितालं सुवर्चिकाम्॥
ज्योतिष्मतीं च संहृत्य (संयोज्य) तैलं धीरो विपाचयेत्॥

चितू, आँक र निसोतको जरा; गुन्दरगानु, काठेडुम्रीको जरा, करवीरको जरा, सिउँडीको जरा, बोभ्तो, गुन्यामधुरा, हरिताल, सज्जिखार र मालकागुनु बराबर लिई पिसेर चौबर पानीमा हाली विधिपूर्वक तिलको तेल पकाउनू ।

एतद्विष्यन्दनं नाम तैलं दद्याद्भगन्दरे । शोधनं रोपणं चैव सवर्णकरणं परम्॥

यो विष्यन्दतैल नामक ओखती प्रयोग गर्नाले भगन्दरको घाउ सफा भई चाँडै भरिन्छ र छालोको वर्ण पनि उत्तम हुन्छ ।

(ख) **भावप्रकाश संहिता : निष्यन्दन ततैल**

चित्रकार्कौ त्रिवृत्पाठे मलयूहयमारकौ । सुधां वचां लाङ्गलकीं हरितालं सुवर्चिकाम्॥
ज्योतिष्मतीञ्च संहृत्य तैलं धीमान्विपाचयेत् । एतन्निष्यन्दनं नाम तैलं दद्याद्भगन्दरे॥
शोधनं रोपणञ्चैव सवर्णकरणं तथा॥

चितू, आँक, निसोत, गुन्दरगानु, काठेडुम्री, (सेतो) करवीर, सिउँडी, बोभ्तो, गुन्यामधुरा, हरिताल, सज्जीखार, र कालकागुनु हालेर विधिपूर्वक पकाइएको तेललाई “निष्यन्दनतैल” भनिन्छ । यो तेल लगाउनो गर्नाले भगन्दरको घाउ सफा गर्दछ, भर्दछ र यो भागको छालाको रङ पहिलेको जस्तै बनाउँदछ ।

(ग) **योगरत्नाकर : विष्यन्दनं तैलम्-**

चित्रार्कौ त्रिवृत्पाठे मलयूहयमारकौ । सुधां वचां लाङ्गलिकां हरितालं सुवर्चिकाम्॥
ज्योतिष्मतीं च संहृत्य तैलं धीरो विपाचयेत् । एतद्विष्यन्दनं नाम तैलं दद्याद्भगन्दरे॥
शोधनं रोपणं चैव सवर्णकरणं तथा॥

चितू, आँकको जरा, निसोत, गुन्दरगानुको जरा, काठडुम्रीको जरा, करवीरको जरा, सिउँडी, बोभ्तो, गुन्यामधुरा, हरिताल, सौंचरनुन र मालकागुनु बराबर मिसाई पिस्नू । यसको चौबर तिलको तेल र

तेलको चौबर पानी हालेर सबै ओखती हाली विधिपूर्वक तेल पकाउनू । यो विष्यन्दन तेलले भगन्दरको खटिरा सफा गर्ने र भर्ने र छालालाई अरु छालाकै रङमा मिलाउने कार्य गर्दछ ।

(घ) **रसरत्नाकर :**

चित्रकार्कस्त्रिवृत्पाठे मलयू(पू)हयमारकौ । स्नुहीं वचां लाङ्गलिकीं हरितालं सुवर्च्चिकाम्॥
ज्योतिष्मतीञ्च संहृत्य तैलं धीरो विपाचयेत् । एतद्विष्यन्दनं नाम तैलं दद्याद्भगन्दरे॥
शोधनं रोपणं चैव सवर्णकरणं परम्॥ (मलपू-कृष्णोदुम्बरः)

चितृ, आँक र निसोतको जरा; गुन्दरगानु, काठेडुम्रीको जरा, करवीरको जरा, सिउँडीको जरा, बोझो, गुन्यामधुरा, हरिताल, सज्जिखार र मालकागुनु बराबर लिई पिसेर चौबर पानीमा हाली विधिपूर्वक तिलको तेल पकाउनू । यो विष्यन्दतैल नामक ओखती प्रयोग गर्नाले भगन्दरको घाउ सफा भई चाँडै भरिन्छ र छालोको वर्ण पनि उत्तम हुन्छ ।

(ङ) **वङ्गसेन आयुर्वेद : विष्यन्दनतैल**

चित्रकार्कौ त्रिवृत्पाठे मलयस्हयमारकौ । सुधां वचां लाङ्गलकीं हरितालं सुवर्चलम्॥
ज्योतिष्मतीञ्च संहृत्य तैलं धीरो विपाचयेत् । एतद्विष्यन्दनं नाम तैलं दद्याद्भगन्दरे॥
शोधनं रोपणञ्चैव बलवर्णकरं तथा॥

चितृ, आँकको जरा, निसोत, गुन्दरगानुको जरा, काठडुम्रीको जरा, करवीरको जरा, सिउँडी, बोझो, गुन्यामधुरा, हरिताल, सौंचरनुन र मालकागुनु बराबर मिसाई पिस्नू । यसको चौबर तिलको तेल र तेलको चौबर पानी हालेर सबै ओखती हाली विधिपूर्वक तेल पकाउनू । यो विष्यन्दन तेलले भगन्दरको खटिरा सफा गर्ने र भर्ने र छालालाई अरु छालाकै रङमा मिलाउने कार्य गर्दछ ।

(च) **शार्ङ्गधर संहिता : बिन्दुघृत**

चित्रकः(कं) शङ्खिनी पथ्या कम्पिल्लस्त्रिवृतायुगम्॥
वृद्धदारुश्च शम्याको दन्ती दन्तीफलन्तथा ।
कोशातकी देवदाली नीलिनी गिरिकर्णिका॥ सातला पिप्पलीमूलं विडङ्गं कुटकी तथा ।
हेमक्षीरी च विपचेत् कल्कैरेभिः पिचून्मितैः॥ घृतप्रस्थं स्नुहीक्षीरे षट्पले तु पलद्वयम् ।
अर्कक्षीरस्य मतिमाँस्तत्सिद्धं गुल्मकुष्ठनुत्॥ हन्ति शूलमुदावर्तं शोथाध्मानं भगन्दरम् ।
शमयत्युदराण्यष्टौ निपातं बिन्दुसङ्ख्यया॥ गोदुग्धेनोष्ट्रदुग्धेन कौलत्थेन शृतेन वा ।
उष्णोदकेन वा पीत्वा बिन्दुवेगैर्विरिच्यते॥ एतद्बिन्दुघृतं नाम नाभिलेपाद्वि रेचयेत् ।

चितृका बोक्रा, शङ्खपुष्पी, हर्रो, कम्पिल्लक, सेतो निशोध, कालो निशोध, त्रिधारा, राजवृक्षको गुदी, अजयपालका जरा, पिप्ला, पाटे घिरौंलो, झुसे घिरौंलो, नीर, अपराजिता, हात्तीकाने, पिप्लाको जरा, वायुविडङ्ग, कुटकी र हेमक्षीरी (चुक अमिलो?) : यी सबै एक एक जम्मा पारी धुलो बनाएर एक प्रस्थ घिउमा मिसाई सिउँडीको दूध छ पल तथा आँकको दूध दुई पल मिसाउनू । यो मिश्रणलाई राम्ररी

पकाउनका लागि घिउको चौबर पानीमा हाली मन्द आँचमा पकाउनू । जब घिउ मात्र बाँकी हुन्छ तब झिकी छान्नू र कुनै उत्तम भाँडामा हाली राख्नू । यसलाई बिन्दुघृत भनिन्छ । यो खानाले गुल्म, कुष्ठ, शूल, उदावर्त, सुजन, आध्मान, भगन्दर र आठ प्रकारका पेटका रोग नाश हुन्छ । योसँग रोग र रोगीको अवस्था हेरी गाई वा उँटको दूध वा गहतको काँढापानी वा तातोपानी पिउन दिनु पर्दछ । यो घिउ जति थोपा हालेर खाइन्छ त्यति नै दिसा लाग्दछ । यो घिउ नाइटोमा दले मात्र पनि दिसा लाग्दछ ।

चित्रकं त्रिफलामुस्तं विडङ्गं त्र्यूषणानि च ॥ समभागानि कार्याणि नव भागा हतायसः ।
एतदेकीकृतञ्चूर्णं मधुसर्पिर्युतं लिहेत् ॥ गोमूत्रमथवा तक्रमनुपाने प्रशस्यते ।
पाण्डुरोगञ्जयत्युग्रं हृद्रोगञ्च भगन्दरम् ॥ शोथकुष्ठोदरार्शांसि मन्दाग्निमरुचिं कृमीन् ।

चितुको बोक्रा, त्रिफला, नागरमोथे, वायुविडङ्ग, सुठो, कालोमरिच र पिप्ला बराबर मात्रामा मिसाई धुलो बनाएर यति नै लोहभस्म मिसाउनू । यो धूलो मह र घिउसँग वा गहुँतसँग अथवा गाईको तक्रसँग खानाले अत्यन्त कठिन खालको पाण्डुरोग, त्रिदोष, भगन्दर, सुजन, कुष्ठ, पेटका रोग, अल्काई, मन्दाग्नि, अरुची र पेटका कीरा नाश गर्दछ ।

नारायण चूर्ण

चित्रकं त्रिफला व्योषं जीरकं हपुषा वचा ॥ यवानी पिप्पलीमूलं शतपुष्पाऽजगन्धिका ।
अजमोदा शठी धान्यं विडङ्गं स्थूलजीरकम् ॥ हेमाह्वा पौष्करं मूलं क्षारौ लवणपञ्चकम् ।
कुष्ठञ्चेति समांशानि विशाला स्याद् द्विभागिका ॥ त्रिवृत् त्रिभागा विज्ञेया दन्त्या भागत्रयं भवेत् ।
चतुर्भागा शातला स्यात्सर्वाण्येकत्र चूर्णयेत् ॥ पाचनं स्नेहनाद्यैश्च स्निग्धकोष्ठस्य रोगिणः ।
दद्याच्चूर्णं विरेकाय सर्वरोगप्रणाशनम् ॥ हृद्रोगे पाण्डुरोगे च कासे श्वासे भगन्दरे ।
मन्देऽग्नौ (मन्दाग्नौ) च ज्वरे कुष्ठे ग्रहण्याञ्च गलग्रहे ॥
दद्याद्युक्तानुपानेन तथाऽऽध्माने सुरादिभिः । गुल्मे बदरनीरेण विड्भेदे दधिमस्तुना ॥
उष्णाम्बुभिरजीर्णे च वृक्षाम्लैः परिग(क)र्तिषु । उष्ट्रीदुग्धेनोदरेषु तथा तक्रेण वा गवाम् ॥
प्रसन्नया वातरोगे दाडिमाम्भो(बु)भिरर्शसि । द्विविधे च विषे दद्याद् घृतेन विषनाशनम् ॥
चूर्णं नारायणं नाम दुष्टरोगगणापहम् ।

चितूको बोक्रा, त्रिफला, त्रिकटु, हपुषा, बोझो, ज्वानु, पिप्लाको जरा, सुप, बाबरी, अजमोदा (ज्वानु विशेष), कपुरहलेदो, धनिया, वायुविडङ्ग, मुङ्ग्रेलो, चाँप, कमलको जरा, सज्जीखार, जवाखार, पाँच थरी नुन र कूट यी बराबर मात्रामा (एक एक तोला) लिई यसमा सानो ऐरेलुको जरा दुई भाग (दुई तोला); निशोध तीन तोला, अजयपाल तीन तोला, हात्तीकाने चार तोला मिसाई धुलो बनाउनू । यसपछि यो धुलो पाचन वा स्नेहन विधिको उपचार पछि पेट चिल्लो हुने रोगीलाई दिसा लगाउन खान दिएमा सबै रोग नाश हुन्छन् । हृदयरोग, पाण्डु, खोकी, दम, भगन्दर, कमजोर पाचनशक्ति, जरो, कुष्ठ, ग्रहणी र गलगाँडमा यो धुलो अनुपानसँग खानू । आध्मान रोगमा मद्यसँग खानू । गुल्मरोगमा बयरको काँढापानीसँग, कब्जियतमा दहि वा मस्तुसँग, अजीर्णमा तातोपानीसँग, मलद्वारमा कातरेको जसरी रोग्ने परिगर्ति रोगमा अमिलीपानीसँग, जलोदर आदि पेटका रोगमा उँटको दूधसँग वा गाईको तक्रसँग, वातविकारमा मद्यसँग, अल्काईमा दारिमको रससँग र दुवै किसिमका विषमा घिउसँग

खानाले विषको असर रोग नाश हुन्छ । सबै खराब रोग नाश गर्ने यो चूर्णलाई नारायण चूर्ण भनिन्छ ।

(छ) **सुश्रुत संहिता :**

चित्रकार्कौ त्रिवृत्पाठे मलपूं हयमारकम् । सुधां वचां लाङ्गलकीं सप्तपर्णं सुवर्चिकाम्॥
ज्योतिष्मतीं च सम्भृत्य तैलं धीरो विपाचयेत् । एतद्धि स्यन्दनं तैलं भृशं दद्याद्भगन्दरे॥
शोधनं रोपणं चैव सवर्णकरणं तथा । द्विव्रणीयमवेक्षेत व्रणावस्थासु बुद्धिमान्॥

चितु, आँक, निसोत, गुन्दरगानु, काठेडुम्री, करवीर, सिउँडी, बोभो, गुन्यामधुरा छतिवन, हुहुरे र मालकागुनु हालेर विधिपूर्वक तेल पकाउनू । स्यन्दन नामक यो तेल विशेषतः भगन्दर रोगमा प्रयोग गर्नू । यसले घाउ सफा गर्ने, भर्ने र छालालाई पहिलेको जस्तै बनाउने काम गर्दछ । घाउ हुँदा द्विव्रणीय उपचारमा बताइएका उपचार गर्नू ।

(ज) **हारीत संहिता : भद्रकसैन्धव**

चित्रकपुष्करमूलशठीनां तेषु समांशास्तिला विनियोज्याः ।
सूरणकन्दकखण्डसमेतं तेषु समोऽग्निकफलानि दध्यात्॥
सैन्धवं तस्य चतुर्गुणकञ्च भावितमर्कदलेन समस्तम् ।
तञ्च घृतस्य घटे विनिधाय अरण्यगोमयवह्निविपक्वम्॥
क्षीरमिदं लवणघृतपक्वं तक्रयुतं प्रतिपानमतोऽपि ।
नाशयति गुदकीलककीलान्हन्ति विषूचिभगन्दरानपि॥
कामलपाण्डवानाहविबन्धान्गुल्ममरोचकनाशनकारी ।
मूत्रगदगलकण्डुक्रिमीणां नाशनभद्रकसैन्धवो नाम॥

चितु, पुष्करमूल र कचूर बराबर लिनू; यी बराबर तिल लिनू, तिल जति ओलका टुक्रा र मालकागुनु लिनू । यी सबै जति हुन्छ त्यसको एक चौथाई सिँधेनुन मिसाउनू । यी सबै आँकका पातको रसमा भिजाउनू । त्यसपछि घिउ हालेको चिल्लो भाँडामा हाली गुइँठाको आगोमा पकाउनू । पछि यसलाई दूधमा पकाउनू । अनि सिँधेनुन र घिउमा पकाउनू । यसपछि यो ओखती मोहीसँग खाने गर्नाले हर्सा रोग नाश हुनछ । यो भद्रकसैन्धव नामको ओखतीले हैजा, भगन्दर, कमलपित्त, पाण्डु, आनाह, कब्जियत, गुल्म, अरुचि, पिसाबसम्बन्धी रोग, घाँटीका रोग र पेटमा पर्ने कीरा पनि नाश गर्दछ ।

चिराइतो आदिको प्रयोग

(क) **रसरत्नाकर :**

भूनिम्बत्रिफलाकुष्ठवानरीबीजगन्धकम् । लशुनञ्च शिलायुक्तं तुल्यं चूर्णं प्रकल्पयेत्॥
उदुम्बरस्य चूर्णन्तु गवां क्षीरेण पाययेत् । तत्कषाययुतं चूर्णं रात्रौ लेपञ्च शान्तये॥

चिराइतो, त्रिफला, कूट, काउसोको बीज, शुद्ध गन्धक, लसुन, मैनशिला र डुम्रीको धूलो गाईको दूधमा मिसाएर खानाले तथा उल्लेखित ओखती हालेर पकाइएको काँढापानीमा उल्लेखित ओखती पिसेर रातमा लेप दल्नाले भगन्दर शान्त हुन्छ ।

जीरा आदिको प्रयोग

(क) हारीत संहिता : काङ्कायनगुटिका

जाजीपिप्पलिमूलकोलमगधापथ्याग्निकं नागराः
सूक्ष्मैला च पलद्वयेऽपि क्रमशः कृत्वा पलैः सैन्धवम् ।
भल्लातक्यफलानि पञ्चशतकं तेन समस्तेन तु
द्वैगुण्येपि पुराणसूरणस्ततः सर्वस्य तुल्यो गुडः ॥
क्षोदित्वा वटकाक्षमात्रमुपरि जातो विशेषो गुणः
कुर्वत्यर्शनिवारणं क्षयमपि पुष्टं तथा सुप्रभम् ।
मन्दाग्निर्वडवासमो भ्रमहरो हृद्रोगपाण्ड्वामयं
शूलानाहभगन्दरो भयहरो दुष्टार्त्तिनिर्वासनः ॥
कृतोऽप्यर्थे विकारोऽपि ऋषिणा योगयुक्तिना । काङ्कयनेन मतिमान् तेन सौख्यमभीप्सति ॥

जीरा, पिप्लाको जरा, बयर, पिप्ला, हर्रो, चितु, सुठो र सुकुमेल आठ आठ तोला लिनू । यो सबैको बराबर सिँधेनुन लिनू । पाँच सय वटा भलायो लिनू । यी सबैको दोब्बर पुरानो ओल लिनू । यी सबै बराबर सक्खर लिनू । सबै मिसाएर पिसी एक एक तोलाका गोली बनाउनू । यो गोलीमा अति नै विशिष्ट गुण हुन्छ । यसले हर्सा नाश गर्दछ । क्षयरोगी सुन्दर तेजले युक्त र पुष्ट हुन्छ । कमजोर पाचनशक्ति वडवाग्नि (समुद्र भित्रको अग्नि) समान अति नै बलियो हुन्छ । भ्रम नाश हुन्छ । मुटुका रोग, पाण्डु, शूल, आनाह र भगन्दरको डर नाश पार्दछ । यसले खराब र पीडादायक हर्सा नाश गर्दछ । ओखतीको मिश्रणका विज्ञ काङ्कायन मुनिले यो उत्तम ओखतीका बारेमा बताएका थिए । बुद्धिमान मानिसलाई यो ओखतीको सेवनबाट सुख प्राप्त हुन्छ ।

जेठीमधु आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय : मधुकादि तैल

मधुकरोध्रकणात्रुटिरेणुकाद्विरजनीफलिनीपटुशारिवाः ।
कमलकेसरपद्मकधातकीमदनसर्जरसाभयरोध्रकाः ॥
सबीजपूरच्छदनैरेभिस्तैलं विपाचितम् । भगन्दराऽपचीकुष्ठमधुमेहव्रणापहम् ॥

जेठीमधु, लोध, पिप्ला, सुकुमेल, शीतलचिनी, हलेदो, चुत्रो, दहीगुर्यैलो, सिँधेनुन, अनन्तमूल, कमलको केशर, पैयुँ वा पिर्रे, धयैँरोको फूल, मदन (अम्फीफल, मैनफल), सालधूप, उशीरका जरा,

लोध र बिमिरोको पात हालेर विधिपूर्वक तेल पकाई लगाउने गर्नाले भगन्दर, अपची, कुष्ठ र प्रमेहजन्य खटिरा नाश गर्दछ ।

ठूलोकुरो आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

कुटजत्वक्तुलां द्रोणे जलस्य विपचेत् सुधीः । कषायं पादशेषं च गृह्णीयाद्वस्त्रगालितम् ॥
त्रिंशत्पलं गुडस्यात्र दत्त्वा च विपचेत् पुनः ।
सान्द्रत्वमागतं ज्ञात्वा(दृष्ट्वा) चूर्णानीमानि दापयेत् ॥
रसाञ्जनं मोचरसं त्रिकटु त्रिफलान्तथा ।
लज्जालुं चित्रकं पाठां बिल्वमिन्द्रयवं त्वचम्(त्वचाम्, वचा) ॥
भल्लातकं प्रतिविषां विडङ्गानि च बालकम् । प्रत्येकं पलसंमानं घृतस्य कुडवन्तथा ॥
सिद्धशीते ततो दद्यान्मधुनः कुडवन्तथा । जयेदेषोऽवलेहस्तु सर्वाण्यर्शांसि वेगतः ॥
दुर्नामप्रभवान्रोगानतीसारमरोचकम् । ग्रहणीं पाण्डुरोगञ्च रक्तपित्तञ्च कामलाम् ॥
अम्लपित्तन्तथा शोथं कार्श्यं चैव प्रवाहिकाम् । अनुपाने प्रयोक्तव्यमाजं तक्रं पयो दधि ॥
घृतं जलं वा जीर्णे च पथ्यभोजी भवेन्नरः ।

ठूलोकुरोको बोक्रा एक तुला लिई कुटेर एक द्रोण पानीमा पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर कपडाले छान्नू । यसमा तीस पल मिस्री हालेर फेरी पकाउनू । जब लदरो हुन थाल्दछ तब निम्न ओखतीको धुलो हाल्नू । रसाञ्जन, सिमलको खोटो, त्रिकटु, त्रिफला, लज्जावती, चितू, गानेगुर्जो, बेल, इन्द्रजौ, दालचिनी, भलायो, उत्तिस, वायुविडङ्ग र सुगन्धवाल सबै एक एक पल हाल्नू । एक कुडव घिउ हाल्नू । जब चिसो हुन्छ तब एक कुडव मिसाउनू । यो अवलेहले सबै खालका अल्काई चाँडै निको पार्दछ । यसले अल्काई र अल्काईका कारण हुने भगन्दर जस्ता रोग, अतिसार, अरुची, ग्रहणी, पाण्डु, रक्तपित्त, कमलपित्त, अम्लपित्त, सुजन, दुब्लोपन र प्रवाहिका रोग नाश गर्दछ । यो अवलेह बाख्रीको तक्र, दूध, दही, घिउ वा जलसँग खानू । ओखती नपच्दासम्म पथ्य खानपिन गर्नू ।

तामा आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

ताम्रपत्रं रविक्षीरे निर्गुण्डीस्वरसे तथा । त्रिकण्टजे स्नुहिरसे ताम्रं दग्ध्वा क्षिपेत्त्रिधा ॥
रसस्यार्द्धपलं शुद्धं गन्धकस्य पलं तथा । कज्जल्यार्द्धेन जम्बीरप्लुतेन ताम्रतः पलम् ॥
परिलिप्यान्धमूषायां दद्यात्पञ्च पुटाँल्लघून् । सम्मर्द्य मधुसर्पिर्भ्यां ततो रक्तिद्वयं लिहेत् ॥
भगन्दरे सर्वभवे कार्यं सर्वव्रणेषु च ॥

चार तोला तामाको पाता आँकको दूध, बेजनी फूल फुल्ने ासमालाको रस, आदानकोडाको कोढापाना र सिउँडीको दुधमा क्रमैले तीन तीन पटक भिजाउनू र तीन तीन पटक नै आगोमा डढाउनू । यसपछि शुद्ध पारोभस्म दुई तोला र शुद्ध गन्धक चार तोला मिसाएर पिसी त्यसलाई ज्यामिरको रसमा हालेर पुनः पिस्नू । यसपछि अगि पोलेको तामाको पातामा यो लेप दल्नू । अन्धमूषायन्त्रमा राखी मन्द मन्द तरिकाले पाँच पटक पुटपाक गर्नू । यसपछि निकाली मह र घिउमा पिसेर हरेक दिन बिहान दुई दुई रत्ती खाने गर्नू । यसले भगन्दर र सबै खालका खटिरामा विशेष लाभ दिन्छ ।

(ख) रसरत्नसमुच्चय :

ताम्रचूर्णं सप्तभागं भागमेकं तु पारदम् । सैन्धवं सप्तभागं च च गन्धकं नवभागिकम्॥
भृङ्गीद्रावैः सजम्बीरैः सप्ताहं घर्ममार्दितम् । तेन लिप्तं स्फुटत्याशु यदि पक्वं भगन्दरम्॥

ताम्रभस्म सात भाग, पारोभस्म एक भाग, सिँधेनुन सात भाग र शुद्ध गन्धक नौ भाग भृङ्गीराजको रसमा र ज्यामीरको रसमा बेग्लाबेग्लै ढड्याई पिसेर सात दिनसम्म चर्को घाममा सुकाउनू । पाकेको भगन्दरमा यो लेप लगाउनाले तुरुन्त फुट्दछ ।

ताम्रभस्म दिनं मर्द्य मदयन्तीपुनर्नवैः ।
मेषश्रृङ्गीद्रवैस्तेन व्रणशोधनरोपणम्॥

ताम्रभस्मलाई मेहन्दी, पुनर्नवा र भेडासिङ्गीको रसमा क्रमशः एक एक पिसी ढड्याएर लेप दल्नाले भगन्दरको घाउ सफा हुन्छ र भरिन्छ ।

(ग) रसरत्नाकर :

ताम्रचूर्णसमं चूर्णं सुतमेकं विमर्द्दयेत्॥
सैन्धवं सप्तभागञ्च गन्धकं नवभागकम् ।
भृङ्गीद्रवैः सजम्बीरैः सप्ताहं घर्म्ममर्द्दितम्॥
तैललिप्तं स्फुटत्याशु यदपक्वं भगन्दरम् ।

ताम्रभस्म र पारोभस्म एक एक भाग लिई मिसाएर पिस्नू । त्यसपछि सिँधेनुन सात भाग र गन्धक नौ भाग मिसाएर भृङ्गीराजको रस र ज्यामिरको रसमा हाली पिसेर सात दिनसम्म घाममा राख्नू । त्यसपछि यसमा तेल लगाएर भगन्दरका खटिरामा दल्ने गर्नू । नपाकेको भएपनि चाँडै फुट्दछ ।

ताम्रभस्मद्रवैर्मर्द्यं मधुपर्णी पुनर्नवा॥
मेषश्रृङ्गी पदनैकेन व्रणशोधनरोपणम् ।

ताम्रभस्मलाई मधुपर्णी, पुनर्नवा र भेडासिङ्गीको रसमा पिसेर एक दिन राखी लेप दल्नाले खटिरा सफा भई भरिन्छ ।

तिल आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

तिलकुम्भवरादन्ती तुत्थसिन्धूत्थमाक्षिकम् । सकृष्णरोचनाकुष्ठं शोधनं मांसकृत् पुनः ॥

तिल, गोकुलधूप, गुर्जो, अजयपाल, निलोतुथो, सिँधेनुन, सुनामक्खी, कालो गोरोचन र कूटले खटिरा सफा गर्ने र भर्ने कार्य गर्दछ ।

(ख) चक्रदत्त, योगरत्नाकर :

तिलाभयालोध्रमरिष्टपत्रं निशा वचा कुष्ठमगारधूमः ।
भगन्दरे नाड्युपदंशयोश्च दुष्टव्रणे शोधनरोपणोऽयम् ॥

तिल, हर्रो, लोध (दोब्बर लिनू), नीमका पात, हलेदो, बोझो, कूट र घरको ध्वाँसो मिसाएर बनाइएको ओखतीले भिरिङ्गी र भगन्दरका खटिरा र बिग्रेका खटिरालाई सफा गर्ने र भर्ने कार्य गर्दछ ।

(ग) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

तिला ज्योतिष्मती कुष्ठं लाङ्गली गिरिकर्णिका । शताह्वात्रिवृतादन्त्यः शोधनाश्च भगन्दरे ॥

तिल, मालकागुनु, कूट, गुन्यामधुरा, अपराजिता, सुप, निसोत र अजयपाल हाली पकाइएको काँढापानीले पखाल्ने गर्नाले भगन्दर सफा हुन्छ ।

तिलाभयालोध्रमरिष्टपत्रं निशे बला लोध्रमगारधूमम् ।
भगन्दरे चाप्युपदंशजे च दुष्टव्रणे रोपणशोधनाय ॥

तिल, हर्रो, लोध (दोब्बर लिनू), नीमका पात, हलेदो, चुत्रो, बलु र घरको ध्वाँसो मिसाएर बनाइएको ओखतीले भिरिङ्गी र भगन्दरका खटिरा र बिग्रेका खटिरालाई सफा गर्ने र भर्ने कार्य गर्दछ ।

(घ) भैषज्य रत्नावली :

तिलाभयाकुष्ठमरिष्टपत्रं निशे वचा लोध्रमगारधूमः ।
भगन्दरे नाड्युपदंशयोश्च दुष्टव्रणे शोधनरोपणोऽयम् ॥

तिल, हर्रो, कूट, नीमका पात, हलेदो, चुत्रो, बोझो, लोध र घरको ध्वाँसो : यी पदार्थ बराबर लिई मिसाएर पिस्नू । भगन्दर, गढेको खटिरा र उपदंशका दुष्ट खटिरा यसको लेप दल्नाले सफा हुन्छ र भरिन्छ ।

(ङ) योगरत्नाकर :

तिलत्रिवृन्नागदन्तीमञ्जिष्ठाद्यैः ससैन्धवैः । सक्षौद्रैश्च प्रलेपोऽयं भगन्दरकुलान्तकृत् ॥

तिल, निसोत, कुकुरडाइनु, मजिठो र सिँधेनुन मिसाई पिसेर मह मिसाई लेप दल्नाले भगन्दर जरैसहित नाश हुन्छ ।

(च) रसरत्नाकर :

तिलाभयालोध्रमरिष्टपत्रं निशे बचा लोध्रमगारधूमः ।
भगन्दरे चाप्युपदंशने च दुष्टव्रणे शोधनरोपणीयम् ॥

तिल, हर्रो, लोध (दोब्बर लिनू), नीमका पात, हलेदो, चुत्रो, बोझो र घरको ध्वाँसो बराबर मिसाएर बनाइएको ओखतीले भगन्दर, भिरिङ्गी र बिग्रेका खटिरालाई सफा गर्ने र भर्ने कार्य गर्दछ ।

त्रिफला आदिको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता, रसरत्नाकर, वङ्गसेन आयुर्वेद : नवांशको गुग्गुलु, नवकार्षिक गुग्गुलु

त्रिफलापुरकृष्णानां त्रिपञ्चकांशयोजिता । गुटिका शोथगुल्मार्शोभगन्दरवतां हिता ॥

त्रिफला तीन तोला, शुद्ध गोकुलधूप पाँच तोला र पिप्ला एक तोला हालेर बनाइएका गोली खाने गर्नाले भगन्दर नाश हुन्छ । यसले सुजन, गुल्म र अल्काई समेत ठिक गर्दछ ।

(ख) भैषज्य रत्नावली :

भगन्दरं प्रत्यहं तु सुधौतं त्रिफलाम्बुना ॥

भगन्दरलाई हरेक दिन त्रिफलाको काँढापानीले पखाल्ने गर्नु पर्दछ ।

(ग) योगरत्नाकर : नवकार्षिको गुग्गुलु

त्रिफलापुरकृष्णानां त्रिपञ्चैककर्षयोजिता गुटिका । कुष्ठभगन्दरनाडीदुष्टव्रणशोधिनी कथिता ॥

हर्रो एक कर्ष, बर्रो एक कर्ष, अमला एक कर्ष, शुद्ध गोकुलधूप पाँच कर्ष र पिप्ला एक कर्ष जम्मा पारी मिसाएर पिसी गोली बनाउनू । यो गोली खाने गर्नाले कुष्ठ, भगन्दर, गढेको खटिरा र खराब खटिरा

सफा गर्दछ ।

(घ) **रसरत्नाकर :**

नश्येद्भगन्दरः क्षिप्रं क्षालिते त्रिफलाम्भसा॥

अथवा त्रिफलाको काँढापानीले धुने गरिएका भगन्दर चाँडै नाश हुन्छ ।

(ङ) **शार्ङ्गधर संहिता :**

त्रिपलं त्रिफलाचूर्णं कृष्णाचूर्णं पलोन्मितम् । गुग्गुलुः पञ्चपलिकं क्षोदयेत्सर्वमेकतः॥
ततस्तु गुटिकां कृत्वा प्रयुञ्ज्याद्वह्नचपेक्षया । भगन्दरं गुल्मशोथावर्शांसि च विनाशयेत्॥

हरो, बर्रो, अमला र पिप्ला एक पल (चालीस ग्राम) बटुली धुलो बनाउनू । यसपछि शुद्ध पारिएको गोकुलधूप पाँच पल (दुई सय ग्राम) मा कुटी पिसी मिसाएर गोली बनाउनू । रोगीको पाचनशक्ति विचार गरी यो गोली खान दिनू । यसले <u>भगन्दर</u>, गुल्म, सुजन र अल्काई नाश गर्दछ ।
त्रिफलाऽष्टपला कार्या भल्लातश्च चतुष्पलम् । बाकुचीं पञ्चपलिका विडङ्गानाश्चतुष्पलम्॥
हतलोहं त्रिवृच्चैव गुग्गुलुश्च शिलाजतु । एकैकं पलमात्रं स्यात्पलार्द्धं पौष्करं भवेत्॥
चित्रकस्य पलार्धं स्यात् त्रिशाणं मरिचं भवेत् । नागरं पिप्पली मुस्ता त्वगेलापत्रकुङ्कुमम्॥
शाणोन्मितं स्यादेकैकं चूर्णयेत् सर्वमेकतः । ततस्तत् प्रक्षिपेच्चूर्णं पक्वखण्डे च तत्समे॥
मोदकान् पलिकान् कृत्वा प्रयुञ्जीत यथोचितम् । हन्युः सर्वाणि कुष्ठानि त्रिदोषप्रभवामयान्॥
भगन्दरप्लीहगुल्मान् जिह्वातालुगलामयान् । शिरोऽक्षिभ्रूगतान् रोगान् मन्यात्पृष्ठगतानपि॥
प्राग्भोजनस्य देयं स्यादधःकायस्थिते गदे । भेषजं भक्तमध्ये च रोगे जठरसंस्थिते॥
भोजनस्योपरि ग्राह्यमूर्ध्वजत्रुगदेषु च ।

हर्रो, बर्रो र अमला आठ आठ पला; भलायो चार पल; बकुची पाँच पल; वायुविडङ्ग चार पल; लोहभस्म, सेतो निशोध, गोकुलधूप र शिलाजित सबै एक एक पल; कमलको जरा (अँडिरको जरा ?) आधा पल; चितुको बोक्रा आधा पल; मरिच तीन शाण; सुठो, पिप्ला, नागरमोथे, दालचिनी, अलैंची, तेजपात र नागकेसर एक एक शाण लिएर सबै मिसाई धुलो बनाउनू । यति नै बराबर मिस्री पानीमा हाली पकाउनू । लदरो भएपछि निकाली दुई दुई पलका लड्डू बनाउनू । त्यसपछि यथोचित प्रयोग गर्नू । यसले सबै प्रकारका कुष्ठ रोग, <u>त्रिदोषजन्य भगन्दर</u>, फियोका रोग, गुल्म, जिभ्रोका रोग, तालुका रोग, घाँटीका रोग, टाउकाका रोग, आँखाका रोग, आँखीभुइँका रोग, गर्धनका रोग र ढाडका रोग सबै नाश हुन्छन् । शरीरका तल्लो भागका रोग भए बिहान खाना खानु अघि दिनू । पेटका रोगमा खाना खाँदा सँगै खान दिनू । छातीभन्दा माथिका रोगमा खाना खाएपछि यो लड्डू खान दिनू ।

दशमूलारिष्टको प्रयोग

(क) **शार्ङ्गधर संहिता : दशमूलारिष्ट**

पर्ण्यौ बृहत्यौ गोकण्टो बिल्वोऽग्निमन्थकोऽरलुः॥
पाटला काश्मरी चेति दशमूलमिहोच्यते। दशमूलानि कुर्वीत भागैः पञ्चपलैः पृथक्॥
पञ्चविंशत्पलं कुर्याच्चित्रकं पौष्करन्तथा। कुर्याद् विंशपलं लोध्रं गुडूची तत्समा भवेत्॥
पलैः षोडशभिर्धात्री रविसंख्यैर्दुरालभा। खदिरो बीजसारश्च पथ्या चेति पृथक्पलैः॥
अष्टभिर्गणितं कुष्ठं मञ्जिष्ठा देवदारु च। विडङ्गं मधुकं भार्ङ्गी कपित्थोऽक्षः पुनर्नवा॥
चव्यं मांसी प्रियङ्गुश्च सारिवा कृष्णजीरकः। त्रिवृता रेणुकं रास्ना पिप्पली क्रमुकः शठी॥
हरिद्रा शतपुष्पा च पद्मकं नागकेशरम्। मुस्तमिन्द्रयवः शुण्ठी जीवकर्षभकौ तथा॥
मेदा चान्या महामेदा काकोल्यौ ऋद्धिवृद्धिके। कुर्यात् पृथग्द्विपलिकान् पचेदष्टगुणे जले॥
चतुर्थांशं श्रृतं नीत्वा मृद्भाण्डे सन्निधापयेत्। चतुःषष्टिपलां द्राक्षां पचेन्नीरे चतुर्गुणे॥
त्रिपादशेषं शीतञ्च पूर्वक्वाथे श्रृतं क्षिपेत्। द्वात्रिंशत् पलकं क्षौद्रं दद्याद् गुड चतुःशतम्॥
त्रिंशत्पलानि धातक्याः कङ्कोलं जलचन्दनम्। जातीफलं लवङ्गञ्च त्वगेलापत्रकेशरम्॥
पिप्पली चेति सञ्चूर्ण्य भागैर्द्विपलिकैः पृथक्। शाणमात्राञ्च कस्तूरीं सर्वमेकत्र निक्षिपेत्॥
भूमौ निखातयेद्भाण्डं ततो जातरसं पिबेत्। कतकस्य फलं क्षिप्त्वा रसं निर्मलतां नयेत्॥
ग्रहणीमरुचिं श्वासं कासं गुल्मं भगन्दरम्। वातव्याधिं क्षयं छर्दिं पाण्डुरोगञ्च कामलाम्॥
कुष्ठान्यर्शांसि मेहाँश्च मन्दाग्निमुदराणि च। शर्करामश्मरीं मूत्रकृच्छ्रं धातुक्षयञ्जयेत्॥
कृशानां पुष्टिजननो वन्ध्यानां गर्भदः परः। अरिष्टो दशमूलाख्यस्तेजः शुक्रबलप्रदः॥

दुई थरी पर्णी (शालपर्णी र पृष्ठपर्णी, साकिनु र सतिबयर), दुई थरी बृहती (ठूलो र सानो कण्टकारी), ओदानेकाँडो, बेल, अरणी, टटेलो, पाडरी र खमारी : यी दश ओखतीका जराको समूहलाई दशमूल भनिन्छ। दशमूल बेग्लाबेग्लै पाँच पाँच पल लिनू। चितूका बोक्रा पच्चीस पल, अरिडको मूल जरो पच्चीस पल, लोध बीस पल, गुर्जो बीस पल, अमला सोह्र पल, सिस्नु बाह्र पल, खयरको बोक्रा आठ पल, विजयसाल आठ पल, हर्रो आठ पल तथा कूट, मजिठो, देवदार, वायुविडङ्ग, जेठीमधु, भारङ्गी, कैथ, बर्रो, पुनर्नवा, चाँभा, जटामसी, दहीगुयेंलो, अनन्तमूल, कालोजीरा, सेतो निशोध, शीतलचिनी, फ्याक्सेकन्द, पिप्ला, सुपारी, कपुरहलेदो, हलेदो, सुप, पैयुँ, नागकेशर, नागरमोथे, इन्द्रजौ, सुठो, जीवक (नपाउँदा कुभिण्डो), ऋषभक(नपाउँदा कुभिण्डो), मेदा (नपाउँदा जेठीमधु), महामेदा (नपाउँदा जेठीमधु), कल्छे लहरो (नपाउँदा अश्वगन्धा), दूधे कल्छे लहरो (नपाउँदा अश्वगन्धा), ऋद्धि (नपाउँदा गिठो) र वृद्धि (नपाउँदा गिठो) : यी सबै ओखती दुई दुई पल जम्मा पार्नू। सबै ओखती कुटेर मिसाई आठ गुना पानीमा पकाउनू। एक चौथाई पानी बाँकी भएपछि भिकेर कुनै माटाका भाँडामा छान्नू। यसपछि चौसठ्ठी पला दाखलाई चार गुना पानीमा पकाई तीन चौथाई बाँकी भएपछि भिकेर छान्नू। यसलाई पनि सेलाएपछि पहिलेकै रसमा मिसाउनू। अनि बत्तीस पल मह, चार सय पल सक्खर, तीस पल धयैंराको फूलको धुलो तथा फलकपूर, खस, सेतो चन्दन, जाइफल, ल्वाङ, दालचिनी, अलैंचीका गेडा, तेजपात, नागकेशर र पिप्ला सबै दुई दुई पल कुटी धुलो बनाएर मिसाउनू। अनि एक शाण कस्तूरीको धुलो हाल्नू। यसपछि त्यो भाँडाको मुख राम्ररी बन्द गरी भाँडोलाई जमिनमा गाड्नू। अनि पन्ध्र दिन वा एक महिना रहन दिनू। पछि भिकेर छानी निर्मलीका गेडाको धुलो अलिकलि हाल्नू, रस सफा हुन्छ। यसलाई दशमूलारिष्ट भनिन्छ। यसले ग्रहणी, अरुची, दम, खोकी, गुल्म, भगन्दर, वातका रोग, क्षयरोग, वाकवाकी, पाण्डु, कमलपित्त, कुष्ठ रोगहरू, अल्काई, प्रमेह, मन्दाग्नि, पेटका रोग, पत्थरी विशेष, पत्थरी, मूत्रकृच्छ्र र धातुक्षय नाश

गर्दछ । यसले दुबल मानिसलाई बलियो बनाउँदछ, बाँझी स्त्रीलाई सन्तानवती बनाउँदछ तथा वीर्य र बल बढाउँदछ ।

दूध आदिको प्रयोग

(क) **भावप्रकाश संहिता :**

पयः पिष्टैस्तिलारिष्टमधुकैश्च सुशीतलैः । भगन्दरे प्रशस्तोऽयं सरक्ते वेदनावति ॥

रगत सहितको पीडादायक भगन्दरमा गाईको दूधमा तिलको धूलो, नीमका पात र जेठीमधु पिसेर अति शीतल लेप बनाई दल्ने गर्नु हितकर हुन्छ ।

(ख) **रसरत्नाकर :**

पयःपिष्ट तिलैरण्डयष्टीलेपः सशोणिते ।

दूधमा पिसिएको तिल, अँडिर र जेठीमधुको लेप दल्नाले रगतजन्य वा रगत बहने भगन्दर नाश हुन्छ । (कसैकसैले पयःपिष्टको अर्थ दूध र पिठो भनी अर्थ लगाएको पाइन्छ) ।

(ग) **वङ्गसेन आयुर्वेद :**

पयःपिष्टैस्तिलैराज्यमधुकैश्च सुशीतलैः । भगन्दरे प्रशस्तोऽयं सरक्ते वेदनावति ॥

रगत आउने र दुख्ने भगन्दरमा दूधमा पिसेर तिल, घिउ र महको शीतल लेप दल्नु हितकर हुन्छ ।

(घ) **वैद्यरहस्य :**

पयःपिष्टैस्तिलारिष्टमधुकैः शीतलैः कृतः । लेपो भगन्दरे शस्तः पैत्तिके वेदनावति ॥

दूधमा तिल, नीम र जेठीमधु पिसेर शीतल लेप दल्नाले पीडादायक पित्तजन्य भगन्दर रोगमा हितकर हुन्छ ।

धतुरो आदिको प्रयोग

(क) **शार्ङ्गधर संहिता : कनकसुन्दर रस**

कनकस्याष्टशाणाः स्युः सूतो द्वादशभिर्मतः ॥
गन्धोऽपि द्वादश प्रोक्तस्ताम्रं शाणद्वयोन्मितम् ।

अभ्रकस्य चतुःशाणं (अभ्रकं स्याच्चतुःशाणं) माक्षिकञ्च द्विशाणकम्॥
वङ्गो द्विशाणः सौबीरं त्रिशाणं लोहमष्टकम्।
विषं त्रिशाणिकं कुर्याल(कृत्वा)लाङ्गली पलसम्मिता॥
मर्दयेद्दिनमेकञ्च रसैरम्लफलोद्भवैः। दद्यान्मृदुपुटे(टं) वह्नौ ततः सूक्ष्मं विचूर्णयेत्॥
माषमात्रो रसो देयः सन्निपाते सुदारुणे। आर्द्रकस्वरसेनैव रसोनस्य रसेन वा॥
किलासं सर्वकुष्ठानि विसर्पञ्च भगन्दरम्। ज्वरं गरमजीर्णञ्च जयेद्रोगहरो रसः॥

धतुरोका बीज आठ शाण, पारो बाह्र शाण, गन्धक बाह्र शाण, ताम्रभस्म दुई शाण, अभ्रखभस्म चार शाण, सुनामक्खीभस्म दुई शाण, राङभस्म दुई शाण, निलाञ्जन तीन शाण, लाहेभस्म आठ शाण, प्रशोधित वत्सनाभ विष तीन शाण र हलहलेको जरा एक पल यी सबै पिँधेर कागती आदि अमिलोको रसमा एकदिन भिजाएर राख्नू। त्यसपछि माटाको भाँडामा राखी कपडा बेरेर माटोले लिपी आरनमा राखेर मन्द आँचमा तताउनू। सेलाएपछि झिकी राम्ररी पिसेर राख्नू। यसलाई कनकसुन्दर रस भनिन्छ। यो रस एक मासा अदुवाको रससँग वा लसुनको रससँग खानाले कडा खालको सन्निपात पनि ठिक हुन्छ। किलासकुष्ठ र अन्य सबै कुष्ठ, विसर्प, भगन्दर, जरो, विषदोष र अजीर्ण समेत नाश हुन्छ।

निसोत आदिको प्रयोग

(क) अग्निपुराण :

त्रिवृता जीवन्ती दन्ती मञ्जिष्ठा शर्वरीद्वयम्। तार्क्षजं निम्बपत्रञ्च लेपः शस्तो भगन्दरे॥

सेतो निसोत, हर्रो, अजयपाल, मजिठो, दुई किसिमका हलेदो, रसाञ्जन र नीमका पात पिसी लेप लगाउनाले भगन्दरमा फाइदा गर्दछ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

त्रिवृद्दन्तीहरिद्रार्कमूललोहाश्वमारकैः। विडङ्गसारत्रिफलास्नुगर्कक्षीरमाक्षिकैः॥
तैलं समदनैः सिद्धं भगन्दरनिर्वहणम्॥

निसोत, अजयपाल, हलेदो, आँकको जरा, लोहभस्म, करवीर, वायुविडङ्ग, त्रिफला, सिउँडी, आँकको दूध र सुनामक्खी तथा मैनफल हालेर विधिपूर्वक पकाइएको तेलले भगन्दर नाश गर्दछ।

(ग) चक्रदत्त, भावप्रकाश संहिता, रसरत्नाकर :

त्रिवृत्तिला नागदन्ती मञ्जिष्ठा सह सर्पिषा। उत्सादनं भवेदेतत्सैन्धवक्षौद्रसंयुतम्॥

निसोत, तिल, कुकुरडाइनु, मजिठो र सिँधेनुन पिसी गाईको घिउ वा महमा मिसाएर लगाउने गर्नाले भगन्दर नाश हुन्छ ।

त्रिवृत्तेजोवतीदन्तीकल्को नाडीव्रणापहः॥

निसोत, टिमुर र अजयपाल पिसेर प्रयोग गर्नाले गढैको खटिरा नाश हुन्छ ।

(घ) **वङ्गसेन आयुर्वेद :**

त्रिवृत्तिलानलादन्ती मञ्जिष्ठ सहसर्पिषा । उत्सादनं भवेदेतत्सैन्धवक्षौद्रसंयुतम्॥

निसोत, तिल, चितू, अजयपाल, मजिठो, घिउ, सिँधेनुन र मह मिसाएर पिसी दल्नाले भगन्दर नाश हुन्छ ।

(ङ) **सुश्रुत संहिता :**

त्रिवृत्तिला नागदन्ती मञ्जिष्ठा पयसा सह॥ उत्सादनं भवेदेतत् सैन्धवक्षौद्रसंयुतम् ।

निसोत, तिल, नागदन्ती, मजिठो, विदारीकन्द, सिँधेनुन र मह : यी ओखतीको मिश्रणलाई गहिरो घाउ भर्न मलम बनाई प्रयोग गर्नू ।

त्रिवृद्दन्तीहरिद्रार्कमूलं लोहाश्वमारकौ । विडङ्गसारं त्रिफला स्नुह्यर्कपयसी मधु॥
मधूच्छिष्टसमायुक्तैस्तैलमेतैर्विपाचयेत् । भगन्दरविनाशार्थमेतद्योज्यं विशेषतः॥

निसोत, अजयपाल, हलेदो, आँकको जरा, अगर (धूपी), करवीर, वायुविडङ्ग, त्रिफला, सिउँडीको दूध, आँकको दूध, मह र मैन बराबर हाली विधिपूर्वक तेल पकाउनू । । यो तेल विशेषगरी भगन्दर नाशगर्न प्रयोग गर्नुपर्दछ ।

नुन आदिको प्रयोग

(क) **रसरत्नाकर :**

काञ्चनी द्विनिशा मुण्डी मञ्जिष्ठा च शतावरी॥
गन्धकं धातकीपुष्पं तुल्यं लवणपञ्चकम् । कन्याद्रवयुतोलेपः कफोत्थे च भगन्दरे॥

कफजन्य भगन्दरमा काञ्चनी बनकाँडे थाकल वा सत्यानाशी झार वा गोरोचन ?), हलेदो, चुत्रो, गोरखमुण्डी, मजिठो, कुरिलो, गन्धक, धयैँराको फूल र पाँच थरी नुन बराबर लिई घिउकुमारीको रसमा पिसेर दल्ने गर्नू ।

(ख) शार्ङ्गधर संहिता : लवणभास्कर चूर्ण

समुद्र लवणं कार्यमष्टकर्षमितं बुधैः ॥ पञ्चसौवर्चलं ग्राह्यं बिडं सैन्धवधान्यके(कात्) ।
पिप्पली पिप्पलीमूलं कृष्णजीरकपत्रकम् ॥ नागकेशरतालीसमम्लवेतसकन्तथा ।
द्विकर्षमात्राण्येतानि प्रत्येकं कारयेद् बुधः ॥ मरिचं जीरकं विश्वमेकैकं कर्षमात्रकम् ।
दाडिमंस्याच्चतुष्कर्षं त्वगेला चार्धकार्षिकी (त्वगेले चार्धकार्षिके) ॥
बीजपूररेसेनैव भावित सप्तवारकम् । एतच्चूर्णीकृतं सर्वं लवणं भास्कराभिधम् ॥
शाणप्रमाणं देयन्तु मस्तुतक्रसुरासवैः । वातश्लेष्मभवं गुल्मं प्लीहानमुदरं क्षयम् ॥
अर्शांसि ग्रहणीं कुष्ठं विबन्धं (विविधं) च भगन्दरम् ।
शोफं शूलं श्वासकासावामवातञ्च हृद्रुजम् ॥
मन्दाग्निं नाशयेदेतद् दीपनं पाचनं परम् । सर्वलोकहितार्थाय भास्करेणोदितं पुरा ॥

बुद्धिमानले समुद्री नुन एक सय साठी ग्राम; सौंचर नुन सय ग्राम; विड् नुन, सिधे नुन, धनियाँ, पिप्ला, पिप्लाको जरा, कालो जीरा, तेजपात, नागकेसर, लोठसल्लो र अम्लवेत सबै चालीस चालीस ग्राम; कालो मरीच, जीरा र सुठो सबै बीस बीस ग्राम; दारिमका दाना अस्सी ग्राम तथा दालचिनी र अलैंची दश दश ग्राम जम्मा पारी मिसाएर कुटी धुलो बनाउनू । यो धुलोलाई बिमिरोको रसमा सात पटक भिजाउनू । यसलाई लवणभास्कर चूर्ण भनिन्छ । यो रोग अनुसार अनुपानसँगै मस्तु, तक्र, सुरा वा आसवसँग तीन तीन ग्राम खान दिनाले वातविकार र कफविकारले हुने गुल्मरोग; फियोका रोग, पेटका रोग, क्षयरोग, अल्काई, ग्रहणी, कुष्ठ, कब्जियत, भगन्दर, सुजन, शूल, दम, खोकी, आमवात, मुटुका रोग र मन्दाग्निलाई नाश गर्दछ । यो अति नै दीपन र पाचन हुन्छ । यो चूर्णका बारेमा लोककल्याणका लागि परापूर्वकालमा सूर्यले बताएका थिए ।

न्यग्रोधादि गणका ओखतीको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता :

न्यग्रोधादिर्गणो यस्तु हितः शोधनरोपणः । तैलं घृतं वा तत् पक्वं भगन्दरविनाशनम् ॥

घाउलाई सफा गर्ने र भर्ने गुण भएको न्यग्रोधादि गणको ओखतीको धूलो वा लेदो हालेर पकाइएको तेल वा घिउले भगन्दर नाश गर्दछ ।

(ख) रसरत्नाकर :

न्यग्रोधादिर्गणो यस्तु हितः शोधनरोपणः ।

न्यग्रोधादि गणको ओखतीको धूलो वा लेदो हालेर पकाइएको तेल वा घिउले भगन्दर सफा गर्ने र भर्ने कार्य गर्दछ ।

(ग) वङ्गसेन आयुर्वेद :

न्यग्रोधादिगणो यश्च हितः शोधनरोपणः । तैलं घृतं वा तत्पक्वं भगन्दरविनाशनम्॥

घाउलाई सफा गर्ने र भर्ने गुण भएको न्यग्रोधादि गणको ओखतीको धूलो वा लेदो हालेर पकाइएको तेल वा घिउले भगन्दर नाश गर्दछ ।

(घ) सुश्रुत संहिता :

न्यग्रोधादिगणश्चैव हितः शोधनरोपणे । तैलं घृतं वा तत्पक्वं भगन्दरविनाशनम्॥

न्यग्रोधादि गणका ओखती भगन्दरको घाउ सफा गर्न र भर्न हितकर हुन्छ । यो गणका ओखती हालेर पकाइएको तेल वा घिउ भगन्दर नाश गर्नका लागि उत्तम हुन्छ ।

पञ्चतिक्तको प्रयोग

(क) चक्रदत्त, रसरत्नाकर :

पञ्चतिक्तं घृतं शस्तं पञ्चतिक्तश्च गुग्गुलुः ।

पञ्चतिक्तघृत र पञ्चतिक्तगुग्गुलु नामका ओखतीले भगन्दर नाश गर्दछ ।

पारो आदिको प्रयोग

(क) भैषज्य रत्नावली : चित्रविभाण्डक रस

शुद्धसूतं द्विधा गन्धं कुमारीरसमर्दितम् । त्र्यहान्ते गोलकं कृत्वा ताम्रं तेन प्रलेपयेत्॥
द्वयोः समं भस्म पूर्णभाण्डे रुद्ध्वा विपाचयेत् । द्वियामान्ते समुद्धृत्य स्वाङ्गशीतं विचूर्णयेत्॥
जम्बीरस्य द्रवैः पिष्ट्वा रुद्ध्वा सप्तपुटे पचेत्॥

शुद्ध पारोभस्म एक तोला र शुद्ध गन्धक दुई तोला घिउकुमारीको रसमा तीन दिन भिजाएर वा घोटेर गोली बनाउनू । यसलाई तीन तोला तामाको पातामा लिप्नू । यी दुई बराबर गुइँठाको आगो एक हाँडीमा भरी माथिबाट त्यो पाता राख्नू । त्यसमाथि पुनः खरानी भर्नू । हाँडीको मुख राम्ररी टाली दुई प्रहरसम्म आगोमा तताउनू । जब पाकेर सेलाउँदछ तब झिकेर धूलो बनाउनू । यो धूलो ज्यामिरको रसमा पिसेर मूषायन्त्रमा राखी सातपटक पुटपाक गर्नू ।

गुञ्जैकं मधुनाऽऽज्येन लिह्याद्धन्ति भगन्दरम् । मुषली लवणं चानु चारनालयुतं पिबेत्॥

कर्त्तव्यो मधुराहारो दिवास्वप्नं च मैथुनम् । वर्जयेच्छीतलाहारं रसे चित्रविभाण्डके॥

त्यसपछि तयार हुने ओखती एक एक रत्ती मह र घिउ मिसाएर चाट्ने गर्नू । भगन्दर नाश हुन्छ । यो ओखती खाएपछि मसुलीकन्द र सिँधेनुन काँजीमा पिसेर पिउने गर्नू । अनि गुलिया खानपिन गर्नू । दिउस सुत्न, सहवास गर्न र चिसा खानपिन गर्न बन्द गर्नू ।

(ख) रसरत्नसमुच्चय : रविताण्डव रस

शुद्धं सूतं द्विधा गन्धं कुमारीरसमर्दितम् । त्र्यहान्ते गोलकं कृत्वा हण्डिकान्ते निरोधयेत्॥
शुद्धेन ताम्रपात्रेण तयोस्तुल्येन यत्नतः । तद्भाण्डं भस्मनाऽऽपूर्य चुल्ल्यां तीव्राग्निना पचेत्॥
द्वियामान्ते तदुद्धृत्य चूर्णयेत्स्वाङ्गशीतलम् । जम्बीरस्य द्रवैः पिष्ट्वा रुद्ध्वा सप्तपुटैः पचेत्॥
गुञ्जैकं मधुराहारं दिपा स्वप्नं च मैथुनम् । वर्जयेच्छीतलाहारं रसेऽस्मिन् रविताण्डवे॥

प्रशोधित पारोभस्म एक भाग र शुद्ध गन्धक दुई भाग मिसाई घिउकुमारी रसमा तीन दिनसम्म भिजाई पिसेर गोली बनाउनू । त्यो गोलीलाई सुकाएर त्यो बराबर प्रशोधित ताम्रभस्म मिसाई सम्पुटमा बन्द गरी हाँडी भित्र राख्नू । हाँडीलाई राम्ररी खरानीले भरेर बिर्को लगाई मुख राम्ररी बन्द गर्नू । त्यसपछि कडा आगो बालेर पकाउनू । छ घण्टा पाकेर सेलाएपछि झिकी गोलीलाई धूलो बनाउनू । त्यसपछि त्यो धूलोलाई ज्यामिरको समा पिसी सम्पुटमा हाली बन्द गरेर सात पटक गजनुट दिनू । त्यसपछि पुनः रामैरी पिसेर राख्नू । यो रस हरेक दिन दुई दुई रत्ती खानू । यो रतिताण्डव रस खाएपछि घिउ, दूध, मिश्री, भात आदि गुलिया पदार्थ खानेगर्नू । यो ओखती खाँदा दिउस सुत्न, सहवास गर्न र शीतल पदार्थ खानपिन गर्न हुँदैन । यसरी यो रस खाने गर्नाले भगन्दर अवश्य नाश हुन्छ ।

रसगन्धकसिन्धूत्थतुत्थनागाः सजीरकाः । तिक्तकोशातकीसारैः पिष्ट्वा घ्नन्ति भगन्दरम्॥

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, सिँधेनुन , निलोतुथो, प्रशोधित सिसाभस्म र जीरा तितोघिरौँलोका रसमा पिसेर लेप दल्नाले भगन्दर नाश गर्दछ ।

(ग) रसरत्नाकर :

शुद्धं सूतं द्विधा गन्धं कुमारीरसमर्दितम् । त्र्यहान्ते गोलकं कृत्वा हण्डिकान्ते निरोधयेत्॥
तयो समे ताम्रपात्रे शुद्धे च ताम्रलेपिते । तद्भाण्डं भस्मनापूर्य चुल्ल्यां तीव्राग्निना पचेत्॥
त्रियामान्ते समुद्धृत्य चूर्णयेत्स्वाङ्गशीतलम् । जम्बीरस्य द्रवैः पिष्ट्वा रुद्ध्वा सप्तपुटे पचेत्॥
गुञ्जैकं मधुनाज्येन लिह्याद्धन्ति भगन्दरम् । मुशली लशुनं चानु आरनालयुतं पिबेत्॥
बर्त्तव्यं मधुनाहारं दिवास्वप्नञ्च मैथुनम् । वर्जयेच्छीतमाहारं रसेऽस्मिन् रतिताण्डवे॥

प्रशोधित पारोभस्म एक भाग र शुद्ध गन्धक दुई भाग मिसाई घिउकुमारी रसमा तीन दिनसम्म भिजाई पिसेर गोली बनाउनू । त्यो गोलीलाई सुकाएर त्यो बराबर प्रशोधित ताम्रभस्म मिसाई सम्पुटमा बन्द गरी हाँडी भित्र राख्नू । हाँडीलाई राम्ररी खरानीले भरेर बिर्को लगाई मुख राम्ररी बन्द गर्नू । त्यसपछि कडा आगो बालेर पकाउनू । तीन प्रहरसम्म पाकेर सेलाएपछि झिकी गोलीलाई धूलो बनाउनू ।

त्यसपछि त्यो धूलोलाई ज्यामिरको समा पिसी सम्पुटमा हाली बन्द गरेर सात पटक गजपुट दिनू । त्यसपछि पुनः राम्ररी पिसेर राख्नू । यो रस हरेक दिन एक एक रत्ती मह र घिउमा मिसाएर खानू, भगन्दर नाश हुन्छ । यो रतिताण्डव रस खाएपछि मुसलीकन्द र लसुनको धूलो काँजीसँग पिउने गर्नू । ओखती खाने अवधिमा गुलिया पदार्थ खानेपिउने गर्नू । यो ओखती खाँदा दिउस सुत्न, सहवास गर्न र शीतल पदार्थ खानपिन गर्न हुँदैन । यसलाई रतिताण्डव रस भनिन्छ ।

कालाग्निरसः

शुद्धसूतं समं गन्धं मृतनागं सतुत्थकम् । जीरकं सैन्धवं तुल्यं तिक्ताकोषातकीद्रवैः ॥
पिष्टं तल्लेपनाद्धन्ति भक्षणाच्च भगन्दरम् । रसः कालाग्निनामोऽयं द्विगुञ्जं मृयुजिद्भवेत् ॥

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, प्रशोधित सिसाभस्म, निलोतुथो, जीरा र सिँधेनुन बराबर लिई कटुकी र तितोघिरौँलोको रसमा पिसेर लेप दल्नाले अथवा दुई दुई रत्तीका दरले खानाले भगन्दर ठिक भई मृत्युलाई जित्दछ ।

(घ) वैद्यरहस्य : रूपराजरसः

रसेन्द्र भागद्वितयं म्लेक्षक्षारं चतुर्गुणम् । काजङ्घा रसैर्मर्द्यं खल्वे दिवस पञ्चकम् ॥
ताम्रसम्पुटके रुद्ध्वा सच्छिद्रे हण्डिकान्तरे । निवेश्य वालुकां दत्वा देयोऽग्निः प्रहराष्टकम् ॥
स्वाङ्गशीतं समुद्धृत्य मधुटङ्कणसंयुतम् । धमेन्मूषागतं तावद्यावद्भ्रमति तारवत् ॥
रूपराजरसो ह्येष भगन्दर कुलान्तकः । त्रिफलायाः पिबेत्क्वाथं पश्चात्पथ्यं हितं चरेत् ॥
मुक्तः स्वल्पैरहोभिः स्याद्भगन्दर महागदात् ।

प्रशोधित पारोभस्म दुई भाग र म्लेक्षक्षार (?) चार भाग वनमुगी वा रातीगेडीको रसमा पाँच दिन पिसेर राखी तामाको सम्पुटमा भरी पिँधमा प्वाल भएको हाँडमि राखी बालुवा भर्नि । अनि चुलोमा आठ प्रहरसम्म तताउनू । सेलाएपछि झिकी मूसायन्त्रमा हाली मह र स्वाग हाली चाँदीजस्तै नघुम्दासम्म तताएर झिक्नू । यो रूपराजरसले भगन्दरको समूहलाई नाश गर्दछ । दुई दुई रत्ती महसँग खानू । त्यसपछि त्रिफलाको काँढापानी पिउनू र शरीरलाई हितगर्ने खानपिन गर्नू । केही दिनमा डरलाग्दो भगन्दरबाट छुटकारा मिल्दछ ।

पिप्ला आदिको प्रयोग

(क) सुश्रुत संहिता :

मागध्यो मधुकं रोध्रं कुष्ठमेला हरेणवः ॥
समङ्गा धातकी चैव सारिवा रजनीद्वयम् । प्रियङ्गवः सर्जरसः पद्मकं पद्मकेसरम् ॥
सुधा वचा लाङ्गलकी मधूच्छिष्टं ससैन्धवम् । एतत् संभृत्य संभारं तैलं धीरो विपाचयेत् ॥
एतद्धै गण्डमालासु मण्डलेष्वथ मेहिषु । रोपणार्थं हितं तैलं भगन्दरविनाशनम् ॥

पिप्ला, जेठीमधु, लोध, कूट, सुकुमेल, शीतलचिनी, मजिठो, धयैँरोको फूल, अनन्तमूल, हलेदो, चुत्रो, दहीगुर्यैंलो, सालधूप, पैयुँ वा पिर्रे, कमलको केशर, सिउँडी, बोझो, गुन्यामधुरा, मैन र सिँधेनुन मिसाएर हाली विधिपूर्वक तेल पकाउनू । यो तेल गण्डमाला, प्रमेहका खटिरा, घाउ भर्न र भगन्दर नाशगर्न उत्तम हुन्छ ।

पुष्पकसी आदिको प्रयोग

(क) **शार्ङ्गधर संहिता : कासीसाद्यघृत**

कासीसं द्वे निशे मुस्तं हरितालं मनः शिलाम् । कम्पिल्लकं गन्धकञ्च विडङ्गं गुग्गुलुन्तथा ॥
सिक्थकं मरिचं कुष्ठं तुत्थकं गौरसर्षपान् । रसाञ्जनञ्च सिन्दूरं श्रीवासं रक्तचन्दनम् ॥
अ(इ)रिमेदं निम्बपत्रं करञ्जं सारिवां वचाम् । मञ्जिष्ठां मधुकं मांसीं शिरीषं लोध्रपद्मकम् ॥
हरीतकीं प्रपुन्नाटञ्चूर्णयेत् कार्षिकान् पृथक् । ततश्च चूर्णमालोड्य त्रिंशत्पलमिते घृते ॥
स्थापयेत्ताम्रपात्रे च घर्मे सप्तदिनानि च (वधि) । अस्याभ्यङ्गेन कुष्ठानि दद्रुपामाविचर्चिकाः ॥
शूकदोषा विसर्पाश्च विस्फोटा वातरक्तजाः । शिरःस्फोटोपदंशाश्च नाडीदुष्टव्रणानि च ॥
शोथो भगन्दरश्चैव लूताः शाम्यन्ति देहिनाम् । शोधनं रोपणञ्चैव सवर्णकरणं घृतम् ॥

पुष्पकासिस (वा हीराकसी, उपधातु विशेष), हलेदो, चुत्रो, नागरमोथे, हरिताल, मनशिला, कम्पिल्लक, गन्धक, वायुविडङ्ग, गोकुलधूप, मैन, कालोमरिच, कूट, तुथो, सेतो सर्सिउँ, रसाञ्जन, सिन्दूर, तार्पिनको तेल (श्रीवास), रक्तचन्दन, गनाउने खयरको बोक्रा, नीमको पात, कुबेराक्षाका गेडा, अनन्तमूल, बोझो, मजिठो, जेठीमधु, जटामसी, शिरीषको बोक्रा, लोध, पैयुँ, हर्रो र ताप्रेका गेडा : यी सबै ओखती एक एक कर्ष लिनू । सबैलाई कुटीपिसी धुलो बनाउनू । यसपछि तीस पल घिउमा यो धुलो घोली कुनै तामाका भाँडामा हाली सात दिनसम्म घाममा सुक्न दिनू । अनि पूर्ववर्त पकाई घिउ बनाउनू । यसपछि यो घिउलाई शरीरमा दल्नाले कुष्ठ, दाद, पामा, लुतो, शूकदोष, विसर्प, विस्फोट, वातरक्त, टाउकाका खटिरा, उपदंश, जरो गढेका खटिरा, खराब खटिरा, सुजन, भगन्दर र माकुरोले मुत्दा शरीरमा उठ्ने फोका नाश हुन्छन् । यो घिउले घाउखटिरा शुद्ध पारी भर्दछ र छालाको चमकलाई पहिलेको जस्तै बनाउँदछ ।

बर आदिको प्रयोग

(क) **चक्रदत्त :**

वटपत्रेष्टकाशुण्ठीगुडूच्यः सपुनर्नवाः । सुपिष्टाः पिडकारम्भे लेपः शस्तो भगन्दरे ॥

वरका पात, ईँटको धूलो, सुठो, गुर्जो र पुनर्नवा बराबर मिसाई राम्ररी पिसेर खटिरा भएजति ठाउँमा वा सुन्निएजति भागमा मलम जस्तो बनाई दल्नुपर्दछ । यो लेप भगन्दरमा हितकर हुन्छ ।

(ख) भावप्रकाश सांहेता :

वटपत्रेष्टका शुण्ठीसगुडूचीपुनर्नवाः । सुपिष्टः पिडकावस्थे लेपः शस्तो भगन्दरे ॥

वरका पात, ईँटको धूलो, सुठो, गुर्जो र पुनर्नवा बराबर मिसाई राम्ररी पिसेर खटिरा भएजति ठाउँमा वा सुन्निएजति भागमा मलम जस्तो बनाई दल्नुपर्दछ । यो लेप भगन्दरमा हितकर हुन्छ ।

(ग) भैषज्य रत्नावली :

वटपत्रेष्टकाशुण्ठीगुडूच्यः सपुनर्नवाः । सुपिष्टाः पिडिकान्ते च लेपः शस्तो भगन्दरे ॥

बरका पात, ईँटको मसिनो धूलो, सुठो, गुर्जो र पुनर्नवा बराबर मिसाई पिसेर मलम जस्तो बनाई जहाँसम्म सुजन छ त्यहाँसम्म दल्नु पर्दछ । सुजनलाई पाक्न नदिनका लागि यो मलम हितकर हुन्छ ।

(घ) योग रत्नाकर :

वटपत्रेष्टिकाशुण्ठीगुडूचीसपुनर्नवाः ।
सुपिष्टाः पिटिकावक्त्रे लेपः शस्तो भगन्दरे ॥

भगन्दरमा बरका पात, ईंटको धूलो, सुठो, गुर्जो र पुनर्नवा : यी सबै बराबर लिई मसिनो हुने गरी पिसेर खटिराको मुखमा लेप दल्नु हितकर हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद :

वटपत्रेऽष्टकाशुण्ठी गुडूचीसपुनर्नवाः ।
सुपिष्टः पिडकाऽवस्थे लेपः शस्तो भगन्दरे ॥

वरका पात, ईँटको धूलो, सुठो, गुर्जो र पुनर्नवा बराबर मिसाई राम्ररी पिसेर खटिरा भएजति ठाउँमा वा सुन्निएजति भागमा मलम जस्तो बनाई दल्नुपर्दछ । यो लेप भगन्दरमा हितकर हुन्छ ।

(ङ) वैद्यरहस्य :

वटपत्रेष्टका शुण्ठीसगुडूच्य स पुनर्नवाः ।
सुपिष्टाः पिडकावस्थे लेपः शस्तो भगन्दरे ॥

वरका पात, ईँटको धूलो, सुठो, गुर्जो र पुनर्नवा बराबर मिसाई राम्ररी पिसेर खटिरा भएजति ठाउँमा वा सुन्निएजति भागमा मलम जस्तो बनाई दल्नुपर्दछ । यो लेप भगन्दरमा हितकर हुन्छ ।

बोझो आदिको प्रयोग

(क) रसरत्नाकर :

स्विन्नं वचाकुष्ठहिङ्गुयवानीपटुपञ्चकम्॥ सर्पिषा पाययेच्चूर्णमम्लेनसुरयाऽपि वा ।

बोझो, कूट, हिङ, ज्वानु र पाँच थरी नुन घिउमा भुटेर धूलो पारी काँजी वा सुरासँग खाने गर्नाले भगन्दर नाश हुन्छ ।

मजिठो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

मञ्जिष्ठासैन्धवक्षौद्रनागदन्तीत्रिवृत्तिलाः । रसाञ्जनद्विरजनीतेजोह्वानिम्बपल्लवाः॥
निकुम्भकुम्भरक्ताह्वकल्को नाडीव्रणापहः॥

मजिठो, सिँधेनुन, मह, कुकुरडाइनु, निसोत, तिल, रसाञ्जन, हलेदो, चुत्रो, चाभो, नीमका मुना, वज्रदन्तीविशेष, गोकुलधूप र रक्ताह्व (?) मिसाएर मिसिएको लेपले गढेको खटिरा नाश गर्दछ ।

मह आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, भावप्रकाश संहिता :

मधुतैलयुता विडङ्गसारत्रिफलामागधिकाकणाश्च लीढाः ।
कृमिकुष्ठभगन्दरप्रमेहक्षयनाडीव्रणरोपणा भवन्ति॥

मह वा तेलमा मिसाएर वायुविडङ्ग, खयर, त्रिफला र दुई भाग पिप्लाको धूलो चाट्ने गर्नाले कीरा, कुष्ठरोग, प्रमेह र क्षयरोग नाश हुन्छ तथा भगन्दर र गढेका खटिराको घाउ भरिन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

मधुतैलयुता विडङ्गत्रिफलामागधिकाकणाश्च लीढाः ।
कुष्ठभगन्दरक्षतनाडीव्रणरोपणा भवन्ति॥

मह वा तेलमा मिसाएर वायुविडङ्ग, त्रिफला, पिप्ला र गजपिप्लाको धूलो चाट्ने गर्नाले कुष्ठरोग, भगन्दर, घाउ र गढेका खटिराको घाउ भरिन्छ ।

मालकागुनु आांदको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

ज्योतिष्मतीलाङ्गलिकाश्यामादन्तीत्रिवृत्तिलाः । कुष्ठं शतह्वा गोलोमी तिल्वको गिरिकर्णिका॥
हेमक्षीरी च वर्गोयं लेपाद्यैर्व्रणशोधनः॥

मालकागुनु, गुन्यामधुरा, कालो निसोत, अजयपाल, निसोत, तिल, कूट, सुप, बोझो, सेतो लोध, अपराजिता र सत्यानाशी झार : यी ओखतीहरूको लेपले घाउ सफा गर्दछ ।

(ख) **अष्टाङ्ग हृदय : ज्योतिष्मती तैल**

ज्योतिष्मती-मलयु-लाङ्गलि-शेलु-पाठा-कुम्भाऽग्नि-सर्ज-करवीर-वचा-सुधाऽर्कैः ।
अभ्यञ्जनाय विपचेत भगन्दराणां तैलं वदन्ति परमं हितमेतदेषाम्॥

मालकागुनु, काठेडुम्रीको बोक्रा, गुन्यामधुराको कन्द, लप्सीको बोक्रा, गुन्दरगानु, निसोत, चितूको जरा, सालधूप, करवीरको जराको बोक्रा, बोझो, सिउँडीको दूध र आँकको जराको बोक्रा हाली विधिपूर्वक पकाइएको तेल दल्ने गर्नाले सबै प्रकारका भगन्दरमा लाभ दिन्छ । यसले घाउ प्रशोधन र भर्ने कार्य गर्दछ ।

(ग) **भावप्रकाश संहिता :**

ज्योतिष्मती लाङ्गलकी श्यामा दन्ती त्रिवृत्तिलाः । कुष्ठं शताह्वा गोलोमीवर्गः शोधन इष्यते॥

मालकागुनु, गुन्यामधुरा, कालो निसोत, अजयपाल, निसोत, तिल, कूट, सुप र बोझोले भगन्दरको घाउ सफा गर्दछ ।

(घ) **वङ्गसेन आयुर्वेद :**

ज्योतिष्मती लाङ्गली च श्यामादन्तीत्रिवृत्तिला । कुष्ठं शताह्वागोलोमी मूर्वाशोधनमिष्यते॥

मालकागुनु, गुन्यामधुरा, कालो निसोत, अजयपाल, निसोत, तिल, कूट, सुप (सेतो दूबो ?) र मरुइलहरोले भगन्दरको घाउ सफा गर्दछ ।

(ङ) **सुश्रुत संहिता :**

ज्योतिष्मतीलाङ्गलकीश्यामादन्तीत्रिवृत्तिलाः । कुष्ठं शताह्वा गोलोमी तिल्वको गिरिकर्णिका॥
कासीसं काञ्चनक्षीर्यौ वर्गः शोधन इष्यते ।

मालकागुनु, गुन्यामधुरा, कालो निसोत, अजयपाल, निसोत, तिल, कूट, सुप, सेतो दूबो (वा बोझो), सेतो लोध, अपराजिता, हिराकसी र सत्यानाशी झार : यी ओखतीहरू भगन्दरको घाउ सफा गर्नका लागि उत्तम हुन्छन् ।

रसाञ्जन आदिको प्रयोग

(क) **चक्रदत्त, योगरत्नाकर, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता : रसाञ्जनादिकल्क**

रसाञ्जनं हरिद्रे द्वे मञ्जिष्ठा निम्बपल्लवाः । त्रिवृत्तेजोवतीदन्तीकल्को नाडीव्रणापहः ॥

रसाञ्जन, हलेदो, चुत्रो, मजिठो, नीमका पालुवा, निसोत, चाभो र अजयपाल पिसेर बनाइएको मलमले गढेको घाउ नाश गर्दछ ।

(ख) **रसरत्नाकर :**

रसाञ्जनं हरिद्रे द्वे मञ्जिष्ठा निम्बपल्लवाः । त्रिवृज्ज्योतिष्मतीदन्तीलेपो हन्ति भगन्दरम् ॥

रसाञ्जन, हलेदो, चुत्रो, मजिठो, नीमका पालुवा, निसोत, मालकागुनु र अजयपालको जरा पिसेर बनाइएको मलम दल्नाले भगन्दर नाश गर्दछ ।

(ग) **वैद्यरहस्य :**

रसाञ्जनं हरिद्रे द्वे मञ्जिष्ठा निम्बपल्लवाः । तृवृत्तेजोवतीकल्को नाडीव्रणरुजापहः ॥

रसाञ्जन, हलेदो, चुत्रो, मजिठो, नीमका पात, निसोत र मालकागुनीको लेदोले गढेको खटिरा र भगन्दर नाश गर्दछ ।

राजवृक्ष आदिको प्रयोग

(क) **सुश्रुत संहिता :**

आरग्वधनिशाकालाचूर्णं मधुघृताप्लुतम् । अग्रवर्तिप्रणिहितं व्रणानां शोधनं हितम् ॥
योगोऽयं नाशयत्याशु गतिं मेघमिवानिलः ।

राजवृक्ष, हलेदो र तितेलौका वा तितेघिरौंलोको धूलो प्रशस्त घिउ र महमा मिसाएर सुप्लोमा दली घाउमा राख्नू, यसले घाउ सफा गर्दछ । जसरी हावाले बादलको गतिलाई नाश पार्दछ त्यसरी नै यो सुप्लोले घाउलाई नाश पार्दछ ।

लोहभस्म आदिको प्रयोग

(क) **शार्ङ्गधर संहिता : लोहासव**

लोहचूर्णं त्रिकटुकं त्रिफलाञ्च यवानिकाम्। विडङ्गं मुस्तकं चित्रं चतुःसंख्यापलं पृथक्॥
धातकीकुसुमानान्तु प्रक्षिपेत् पलविंशतिम्। चूर्णीकृत्य ततः क्षौद्रं चतुःषष्टिपलं क्षिपेत्॥
दद्याद्गुडतुलान्तत्र जल द्रोणद्वयन्तथा। घृतभाण्डे विनिक्षिप्य निदध्यान्मासमात्रकम्॥
लोहासवममुं मर्त्यः पिबेद्वह्निकरं परम्। पाण्डुश्वयथुगुल्मानि जठराण्यर्शसां रुजम्॥
कुष्ठं प्लीहामयं कण्डूं कासं श्वासं भगन्दरम्। अरोचकञ्च ग्रहणीं हृद्रोगञ्च विनाशयेत्॥

लोहभस्म, सुठो, कालोमरिच, पिप्ला, हर्रो, बर्रो, अमला, ज्वानु, वायुविडङ्ग, नागरमोथे र चितूको बोक्रा : यी सबै ओखती चार चार पल तथा धयैँराको फूल बीस पल लिएर सबैलाई कुटी धुलो बनाउनू। यसमा चौसठ्ठी पल मह र एक तुला सक्खर वा मिस्री मिसाई दुई द्रोण जलमा हाली कुनै घिउको चिल्लो भाँडोमा हाली मुख बन्द गरेर एक महिना राख्नू। पछि मुख खोलेर निकाल्नू। यसलाई लोहासव भनिन्छ। यो आसव खानाले गुल्म, अल्काई, कुष्ठ, फियोका रोग, शरीर चिलाउने रोग, खोकी, दम, भगन्दर, अरुची, ग्रहणी र मुटुका रोग नाश हुन्छन्।

वायुविडङ्ग आदिको प्रयोग

(क) **अष्टाङ्ग हृदय :**

मधुतैलयुता विडङ्गसारत्रिफलामागधिकाकणाश्च लीढाः।
कृमिकुष्ठभगन्दरप्रमेहक्षतनाडीव्रणरोपणा भवन्ति॥

वायुविडङ्ग, हर्रो, बर्रो, अमला र पिप्लाको धूलो बराबर लिई मह र तेलमा मिसाएर चाट्नू। यो योगले कीराजन्य, कुष्ठ, भगन्दर, प्रमेहजन्य खटिरा, चोटपटक र नाडीजन्य व्रण नाश गर्दछ।

(ख) **शार्ङ्गधर संहिता : विडङ्गारिष्ट**

विडङ्गं ग्रन्थिकं रास्ना कुटजत्वक्फलानि च॥ पाठैलवालुकं धात्री भागान्पञ्चपलान्पृथक्।
अष्टद्रोणेऽम्भसः पक्त्वा कुर्याद् द्रोणावशेषितम्॥ पूते शीते क्षिपेत्तत्र क्षौद्रं पलशतत्रयम्।
धातकीं विंशतिपलां त्रिजातं द्विपलन्तथा॥ प्रियङ्गुकाञ्चनाराणां सलोध्राणां पलं पलम्।
व्योषस्य च पलान्यष्टौ चूर्णीकृत्य प्रदा(निधा)पयेत्॥
घृतभाण्डे विनिक्षिप्य मासमेकं विधारयेत्। ततः पिबेद्यथाऽर्हन्तु जयेद्विद्रधिमूर्जि(त्थि)तम्॥
ऊरुस्तम्भाश्मरीमेहान् प्रत्यष्ठीलाभगन्दरान्।
गण्डमालां हनुस्तम्भं विडङ्गारिष्टसञ्ज्ञितः(संज्ञकम्)॥

वायुविडङ्ग, पिप्लाको जरा, सिस्नु, ठूलो कुरोको बोक्रा, ठूलो कुरोको फल, अनन्तमूल, सिलाटिमुर र अमला : यी सबै पाँच पाँच पल जम्मा पारी कुटेर धुलो बनाउनू र आठ द्रोण पानीमा हाली पकाउनू । एक द्रोण पानी बाँकी भएपछि झिकेर छान्नू । सेलाएपछि तीन सय पल मह, बीस पल धयेंराको फूलको धुलो तथा दालचिनी, सुकुमेल र तेजपात जम्मा दुई पल; दहिगुयेंलो, नागकेशर र लोधको धुलो एक एक पल हाली घिउ हालेको चिल्लो भाँडामा मुख बन्द गरेर एक महिनासम्म राख्नू । त्यसपछि झिकेर छान्नू । यसलाई विडङ्गारिष्ट भनिन्छ । यो क्षमता हेरी पिउनाले विद्रधि, ऊरुस्तम्भ, पत्थरी, प्रमेह, प्रत्यष्ठीला, भगन्दर, गण्डमाला र हनुस्तम्भ रोग ठिक हुन्छ ।

सिँधेनुन आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

सैन्धवार्कत्रिवृत्पाठासमङ्गपूतिकाग्निकैः । समातुलुङ्गच्छदनैस्तैलंशोधनरोपणम् ॥

सिँधेनुन, आँक, निसोत, गुन्दरगानु, मजिठो, लेकपाङ्गो, चितू र बिमिरोको बोक्रा हाली विधिपूर्वक पकाइएको तेलले घाउ सफा गर्दछ र भर्दछ ।

(ख) **भैषज्य रत्नावली : सैन्धवाद्यतैल**

सैन्धवं चित्रकं दन्ती पलाशं चेन्द्रवारुणी । गोमूत्रेऽष्टगुणे पक्त्वा ग्राह्यमष्टावशेषितम् ॥
क्वाथपादं पचेत्तैलं कल्कः कृष्णायसं मृतम् । पचेत्तैलावशेषं च तेन लेप्यं भगन्दरम् ॥
असाध्यं साधयत्याशु पक्वं कृमिकुलान्वितम् ॥

सिँधेनुन, चितू, अजयपालको जरा, पलाँश र इन्द्रेनीलहरोको जरा बराबर लिई यसको आठ गुना गहुँतमा हालेर पकाउनू । पाक्दै जाँदा आठौं भाग बाँकी भएपछि झिकेर छान्नू । यो काँढापानीमा काँढापानीको एक चौथाई तिलको तेल र कृष्णलोहभस्म आठ तोला हालेर पुनः पकाउनू । तेलमात्र बाँकी भएपछि झिक्नू । यो तेल लगाउने गर्नाले कीरा परेको र असाध्य मानिएको भगन्दर पनि तुरुन्त नाश हुन्छ ।

(ग) **रसरत्नाकर : सैन्धवादितैल**

सैन्धवं चित्रकं दन्तीं पलाशञ्चेन्द्रवारुणीम् । गोमूत्रेऽष्टगुणे पच्याद्ग्राह्यमष्टावशेषकम् ॥
क्वाथ पादं क्षिपेत्तैलं कृष्णायसस्त्वयोमृतम् । पचेत्तैलावशेषञ्च तेन लेप्यं भगन्दरम् ॥
असाध्यं साधयत्याशु पक्वं क्रिमिकुलान्वितम् ॥

सिँधेनुन, चितू, अजयपाल, पलाँश र इन्द्रेनीलहरोको जरा पिसेको धूलो वा लेदो तीन तीन पल आठ गुना गहुँतमा हालेर आठ भाग बाँकी नहुँदासम्म पकाउनू । त्यसपछि छानेर हुने काँढापानीमा त्यसको एक चौथाई तिलको तेल र प्रशोधित लोहभस्म (दुई पल) शालेर पकाउनू । तेल मात्र बाँकी भएपछि

झिकेर प्रयोग गर्नू । यो तेल दल्ने गर्नाले काँरा पारेसकेको कडा र पुरानो खालको भगन्दर पनि नाश हुन्छ ।

सिउँडी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

सुधाशेलुत्रिवृत्पाठामलयूहयमारकैः । ज्योतिष्मतीलाङ्गलिका स्वर्जिकार्कवचाग्निकैः ॥
विष्यन्दनाख्यं विपचेत्तैलं शोधनरोपणम् ॥

सिउँडी, लप्सी, निसोत, गुन्दरगानु, काठेडुम्री, करवीर, मालकागुनु, गुन्यामधुरा, सज्जिखार, बोझो, चितू र विष्यन्दर (?) हाली विधिपूर्वक पकाइएको तेलले घाउ सफा गर्ने र भर्ने गर्दछ ।

(ख) चक्रदत्त, भावप्रकाश संहिता, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

स्नुह्यर्कदुग्धदार्वीभिर्वर्त्तिं कृत्वा विचक्षणः । भगन्दरगतिं ज्ञात्वा पूरयेत्ताः प्रयत्नतः ॥
एषा सर्वशरीरस्थां नाडीं हन्यान्नसंशयः ।

भगन्दरको घाउ सफा गरेपछि चतूर वैद्यले त्यसमा सिउँडीको दूध, आँकको दूध र चुत्रो पिसेर प्रयत्नपूर्वक भर्नू । यो ओखती शरीरका सबै भागमा हुने नाडीव्रण वा गढेका खटिरालाई पनि अवश्य नाश गर्दछ ।

(ग) रसरत्नाकर :

स्नुह्यर्कदुग्धदार्वीभिर्वर्त्तिं कृत्वा भगन्दरे ॥ दद्यात्सर्वशरीरस्थां नाडीं हन्यात्प्रयोगराट् ।

सिउँडीको दूध र आँकको दूधमा चुत्रोको धूलो मिसाएर सुप्लो भिजाई लगाउनाले भगन्दर र शरीरका कुनै पनि भागमा हुने गढेका खटिरा नाश हुन्छ ।

सुठो आदिको प्रयोग

(क) अर्कप्रकाश :

शुण्ठी च वटपत्राणि जातिपत्रामृतास्तथा । सैन्धवन्तक्रनिक्षिप्तं तवर्कस्तु भगन्दरे ॥

सुठो, बरका पात, चमेलीका पात (वा जाइफल), गुर्जो र सिधेनुनलाई मोहीमा मिसाएर अर्क निकाल्नू । यो अर्क पिउनाले भगन्दर रोग नाश हुन्छ ।

(ख) शाङ्गधर सांहेता : योगराजगुग्गुलु

नागरं पिप्पलीमूलं पिप्पली चव्यचित्रकौ ॥
भृष्टं हिंग्वजमोदं(दा) च सर्षपो जीरकद्वयम् । रेणुकेन्द्रयवाः पाठा विडङ्गं गजपिप्पली ॥
कटुकाऽतिविषा भार्ङ्गी वचा मूर्वा(र्वे) त्रिभागतः । प्रत्येकं शाणिकानि स्युर्द्रव्याणीमानि विंशतिः ॥
द्रव्येभ्यः सकलेभ्यश्च त्रिफला द्विगुणा भवेत् । एभिश्चूर्णीकृतैः सर्वैः समो देयश्च गुग्गुलुः ॥
वङ्गं रौप्यञ्च नागञ्च लोहसारन्तथाऽभ्रकम् । मण्डूरं रससिन्दूरं प्रत्येकं पलसम्मितम् ॥
गुडपाकसमं कृत्वा इमं दद्याद्यथोचितम् । एकपिण्डं ततः कृत्वा धारयेद् घृतभाजने ॥

सुठो, पिप्लाको जरा, पिप्ला, चाभा, चितूको बोक्रा, भुटेको हिङ, ज्वानु, सर्सिउँ, जीरा, कालो जीरा, शीतलचिनी, इन्द्रजौ, गानेगुर्जो, वायुविडङ्ग, चाभा विशेष (गजपिप्पली), कुटकी, उत्तिस, भारङ्गी, बोझो र मरुई लहरो : यी सबै बीस प्रकारका ओखती एक एक शाण (तीन तीन ग्राम) लिनू । यो सबैको दुई गुना त्रिफला लिनू । यसपछि यो सबै मिसाएर धुलो बनाउनू । जति हुन्छ त्यति नै गोकुलधूप पिसेर धुलो बनाई खुँदो जस्तो हुने गरी पकाउनू । यसपछि पहिलेको धुलो मिसाउनू । यसपछि राङभस्म, रतजभस्म, नागेश्वर भस्म, फलामको सारभस्म, अभ्रक, फलामको किटभस्म र रससिन्दूर : यी सबै एक एक पल (चालीस चालीस ग्राम) यसमा मिसाउनू । सबैलाई खुँदो पकाए जसरी पकाई एउटै गोली (डल्लो) बनाउनू । यसलाई घिउ हालिएको चिल्लो भाँडोमा हालेर राख्नू ।

गुटिकाः शाणमात्रास्तु कृत्वा ग्राह्या यथोचिताः । गुग्गुलुर्योगराजोऽयं त्रिदोषघ्नो रसायनः ॥
मैथुनाहारपानानां त्यागो नैवात्र विद्यते । सर्वान्वातामयान्कुष्ठानर्शांसि ग्रहणीगदम् ॥
प्रमेहं वातरक्तञ्च नाभिशूलं भगन्दरम् । उदावर्तं क्षयं गुल्ममपस्मारमुरोग्रहम् ॥
मन्दाग्निश्वासकासाँश्च नाशयेदरुचिन्तथा । रेतोदोषहरः पुंसां रजोदोषहरः स्त्रियाम् ॥
पुंसामपत्यजनको वन्ध्यानां गर्भदस्तथा । रास्नादिक्वाथसंयुक्तो विविधं हन्ति मारुतम् ॥
काकोल्यादिशृतान् पित्तं कफमारग्वधादिना । दार्वीशृतेन मेहाँश्च गोमूत्रेण च पाण्डुताम् ॥
मेदोवृद्धिञ्च मधुना कुष्ठं निम्बशृतेन वा । छिन्नाक्वाथेन वातास्रं शोथं शूलं कणाशृतात् ॥
पाटलाक्वाथसहितो विषं मूषकजञ्जयेत् । त्रिफलाक्वाथसहितो नेत्रार्तिं हन्ति दारुणाम् ॥
पुनर्नवादेः क्वाथेन हन्यात्सर्वोदरान्यपि ।

यसपछि ससाना एक शाण (तीन ग्राम) का गोली बनाई खाने गर्नू । यो गोलीलाई योगराजगुग्गुलु भनिन्छ । यसले त्रिदोष नाश गर्दछ । यो रसायनी हुन्छ । यो खाँदा मैथुन, खान, पिन आदि केही बार्नु पर्दैन । यसले सबै खालका वातका रोग, कुष्ठरोग, अल्काई, ग्रहणी, प्रमेह, वातरक्त, नाभिको शूल, भगन्दर, उदावर्त, क्षयरोग, गुल्म, छारेरोग, कोखाका शूल, मन्दाग्नि, दम, खोकी र अरुची नाश गर्दछ । पुरुषको वीर्य धातुका दोष नाश गर्दछ भने स्त्रीका रजोदोष नाश गर्दछ । पुरुषको धातु वृद्धि गर्दछ र पुत्र (सन्तान) दिन्छ, बाँझी स्त्रीलाई गर्भ दिन्छ । फ्याक्सेकन्द आदिको काँढापानीसँग खानाले अनेक थरी वातरोग नाश गर्दछ । कल्छे लहरोको काँढापानीसँग खानाले पित्तजन्य रोग नाश गर्दछ । राजवृक्षको गुदीको काँढापानीसँग खानाले कफविकार नाश गर्दछ । चुत्रोको काँढापानीसँग खाए प्रमेह नाश गर्दछ । गहुँतसँग खाए पाण्डुरोग नाश गर्दछ । बोसो बढेर धेरै मोटाएको मानिसले यसलाई महसँग खानू । नीमको बोक्राको काँढापानीसँग खानाले कुष्ठरोग नाश हुन्छ । वातरक्त रोगमा गुर्जोको काँढापानीसँग खानू । शूल र सुजनमा पिप्लाको काँढापानीसँग खानू । मुसाको विष नाश

गर्नुपर्दा पाडरीको कौँढापानीसँग खानू । आँखाका कडा रोगमा त्रिफलाको काँढापानीसँग खानू । यसलाई पेटका सबै खालका रोगमा पुनर्नवाको काँढापानीसँग खानू ।

(ग) **हारीत संहिता :**

शुण्ठी कणा द्विरजनी च घनं तथा च योज्यः पुनः प्रतिविषं त्रिफला विडङ्ग ।
सिन्धूत्थवह्नित्रिकटुं त्रिसुगन्धियुक्तं चूर्णं पुनर्गुडयुतं घृतमिश्रितं च॥
कृत्वा बिडालपदमात्रकमोदकांश्च भक्षेद्यथा जलमपि ग्रहणीगदे च ।
अर्शोभगन्दरमरोचकगुल्ममेहाञ्छूलाश्मरीकृमिजरोगहरं च पाण्डु॥
श्रेष्ठं रसायनमिदं बलिनाशनं स्याद्वृष्यं बलं विदधतेऽतिकृशत्वदोषम् ।
वर्णेन्द्रियसकलदीप्तिकरं रुजोघ्नं कुष्ठभ्रमापहरणं कुरुतेसदैव॥

सुठो, पिप्ला, हलेदो, चुत्रो, नागरमोथे, अतीस, हर्रो, बर्रो, अमला, वायुविडङ्ग, सिँधेनुन, चितु, सुठो, मरिच, पिप्ला, दालचिनी, अलैँची र तेजपातको धुलोमा सक्खर र घिउ मिसाएर एक एक तोलाका दरले गोली बनाउनू । यो गोली पानीसँग खाने गर्नाले ग्रहणी, अल्काई, भगन्दर, अरुचि, गुल्म, प्रमेह, शूल, पत्थरी, कीरा र पाण्डु नाश हुन्छ । यो श्रेष्ठ रसायनी हो । यसले चाउरी नाश गर्दछ र बल एवं वीर्य दिन्छ । वर्ण र इन्द्रियलाई प्रकाशित गर्दछ । दुःख नाश गर्दछ । सबै समयमा कुष्ठ र भ्रम नाश गर्दछ ।

हरिताल आदिको प्रयोग

(क) **अर्कप्रकाश :**

देवदार्वीरसैर्युक्तं भगन्दरहरं स्मृतम्॥

(हे प्रिये ! अब म हरिताल खाने विधि बताउँदछु । हरिताल सिद्ध भएपछि हरि भगवानको के काम छ र ?) । देवदारुको अर्कसँग खाए भगन्दर रोग ठिक हुन्छ ।

हर्रो आदिको प्रयोग

(क) **शार्ङ्गधर संहिता : अभयामोदक**

अभया मरिचं शुण्ठीविडङ्गामलकानि च॥ पिप्पली पिप्पलीमूलं त्वक्पत्रं मुस्तमेव च ।
एतानि समभागानि दन्ती च द्विगुणा भवेत्॥ त्रिवृदष्टगुणा ज्ञेया षड्गुणा चात्र शर्करा ।
मधुना मोदकं कृत्वा (मोदकान्कृत्वा) कर्षमात्रप्रमाणतः॥
एकैकं भक्षयेत्प्रातः शीतञ्चानु पिबेज्जलम् । तावद्विरिच्यते जन्तुर्यावदुष्णं न सेवते॥
पानाहारविहारेषु भवेन्निर्यन्त्रणं(णः) सदा । विषमज्वरमन्दाग्निपाण्डुकासभगन्दरम्(रान्)॥
दुर्नाम कुष्ठगुल्मार्शोगलगण्डव्रणो(भ्रमो)दरान् ।

विदाहप्लीहमर्होश्च यक्ष्माणं नयनामयम्(यान्) ॥
वातरोगं तथाध्मानं मूत्रकृच्छ्राणि चाश्मरीम् । पृष्ठपार्श्वोरुजघनजङ्घोदररुजं(जो) जयेत् ॥
सततं शीलनादेष(षां) पलितानि विना(प्रणा)शयेत् । अभयामोदका ह्येते रसायनवराः स्मृताः ॥

हर्रो, कालो मरिच, सुठो, वायुविडङ्ग, अमला, पिप्ला, पिप्लाको जरा, दालचिनी, तेजपात र नागरमोथे यी सबै बराबर मात्रामा लिनू । यसमा अजयपाल तीन भाग, सेतो निशोध आठ भाग र सक्खर वा मिस्री छ भाग मिसाई मोल्नू । अनि एक एक कर्षका गोली वा लड्डू बनाउनू । यो एउटा गोली बिहान दिसा लगाउन खानू र त्यसपछि अलिकति चिसो पानी पिउनू । (यसपछि दिसा लाग्न शुरु हुन्छ) । जबसम्म दिसा लाग्दछ तबसम्म तातो कुरा नखानू । अन्य खानपिन र परिश्रम आदि कुरा पनि बार्नू । यसले विषमज्वर, मन्दाग्नि, पाण्डु, खोकी, भगन्दर, कुष्ठ, गुल्म, अल्काई, गलगाँड, भ्रम, पेटका रोग, डाह, फियोका रोग, प्रमेह, क्षयरोग, आँखाका रोग, वातरोग, आध्मान, मूत्रकृच्छ्र, पत्थरी जस्ता रोग तथा ढाड, गोडा, कम्मर, तिघ्रा, पिँडुला र पेट दुख्ने जस्ता रोग पनि ठिक हुन्छ । यो लड्डूलाई अभयादिमोदक भनिन्छ । नियमित यो लड्डू खानाले उमेर नपुग्दै फुलेको कपाल पनि कालो हुन्छ । यो एक उत्तम रसायन हो ।

हलेदो आदिको प्रयोग

(क) **भावप्रकाश संहिता : निशाद्यतैल**

निशार्कक्षीरसिन्धूत्थपुराश्वहरवत्सकैः । सिद्धमभ्यञ्जनं तैलं भगन्दरहरं परम् ॥

हलेदो, आँकको दूध, सिँधेनुन, गोकुलधूप, करवीर र इन्द्रजौ हालेर विधिपूर्वक पकाइएको तेल लगाएर मालिस गर्नाले भगन्दर अवश्य नाश हुन्छ ।

(ख) **चक्रदत्त, भैषज्य रत्नावली, रसरत्नाकर : निशाद्यतैल**

निशार्कक्षीरसिन्ध्वग्निपुराश्वहनवत्सकैः । सिद्धमभ्यञ्जने तैलं भगन्दरविनाशनम् ॥

हलेदो, आँकको दूध, सिँधेनुन, चितू, गोकुलधूप, करवीरको जरा र ठूलोकुरोको बोक्रा बराबर मिसाई पिसेर एक सेर, पानी आठ सेर र तिलको तेल दुई सेर हाली विधिपूर्वक पकाउनू । यो तेल लगाउनाले भगन्दररोग चाँडै नाश हुन्छ ।

(ग) **योगरत्नाकर :**

निशार्कक्षीरसिन्ध्वाग्निपुरलाङ्गलिवत्सकैः । सिद्धमभ्यञ्जने तैलं भगन्दरविनाशनम् ॥

हलेदो, आँकको दूध, सिँधेनुन, चितू, गाकुलधूप, गुन्यामधुरा र इन्द्रजौ बराबर मिसाई पिसेर लेदो बनाउनू । यसको चौबर तिलको तेल र तेलको चौबर पानी हालेर पकाउनू । यो तेलले मालिस गर्नाले भगन्दर रोग नाश हुन्छ ।

(घ) **रसरत्नसमुच्चय :**

हरिद्रानिम्बसिन्दूत्थं पिष्ट्वा लिप्त्वा स्फुटत्यलम्॥

बेसार, नीमका पात र सिँधेनुन मिसाएर पानीमा पिसी लेप दल्नाले भगन्दर अवश्य नै फुट्दछ ।

(ङ) **रसरत्नाकर :**

हारिद्रानिम्बसिन्धूत्थं पिष्ट्वा सलम्पेत्स्फुटत्यलम्॥

हलेदो, नीमका पात र सिँधेनुन मिसाई पिसेर मलम जस्तो बनाई दल्नाले भगन्दरको घाउ तुरुन्त फुट्दछ ।

हरिद्रादितैल

निशासैन्धवसिद्धार्थक्षौद्रगुग्गुलुसंयुता । वर्त्तिभगन्दरे योज्या तथा नाडीव्रणा पहा॥

हलेदो, सिँधेनुन, सर्सिउँ, मह र गोकुलधूप बराबर मिसाई सुप्लोमा भिजाएर लगाउने गर्नाले भगन्दर र गढेको खटिरा ठिक हुन्छ ।

(च) **वङ्गसेन आयुर्वेद : निशाद्यतैल**

निशार्कक्षीरसिन्धैत्थपुराऽश्वहरवत्सकैः । सिद्धमभ्यञ्जनं तैलं भगन्दर हरं परम्॥

हलेदो, आँकको दूध, सिँधेनुन, गोकुलधूप, करवीर र इन्द्रजौ हालेर विधिपूर्वक पकाइएको तेल लगाएर मालिस गर्नाले भगन्दर अवश्य नाश हुन्छ ।

हिङ आदिको प्रयोग

(क) **भैषज्य रत्नावली : नारायणरस**

दरदं पार्वतीपुष्पं कुनटी पुरुषो रसः । शोणितं गन्धको दैत्यः सैन्धवातिविषे चवी॥
शरपुङ्खा विडङ्गश्च यमानी गजपिप्पली । मरिचार्कौ च वरुणो धूनकं च हरिकको॥
सम्मर्द्य कटुतैलेन गुडिकां कारयेद्भिषक्॥ नाडीव्रणं प्रदुष्टं च गण्डमालां विचर्चिकाम् ।
चिरदुष्टव्रणं दद्रुं पूतिकर्णं शिरोगदम्॥ हस्तपादपरिस्फोटं दुःसाध्यं च भगन्दरम् ।
एतान् रोगान्निहन्त्याशु गजेन्द्रमिव केसरी॥

हिङ, गोपीचन्दन, रसाञ्जन, मैनासिला, स्वर्णभस्म, प्रशोधित पारोभस्म, ताम्रभस्म, शुद्ध गन्धक, लोहभस्म, सिँधेनुन, अतीस, चाभो, रातो साकिनु, वायुविडङ्ग, ज्वानु, गजपिप्ला, मरिच, आँकको जरा, सिप्लिकानको जरा, सेतो सालधूप र हर्रो एक एक तोला सर्सिउँको तेलमा हाली गोली बनाउनू । यो गोलैले गढेको खटिरा, गण्डमाला, विचर्चिका, धेरै पुरानो खटिरा, दाद, कान पाक्ने रोग, टाउकाका रोग, हातगोडामा आउने फोका र असाध्य भगन्दर आदि रोग सिंहले हात्तीलाई नाश गरेजस्तै चाँडै नाश गर्दछ ।

भगन्दर पाकेपछि गरिने शल्यक्रिया

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

सर्वत्र च बहुच्छिद्रे छेदानालोच्य योजयेत् । गोतीर्थ-सर्वतोभद्र-दललाङ्गल-लाङ्गलान् ॥

कुनै पनि भगन्दरमा प्वाल वा मुख धेरै भए प्वाल अनुसार गोतीर्थ, सर्वतोभद्र, अर्धलाङ्गल वा लाङ्गल विधिले चिर्ने कार्य गर्नू ।

पार्श्वं गतेन शस्त्रेण च्छेदो गोतीर्थको मतः ।

घाउको एकातिर हतियारले चिर्नु वा प्वाल पार्नुलाई "गोतीर्थक" भनिन्छ ।

सर्वतः सर्वतोभद्रः ...।

घाउको सबैतिरबाट चिर्नु वा प्वाल पार्नुलाई "सर्वतोभद्र" भनिन्छ ।

...पार्श्वच्छेदोऽर्धलाङ्गलः ॥३१॥

घाउको एक भागमा एउटा सानो र एउटा ठूलो प्वाल पार्नुलाई "अर्धलाङ्गलक" भनिन्छ ।

पार्श्वद्वये लाङ्गलकः ...।

घाउको दुवैतिर प्वाल पार्नुलाई "लाङ्गलक" भनिन्छ ।

...समस्तांश्चाग्निना दहेत् । आस्रावमार्गान्निःशेषान्नैवं विकुरुते पुनः ॥

उल्लेखित सबै खालका चिरफार पछि वा प्वाल पार्ने कार्य गरी (घाउ सफा गरेर) सबै खालका घाउमा अग्निकर्म गरी डाम्नु पर्दछ । घाउ डाम्नाले दूषित पदार्थ निस्कने बाटो डढी पुनः विकार वा रोग उत्पन्न हुन पाउँदैन ।

यतेत कोष्ठशुद्धौ च भिषक् तस्यान्तरान्तरा ।

यसरी उपचार गर्ने क्रममा वैद्यले रोगीलाई बीचबीचमा दिसा लगाएर शरीरको भित्री भाग शुद्ध पार्ने प्रयत्न गर्नुपर्दछ ।

(ख) अष्टाङ्ग हृदय :

पाके पुनरुपस्निग्धं स्वेदितं चावगाहतः ॥
यन्त्रयित्वार्शसमिव पश्येत्सम्यग्भगन्दरम् । अर्वाचीनं पराचीनमन्तर्मुखबर्हिर्मुखम् ॥

यदि भगन्दर पाक्न शुरु भयो भने पहिले शरीरलाई चिल्लो बनाएर त्यसपछि अवगाहन विधिले पसिना निकाल्नू । त्यसपछि हर्सा रोगमा बताइएका विधिले यन्त्रका सहायताले भगन्दर रोगलाई राम्ररी निरीक्षण गर्नू र त्यसमा आएका खटिराको मुख तलतिर फर्केको (अर्वाचीन), माथितिर फर्केको (पराचीन), भित्रतिर फर्केको (अन्तर्मुख) वा बाहिरतिर फर्केको (बहिर्मुख) के छ पत्ता लगाउनू ।

अथान्तर्मुखमेषित्वा सम्यक् शस्त्रेण पाटयेत् ।

यसरी निरीक्षण गरिसकेपछि भित्रतिर मुख फर्केको भगन्दरलाई विशेष हतियारले राम्ररी चिर्नू अर्थात् खिलसमेत निकाल्नू । त्यसपछि शोधन र रोपण गर्नू ।

बर्हिर्मुखं च निःशेषं ततः क्षारेण साधयेत् ॥ अग्निना वा भिषक् ...।

बाहिरतिर मुख फर्केको भगन्दरको खटिरालाई पनि वेद्यले जरैसमेत चिर्नू अनि विधिपूर्वक क्षारकर्म वा अग्निकर्म गर्नू ।

...साधु क्षारेणैवोष्ट्रकन्धरम् ।

उष्ट्रग्रीव भगन्दरमा भने चिर्ने आदि कार्य गरेपछि क्षारको नै प्रयोग गर्नू, अग्निकर्म नगर्नू ।

नाडीरेकान्तराः कृत्वा पाटयेच्छतपोनकम् ॥ तासु रूढासु शेषाश्च मृत्युदीर्णे गुदेऽन्यथा ।

शतपोनक भगन्दरमा एएटा एउटा गरी नाडीव्रण चिर्नू । त्यो घाउ भरिएपछि मात्र अन्य नाडीव्रण चिर्नू । यसो गरिएन एकैपटक चिरियो भने मलद्वारको भाग नै छियाछिया भई मानिसको ज्यान जान्छ ।

परिक्षेपिणि चाप्येवं नाड्युक्तैः क्षारसूत्रकैः ॥

परिक्षेपी भगन्दरमा नाडीरोगको उपचारका क्रममा बताइएका क्षारसूत्रहरूको प्रयोग गर्नुपर्दछ ।

अर्शोभगन्दरे पूर्वमर्शांसि प्रतिसाधयेत् ।

हर्साजन्य भगन्दरमा पहिले हर्साको उपचार गर्नुपर्दछ ।

त्यक्त्वोपचर्यः क्षतजः शल्यं शल्यवतस्ततः ॥
आहरेच्च तथा दद्यात् कृमिघ्नं लेपभोजनम् । पिण्डनाड्यादयः स्वेदाः सुस्निग्धा रुजि पूजिताः ॥

क्षतजन्य भगन्दरमा असाध्य हो भनी प्रयोगका लागि उपचार शुरु गर्नू । यदि त्यसमा केही बिभ्रेको भए पहिले त्यसलाई निकाल्नू । त्यसपछि कीरा नाशगर्ने लेप, भोजन आदिको प्रयोग गर्नू । धेरै दुःखेमा चिल्ला पदार्थले पिण्डस्वेद दिनू ।

लेपो व्रणे बिडालास्थि त्रिफलारसकल्कितम् ॥

भगन्दरको चिरफार गरिएको घाउमा त्रिफलाको काँढापानीमा पिसिएको बिरालोको हाड मलम बनाएर लगाउनु पर्दछ ।

(ग) चक्रदत्त, भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

एषणीपाटन(नं)क्षारवह्निदाहादिकं क्रमम् । विधाय व्रणवत्कार्यं यथादोषं यथाक्रमम् ॥

पाकेको भगन्दरलाई "एषणी" नामक औजारले चिर्ने, क्षार लगाउने, अग्निले डाम्ने आदि उपचार गर्नू । यसपछि रोग हेरी क्रमशः व्रणको जसरी उपचार गर्नू ।

(घ) चरक संहिता :

विरेचनं चैषणपाटनं च विशुद्धमार्गस्य च तैलदाहः ।
स्यात्क्षारसूत्रेण सुपाचितस्य भिन्नस्य चास्य व्रणवच्चिकित्सा ॥

दिसा लगाउने कार्य सकेपछि अन्वेषकयन्त्र(एषण)का सहायताले भगन्दरका घाउ निरीक्षण गर्नू । अनि चिरफार गर्नू । खटिराको बाटो (जरै सहित) सफा भएपछि ओखती मिसाएर पकाइएको तेलमा भिजाएर सुप्लो घाउमा राख्नू । सफा भएपछि तैलदाह गर्नू । त्यसपछि खटिरामा जसरी नै घाउ भर्ने

उपचार गर्नू । चिरफा गर्न डराउने खालको रोगी भए क्षारसूत्रको प्रयोग गरी खटिरालाई पकाउनू । अनि खटिराको जसरी नै उपचार गर्नू ।

(ङ) **चिकित्साकलिका :**

पक्वां च सम्यग्व्रणवच्चिकित्सेच्चिकित्सकस्तामतिकृच्छ्रसाध्याम् ॥

पाकेपछिका अति कठिन तरिकाले निको पार्न सकिने भगन्दरका खटिरालाई व्रणको उपचार विधिले उपचार गर्नुपर्दछ ।

शुक्राशयं यदिगतिर्निगता गुदं वा स्यात्सेवनीमथ भवेत्प्रचुरव्रणा वा ।
शस्त्रैर्विदार्य विधिवद् व्रणवद्भिषक् तां क्षारेण वा ज्वलनतप्तशलाकया वा ॥

यदि भगन्दरको खटिराको जरा शुक्राशय, भित्री मलद्वार र जननेन्द्रियसम्म पुगेको छ भने अर्थात् एउटै भगन्दरको खटिराको पनि अनेक हाँगा निस्केको अवस्था छ भने विधिपूर्वक हतियारको प्रयोग गरी चिरफार गर्नू र व्रणको जसरी उपचार गरी क्षारले वा तताइएका काँटीले डाम्नू ।

(च) **भावप्रकाश संहिता :**

नाड्यन्तरे व्रणान्कुर्याद्भिषक्वै शतपोनके । ततस्तेष्ववरूढेषु शेषा नाडीरुपाचरेत् ॥

शतपोनक नामक भगन्दरमा त्यसको नसा भित्र औजारले चिरी घाउ भर्नू । जब घाउ भरिएर सुक्दछ त्यसपछि मात्र अर्को घाउ यसरी नै चिरेर उपचार गर्नू ।

व्याधौ तत्र बहुच्छिद्रे भिषजा तु विजानता । अर्द्धलाङ्गलकच्छेदः कार्यो लाङ्गलकोऽपि वा ॥
सर्वतोभद्रको वाऽपि कार्यो गोतीर्थकोऽपि वा ।

अनेकौं प्वाल हुने यो शतपोनक नामक भगन्दरमा वैद्यले सोचविचार गरी अर्द्धलाङ्गलक, लाङ्गलक, सर्वभद्रक र गोतीर्थक नामका प्वाल पार्ने गर्नू ।

द्वाभ्यां समाभ्यां पार्श्वाभ्यां छेदो लाङ्गलको मतः ॥
ह्रस्वमेकतरं यत्तु सार्द्धलाङ्गलकः स्मृतः । सेवनीं वर्जयित्वा तु चतुर्द्धा दारिते गुदे ॥
सर्वतोभद्रकं छेदमाहुश्छेदविदो जनाः । पार्श्वादागतशस्त्रेण च्छेदो गोतीर्थको मतः ॥

दुईतिरको भाग बराबर राखेर पारिने प्वाललाई “लाङ्गलिक” भनिन्छ । एकातिरको भाग कम राखेर पारिने प्वाललाई “अर्द्धलाङ्गलिक” भनिन्छ ।जननेन्द्रियलाई जोगाएर मलद्वारमा आएका भगन्दरको

चारैतिर प्वाल पार्नुलाई "सर्वतोभद्र" भनिन्छ । एकातिरको भागमा हतियार छिराएर प्वाल पार्नुलाई "गोतीर्थक" भनिन्छ ।

सर्वानास्रावमार्गांस्तु दहेद्वैद्यस्तथाग्निना । अथोष्ट्रग्रीवमेषिण्या छित्त्वा क्षारं निपातयेत् ॥

यसरी वैद्यले भगन्दरको घाउमा प्वाल पारेपछि शतपोनकका सबै प्वाललाई आगोले डामिदिनू । उष्ट्रग्रीव भगन्दर भए दूषित पदार्थ सफा गरी हतियारले चिरेर क्षार हाल्नू ।

पूतिमांसव्यपोहार्थमग्निरत्र प्रपूजितः । उत्कृत्यास्रावमार्गन्तु परिस्राविणि बुद्धिमान् ॥
क्षारेणस्रावितगतिं दहेद्धुतवहेन वा ॥

सडेगलेका गनाउने मासु निकाल्नका लागि आगोले डाम्नू नै उत्तम उपाय हुन्छ । परिस्रावी नामक भगन्दरमा बुद्धिमान वैद्यले दूषित पदार्थ बहने बाटोलाई चिरी क्षारले अथवा आगोले त्यो बाटोलाई पोल्नू ।

गतिमन्विष्य शस्त्रेण छिन्द्यात्खर्जूरपत्रकम् ॥
चन्द्रार्द्धं चन्द्रवर्गञ्च सूचीमुखमवाङ्मुखम् । छित्त्वाऽग्निना दहेत्सम्यगेवं क्षारेण वा पुनः ॥

शम्बूकावर्त नामक भगन्दरमा दूषित पदार्थ बहने बाटो सफा गरी औजारले खजूरपत्रक, चन्द्रार्द्ध, चन्द्रवर्गचक्र, सूचीमुख वा अवाङ्मुख नामका प्वाल आवश्यकता अनुसार पारी त्यसलाई आगोले वा क्षारले राम्ररी पोलिदिनू ।

एषां तु शस्त्र पतनाद्वेदनाप्यति जायते । तत्राशु तैलेनोष्णेन परिषेकः प्रशस्यते ॥

चिरफार नै गर्नुपर्ने रोग भए वैद्यले तुरुन्त तातो तेलले त्यो भागमा सेचन गर्नु हितकर हुन्छ ।

आगन्तुजे भिषङ् नाडीं शस्त्रेणोत्कृत्य यत्नतः । जम्ब्वोष्ठेनाग्निवर्णेन तद्वया वा शलाकया ॥
दहेद्यथोक्तं मतिमांस्तं व्रणं सुसमाहितः ॥

शल्यजन्य भगन्दर भए बुद्धिमान् वैद्यले प्रयत्नपूर्वको त्यसको नसा चिर्नू र रातो हुनेगरी तताइएको जम्ब्वोष्ठ नामक पत्थरले अथवा यसरी नै तताइएको काँटीले विधिपूर्वक डामिदिनू ।

(छ) **भैषज्य रत्नावली :**

पक्वे पुनः शस्त्रवह्निक्षारकर्म यथाविधि ॥

भगन्दर पाकेपछि चिरफार गर्नु, आगोले डाम्नु, क्षरको प्रयोग गर्नु जस्ता उपचार हितकर हुन्छ ।

(ज) **योग रत्नाकर :**

पक्वे पुनः शस्त्रविधिस्तथा क्षाराग्निकर्म च॥

पाकेपछिको भगन्दरलाई हतियारले चिरफार गर्नू र क्षारसूत्र वा अग्निले पोल्नू ।

एतासां पाटनक्षारवह्निदाहादिकं क्रमम् । विधाय व्रणवत्कार्यं यथादोषं यथाक्रमम्॥

पाकेको भगन्दरलाई "एषणी" नामक औजारले चिर्ने, क्षार लगाउने, अग्निले डाम्ने आदि उपचार गर्नू । यसपछि रोग हेरी क्रमशः व्रणको जसरी उपचार गर्नू ।

(झ) **रसरत्नसमुच्चय :**

स्राव्यं रक्तं व्रणे जाते जलौका वा प्रयोजयेत्॥

केहीगरी पाकेमा वा खटिराबाट दूषित पदार्थ बग्न थालेमा प्वाल पारेर वा जूकाले टोकाएर रगत निकाल्नू ।

न शस्त्रैश्छेदयेत्प्राज्ञः स्फोटयेल्लेपनादिभिः ।

बुद्धिमान् वैद्यले पाकेको भगन्दरलाई हतियारले नफोर्नू ओखती दलेर फुटाउनू ।

(ञ) **रसरत्नाकर :**

न शस्त्रैश्छेदयेत्प्राज्ञः स्फोटयेल्लेपनादिभिः ।

भगन्दरको खटिरा (पाकेको भएपनि) फुटाउनका लागि हतियारको प्रयोग नगर्नू । ओखती लेप दलेर फुटाउनू ।

(ट) **वङ्गसेन आयुर्वेद :**

नाड्यन्तरे व्रणः कुर्य्याद्भिषक् तु शतपोनके । ततस्तेष्ववरूढेषु शेषा नाडीरूपाचरेत्॥

शतपोनक नामक भगन्दरमा त्यसको नसा भित्र औजारले चिरी घाउ बनाउनू । जब घाउ भरिएर सुक्दछ त्यसपछि मात्र अर्को घाउ यसरी नै चिरेर उपचार गर्नू ।

व्याधौ तत्र बहुछिद्रे भिषजा तु विजानता । अर्धलाङ्गलिकश्छेदः कार्यो लाङ्गलिकोऽपि च ॥
भद्रको वापि कार्यो गोतीर्थकोऽपि वा ।

अनेकौं प्वाल हुने यो शतपोनक नामक भगन्दरमा वैद्यले सोचविचार गरी अर्द्धलाङ्गलक, लाङ्गलक, सर्वभद्रक र गोतीर्थक नामका प्वाल पार्ने गर्नू ।

द्वाभ्यां समाभ्यां पार्श्वाभ्यां छेदो लाङ्गलिको मतः ॥
ह्रस्वमेकतरं यत्तु सोऽर्द्धलाङ्गलिकः स्मृतः । सेवनीं वर्जयित्वा तु चतुर्द्धा दारिते गुदे ॥
सर्वतोभद्रकं छेदमाहुश्छेदविदो जनाः । पार्श्वादागतशस्त्रेण छेदो गोतीर्थको मतः ॥

दुईतिरको भाग बराबर राखेर पारिने प्वाललाई “लाङ्गलिक” भनिन्छ । एकातिरको भाग कम राखेर पारिने प्वाललाई “अर्द्धलाङ्गलिक” भनिन्छ ।जननेन्द्रियलाई जोगाएर मलद्वारमा आएका भगन्दरको चारैतिर प्वाल पार्नुलाई “सर्वतोभद्र” भनिन्छ । एकातिरको भागमा हतियार छिराएर प्वाल पार्नुलाई “गोतीर्थक” भनिन्छ ।

सर्वानास्रावमार्गांस्तु दहेद्वैद्यस्तथाग्निना । अथोष्ट्रग्रीवमेर्षिण्या छित्वा क्षारं निपातयेत् ।

यसरी वैद्यले भगन्दरको घाउमा प्वाल पारेपछि शतपोनकका सबै प्वाललाई आगोले डामिदिनू । उष्ट्रग्रीव भगन्दर भए दूषित पदार्थ सफा गरी हतियारले चिरेर क्षार हाल्नू ।

पूतिमांसव्यपोहार्थमग्निरत्र न पूजितः ॥
उत्कृत्याऽऽस्रावमार्गन्तु परिस्राविणी बुद्धिमान् । क्षारेणाऽऽस्रावितगर्तिलहेद्धुतवहेन वा ॥

सडेगलेका गनाउने मासु निकाल्नका लागि आगोले डाम्नू नै उत्तम उपाय हुन्छ । परिस्रावी नामक भगन्दरमा बुद्धिमान वैद्यले दूषित पदार्थ बहने बाटोलाई चिरी क्षारले अथवा आगोले त्यो बाटोलाई पोल्नू ।

गतिमन्विष्य शस्त्रेण छिन्द्यात् खर्जूरपत्रकम् । चन्द्रार्द्धचन्द्रवक्त्रञ्च सूचीमुखमवाङ्मुखम् ॥
छित्वाग्निना दहेत्सम्यगेवं क्षारेण वा पुनः ॥

शम्बूकावर्त नामक भगन्दरमा दूषित पदार्थ बहने बाटो सफा गरी औजारले खजूरपत्रक, चन्द्रार्द्ध, चन्द्रवर्गचक्र, सूचीमुख वा अवाङ्मुख नामका प्वाल आवश्यकता अनुसार पारी त्यसलाई आगोले वा क्षारले राम्ररी पोलिदिनू ।

येषान्तु शस्त्रपतनाद्वेदना ह्यतिजायते । तत्राशु तैलनोष्णेन परिषेकः प्रशस्यते ॥

चिरफार नै गर्नुपर्ने रोग भए वैद्यले तुरुन्त तातो तेलले त्यो भागमा सेचन गर्नु हितकर हुन्छ ।

आगन्तुजे भिषङ्नाडीं शस्त्रेणोत्कृय यत्नतः । यवोष्टेनाग्निवर्णेन तप्तया वा शलाकया॥
दहेद्यथोक्तं मतिमांस्तं व्रणं सुसमाहितः॥

शल्यजन्य भगन्दर भए बुद्धिमान् वैद्यले प्रयत्नपूर्वको त्यसको नसा चिर्नू र रातो हुनेगरी तताइएको जम्ब्वोष्ठ नामक पत्थरले अथवा यसरी नै तताइएको काँटीले विधिपूर्वक डामिदिनू ।

(ठ) सुश्रुत संहिता :

अपक्वपिडकं पक्वेषु चोपस्निग्धमवगाहस्विन्नं शय्यायां सन्निवेश्यार्शसमिव यन्त्रयित्वा, भगन्दरं समीक्ष्य पराचीनमवाचीनं वा ततः प्रणिधायैषणीमुन्नम्य साशयमुद्धरेच्छस्त्रेण; अन्तर्मुखे चैवं सम्यग्यन्त्रं प्रणिधाय प्रवाहमाणस्य भगन्दरमुखमासाद्यैषणीं दत्त्वा शस्त्रं पातयेत्; आसाद्य वाऽग्निं क्षारं चेति; एतत् सामान्यं सर्वेषु॥

नपाकेको खटिरा हुने भगन्दरका रोगीलाई उपवास बसाउनेदेखि ओखती खुवाएर दिसा लगाउनेसम्मका एघार थरी उपचार गर्नू ।
खटिरा पाकेपछि चिल्लो बनाई बाथटबमा बसाएर सेकी पसिना निकालेर त्यसपछि ओछ्यानमा राखी हसाृको जसरी औजारले चिरफार गर्नू । भगन्दर अन्तर्मुखी वा बहिर्मुखी के छ एषणी यन्त्रले जाँची, त्यो यन्त्र भित्र हाली उचालेर जरैसहित हतियारले काट्नू । बहिर्मुखी खटिरामा यन्त्रलाई राम्ररी मलद्वार भित्र छिराएर हेरी त्यसको मुख पत्ता लगाई तब मात्र हतियारको प्रयोग गर्नू । खटिरा हेरी डाम्ने र क्षार हाल्ने कार्य गर्नू । यो सबै खालका भगन्दरको सामान्य उपचार विधि हो ।

विशेषतस्तु-
नाड्यन्तरे व्रणान् कुर्याद्भिषक् तु शतपोनके । ततस्तेषूपरूढेषु शेषा नाडीरुपाचरेत्॥

शतपोनक भगन्दरमा वैद्यले गढेका खटिराको बीचमा पहिले चिरेर घाउ बनाउनू । यो घाउ भरिएर ठिक भएपछि मात्र अन्यत्र चिर्नू ।

गतयोऽन्योन्यसंबद्धा बाह्याश्छेद्यास्त्वनेकधा । नाडीरनभिसंबद्धा यश्छिनत्त्येकधा भिषक्॥
स कुर्याद्विवृतं जन्तोर्व्रणं गुदविदारणम् । तस्य तद्विवृतं मार्गं विण्मूत्रमनुगच्छति॥
आटोपं गुदशूलं च करोति पवनो भृशम् । तत्राधिगततन्त्रोऽपि भिषङ्मुह्येदसंशयम्॥
तस्मान्न विवृतः कार्यो व्रणस्तु शतपोनके ।

जेलिएका नसालाई अनेक रूपले बाहिर काढनू । नजेलिएका नसा एकैपटक काट्ने वैद्यले घाउ फराकिलो बनाउँदछ र मलद्वारलाई नै छियाछिया पार्दछ । यसबाट दिसापिसाब निस्कन थाल्दछ ।

यसपछि आटोप ? मलद्वानको शूल र वायु बढ्दछ । यो शल्यक्रियामा राम्ररी चिकित्सा गर्ने वैद्य समेत भूल गर्न पुग्दछ । शतपोनक भगन्दरमा घाउलाई चिर्दा कहिल्यै फराकिलो नबनाउनू ।

**व्याधौ तत्र बहुच्छिद्रे भिषजा वै विजानता ॥ अर्धलाङ्गलकश्छेदः कार्यो लाङ्गलकोऽपि वा ।
सर्वतोभद्रको वाऽपि कार्यो गोतीर्थकोऽपि वा ॥ सर्वतः स्रावमार्गांस्तु दहेद्वैद्यस्तथाऽग्निना ।
सुकुमारस्य भीरोर्हि दुष्करः शतपोनकः ॥**

यसैले यो धेरै मुख वा प्वाल हुने भगन्रमा विज्ञ वैद्यले अर्धलाङ्गलक, लाङ्गलक, सर्वतोभद्रक वा गोतीर्थक विधिको छेदन गर्नू । (यी वैद्यले सबै खटिराको बाटोलाई पूर्णरूपमा अग्निले डाम्नू । कमजोर र डरपोक स्वभावका व्यक्तिलाई हुने शतपोनक नामक भगन्दर निको पार्न कठिन हुन्छ ।

**(द्वाभ्यां समाभ्यां पार्श्वाभ्यां छेदो लाङ्गलको मतः । ह्रस्वमेकतरं यच्च सोऽर्धलाङ्गलकः स्मृतः ॥
सेवनी वर्जयित्वा च चतुर्धा दारिते गुदे । सर्वतोभद्रकं छेदमाहुश्छेदविदो जनाः ।
पार्श्वागतेन शस्त्रेण छेदो गोतीर्थको मतः ॥)** यसको अर्थ दिइसकेको ।

**रुजास्रावापहं तत्र स्वेदमाशु प्रयोजयेत् । स्वेदद्रव्यैर्यथोद्दिष्टैः कृशरापायसादिभिः ॥
ग्राम्यानूपौदकैर्मांसैर्लावाद्यैर्वाऽपि विष्किरैः । वृक्षादनीमथैरण्डं बिल्वादिं च गणं तथा ॥
कषायं सुकृतं कृत्वा स्नेहकुम्भे निषेचयेत् । नाडीस्वेदेन तेनास्य तं व्रणं स्वेदयेद्भिषक् ॥
तिलैरण्डातसीमाषयवगोधूमसर्षपान् । लवणान्यम्लवर्गं च स्थाल्यामेवोपसाधयेत् ॥
आतुरं स्वेदयेत्तेन तथा सिध्यति कुर्वतः । स्विन्नं च पाययेदेनं कुष्ठं च लवणानि च ॥
वचाहिङ्ग्वजमोदं च समभागानि सर्पिषा । मार्द्वीकेनाथवाऽलेन सुरासौवीरकेण वा ॥
ततो मधुकतैलेन तस्य सिञ्चेद्भिषग्व्रणम् । परिषिञ्चेद्गुदं चास्य तैलैर्वातरुजापहैः ॥
विधिनाऽनेन विण्मूत्रं स्वमार्गमधिगच्छति । अन्ये चोपद्रवास्तीव्राः सिध्यन्त्यत्र न संशयः ॥**

दुखाई र घाउबाट तरल पदार्थ बहने कार्य कम गर्ने खालको सेकाइ तुरुन्त गर्नू । यसका लागि बताइएका सेक्ने पदार्थले, कृशरा (तिल, चामल र मास हलेर पकाइएको खिचडी), पायस आदिले सेकी पसिना निकाल्नू । ग्रमीण जीवजन्तुको मासु, सीमसार क्षेत्रका जीवजन्तुको मासु, लाभे आदि विष्किरवर्गका चराको मासु, ऐँफेरु, अँडिर र बिल्वादि गणका ओखती हालेर विधिपूवृक काँढापानी पकाई तेलको भाँडामा भर्नू । यो काँढापानीले बैद्यले घाउमा नाडीस्वेद दिनू । तिल, अँडिर, आलस, मास, जौ, गहुँ, सर्सिउँ, पाँच थरी नुन र अम्लवर्गका ओखती फराकिलो भाँडामा हाली काँढापानी पकाएर त्यसले सेक्नू । यसो गर्नाले भगन्दरमा फाइदा हुन्छ । यसरी सेकेर पसिना निकालेपछि कूट, पाँच थरी नुन, बोझो, हिङ र ज्वानु बराबर लिई घिउ, दाख, दारिम वा बिमिरोको रस, सुरा वा काँजीमा मिसाएर रोगीलाई पिउन दिनू । घाउमा जेठीमधुको तेलले पखाल्नू । यो दुखाई कम गर्ने तेलले मलद्वार पनि पखाल्नू । यसो गर्नाले दिसापिसाब आफ्नो बाटो भएर आउन थाल्दछ । अन्य सह-रोग पनि शान्त हुन्छन् । शतपोनक भगन्दरको उपचार बताइयो ।

शतपोनक आख्यात उष्ट्रग्रीवे क्रियां शृणु । अथोष्ट्रग्रीवमोषित्वा छित्त्वा क्षारं निपातयेत्॥
पूतिमांसव्यपोहार्थमग्निरत्र न पूजितः । अथैनं घृतसंसृष्टैस्तिलैः पिष्टैः प्रलेपयेत्॥
बन्धं ततोऽनुकुर्वीत परिषेकं तु सर्पिषा । तृतीये दिवसे मुक्त्वा यथास्वं शोधयेद्भिषक्॥
ततः शुद्धं विदित्वा च रोपयेत्तु यथाक्रमम् ।

शतपोनकको उपचार बताइयो अब उष्ट्रग्रीव भगन्दरको उपचार सुन । उष्ट्रग्रीवलाई खोजी काटेर त्यसमा क्षार लगाउनू । सडेको मासु निकाल्नका लागि क्षारकर्म गर्नू । यो रोगमा डाम्नु हितकर हुँदैन । त्यसपछि घिउमा तिल पिसेर लेप दल्नू । अनि पट्टी बाँधिदिनू । र पुनः घिउले भिजाइदिनू । तेश्रो दिन पट्टी खोली रोगको अवस्था हेरी पुनः उपचार गर्नू । घाउ सफा भएको यकीन भएपछि घाउ भर्ने उपचार गर्नू । (यसको घाउ बाङ्गोटिङ्गो हुने कारणले तताएर डाम्दा सबैतिर डामिदैन, पित्तजन्य रोगमा अग्निकर्म हितकर पनि हुँदैन) ।

उत्कृत्यास्रावमार्गांस्तु परिस्राविणि बुद्धिमान्॥ क्षारेण वा स्रावगतिं दहेद्धुतवहेन वा ।
सुखोष्णेनाणुतैलेन सेचयेद्गुदमण्डलम्॥ उपनाहाः प्रदेहाश्च मूत्रक्षारसमन्विताः ।
वामनीयौषधैः कार्याः परिषेकाश्च मात्रया॥ मृदुभूतं विदित्वैनमल्पस्रावरुगन्वितम् ।
गतिमन्विष्य शस्त्रेण छिन्द्यात् खर्जूरपत्रकम्॥ चन्द्रार्धं चन्द्रवक्रं च सूचीमुखमवाङ्मुखम् ।
छित्त्वाऽग्निना दहेत् सम्यगेवं क्षारेण वा पुनः॥ ततः संशोधनैरेव मृदुपूर्वैर्विशोधयेत् ।

परिस्रावी भगन्दरमा बुद्धिमान् वैद्यले दूषित पदार्थ बहने बाटोलाई हतियार काटी त्यसमा क्षारले वा आगोले डाम्नू । मनतातो अणुतेलले मलद्वारको चारैतिर सेक्नू । गहुँत र क्षार मिसिएको बाक्लो लेप दल्नू र उपनाह बाँध्नू । मैनफल आदि बान्ता गराउने ओखती अलिअलि छर्कनू । जब यो घाउ कोमल हुन्छ तब बहने बाटो खोजी हतियारले खजूरको पातजस्तो, अर्धचन्द्राकार, बाङ्गो चन्द्राकार, सूचीमुख र तलतिर मुख फर्केको घाउ बनाएर काट्नू । त्यसपछि त्यहाँ क्षारले वा आगोले पोल्नू । पहिले कोमल ओखतीले सफा गरी त्यसपछि तिक्खर ओखतीले घाउ सफा गर्नू ।

बहिरन्तर्मुखश्चापि शिशोर्यस्य भगन्दरः॥
तस्याहितं विरेकाग्निशस्त्रक्षारावचारणम् । यद्यन्मृदु च तीक्ष्णं च तत्तत्तस्यावचारयेत्॥

जुन बालबालिकाको भगन्दर बहिर्मुख वा अन्तर्मुख हुन्छ, उसलाई दिसा लगाउने ओखती खुवाउन, डाम्न र हतियार प्रयोग गर्न (चिरफार गर्न) हुँदैन । यस्तो अवस्थामा बीचको (न तिक्खर न त कोमल) उपचार विधिको प्रयोग गर्नू ।

आगन्तुजे भिषङ्नाडीं शस्त्रेणोत्कृत्य यत्नतः॥ जम्ब्वोष्ठेनाग्निवर्णेन तप्तया वा शलाकया ।
दहेद्यथोक्तं मतिमांस्तं व्रणं सुसमाहितः॥ कृमिघ्नं च विधिं कुर्याच्छल्यानयनमेव च ।

वैद्यले आगन्तुक भगन्दरमा गढेको घाउको नसालाई प्रयत्नपूर्वक काटी आगोमा रातो हुनेगरी तताइएको जम्बौष्ठ औजारले अथवा यसैगरी तताइएका कीलाले होशियारीपूर्वक डाम्नू । केही कुरा

बिफ्केको भए वा कीरा परेको भए त्यसलाई निकाल्ने वा मार्ने उपचार गर्नू ।

**एतत् कर्म समाख्यातं सर्वेषामनुपूर्वशः । एषां तु शस्त्रपतनाद्वेदना यत्र जायते ॥
तत्राणुतैलेनोष्णेन परिषेकः प्रशस्यते । वातघ्नौषधसंपूर्णां स्थालींछिद्रशराविकाम् ॥
स्नेहाभ्यक्तगुदस्तप्तामध्यासीत सबाष्पिकाम् । नाड्या वाऽस्याहरेत् स्वेदं शयानस्य रुजापहम् ॥
उष्णोदकेऽवगाह्यो वा तथा शाम्यति वेदना ॥**

यी सबै भगन्दरका लागि उपचारको क्रम बताइयो । यसमध्ये हतियार प्रयोग गरेका कारणले रोगीलाई पीडा भएमा घाउमा अणुतेल तताएर पखाल्ने वा छर्कने गर्नू । वातनाशक ओखती हालेर पकाइएको कौँढापानी हालेर भाँडोविशेष भर्नू । त्यसमाति प्वाल भएको बिर्कोले छोप्नू । भगन्दर भएको मलद्वारमा चिल्लो दली सहँदो तातो हुँदैमा त्यो प्वाल भएको भाँडामाथि बस्नू र पसिना निकाल्नू । अथवा सुतेर पाइपले बफ आउने गरी सेकी पसिना निकाल्नू । यसो गर्नाले दुख्न बन्द हुन्छ । अथवा तातो पानीमा अवगाहन गर्नाले पनि पीडा शान्त हुन्छ ।

कदलीमृगलोपाकप्रियकाजिनसंभृतान् । कारयेदुपनाहांश्च साल्वणादीन् विचक्षणः ॥

कदलीमृग (?), लोपाक (स्याल ?) र प्रियक (?) ? यिनको छाला मिसाएर उपनाह दिनू । साल्वण (?) आदिको उपनाह बाँध्नू ।

कटुत्रिकं वचाहिङ्गुलवणान्यथ दीप्यकम् । पाययेच्चाम्लकौलत्थसुरासौवीरकादिभिः ॥

शल्यक्रिया गरेपछि भगन्दरका रोगीलाई त्रिकटु, बोझो, हिङ, सिँधेनुन र ज्वानु : यी ओखती काँजी, गहतको झोल, सुरा र सौवीरकमा मिसाएर पिउन दिनू ।

छिद्रादूर्ध्वं हरेदोष्ठमर्शोयन्त्रस्य यन्त्रवित् । ततो भगन्दरे दद्यादेतदर्धेन्दुसन्निभम् ॥

यन्त्रसम्बन्धी जानकार व्यक्तिले अर्शयन्त्रको प्वालभन्दा माथि ओठ निकाली भगन्दरमा अर्धचन्द्राकार यन्त्रको प्रयोग गर्नू ।

व्रणको जसरी उपचार गर्नू

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**भगन्दरेष्वेष विशेष उक्तः शेषाणि तु व्यञ्जनसाधनानि ।
व्रणाधिकारात्परिशीलनाच्च सम्यग्विदित्वौषधिकं विदध्यात् ॥**

यसरी भगन्दरको विशेष उपचारका बारेमा बताइयो । अन्य सबै लक्षण र उपचार व्रण प्रतिषेध अध्यायमा बताइए अनुसार बुझी यथायोग्य शोधन, रोपण आदि उपचार गर्नू ।

अन्य ओखतीहरू

(क) अष्टाङ्ग हृदय :

तिक्तकघृत, कल्याण गुड र महा पञ्चगव्यघृतले भगन्दर नाश गर्दछ ।

(ख) आयुर्वेद महोदधि :

रहर, सिन्दोल जातको केरा, पाटे घिरौंलो, चन्दन, भगन्दरमा हितकर हुन्छ ।

(ग) धन्वन्तरि निघण्टु :

मुसाकाने झारमा भगन्दर नाशगर्ने गुण हुन्छ । अशुद्ध राङ भस्मले भगन्दर रोग निकाल्दछ ।

तृषितो नैव भुञ्जीत क्षुधितो न जलं पिबेत् । तृषितस्य भवेद्गुल्मः क्षुधितस्य भगन्दरः ॥

तिर्खाले हत्तु भएका बेलामा खाना नखानू । भोकले सताएका बेलामा पानी नपिउनू । यसरी पानी पिउनेलाई गानुगोला र खाना खानेलाई भगन्दर रोग लाग्न सक्दछ ।

(घ) भावप्रकाश निघण्टु :

मोहीमा भगन्दर नाशगर्ने गुण हुन्छ । जुन फलामको भाँडामा पानी राखेर त्यसमाथि तेलको थोपा हाल्दा फैलँदैन, जुन फलामको तातो भाँडामा भुटिएको वा फुराइएको हिङले आफ्नो गन्ध छोड्दछ, जुन फलामको भाँडामा उमालिएको वा तताइएको नीमका बोक्राले आफ्नो तीतोपन छोड्दछ अनि जुन फलामको भाँडामा आगो दन्काएर दूध उमाल्दा पनि उम्लेर भुइँमा खस्दैन अनि जुन फलामको भाँडामा चना भिजाउँदा कालो हुन्छ त्यस्तो फलामलाई “कान्तलौह” भनिन्छ । यो फलामले गुल्म, पेटका रोग, अल्काई, शूल, आमजन्य वातविकार, भगन्दर, कमलपित्त, सुजन, कुष्ठ, क्षयरोग, फियोका रोग, अम्लपित्त, कलेजोका रोग र टाउकाका रोग आदि सबै रोग निश्चय नै नाश गर्दछ । अशुद्ध सिसाभस्म र राङभस्मले भगन्दर रोग निकाल्दछ । जुन अभ्रख आगोमा हाल्दा सर्प सुसाए जसरी सुसाउँदछ त्यसलाई नाग भनिन्छ । यो खानाले निश्चितरूपमा भगन्दर रोग हुन्छ ।

(ङ) भावप्रकाश संहिता :

नवायसलोहले भगन्दर नाश गर्दछ ।

(च) **भैषज्य रत्नावली :**

चन्द्रसूर्यात्मकरसले भगन्दर नाश गर्दछ ।

(छ) **मदनपालनिघण्टु :**

मोहीमा भगन्दर नाशगर्ने गुण हुन्छ ।

(ज) **रसरत्नसमुच्चय :**

गुल्मोक्त चक्रिकाबद्धो भगन्दरहरः परम्॥

गुल्मरोगको उपचारका क्रममा बताइएको "चक्रिकावद्धरस" पनि भगन्दर नाश गर्नका लागि अति उपयोगी हुन्छ ।

(झ) **राजवल्लभ निघण्टु :**

नक्तान्धवीसर्पदकोदराणां विस्फोटकोन्मादभगन्दराणाम् ।
मूर्च्छामदाध्मानगलग्रहाणां पाण्ड्वामयस्यामविषस्य चैव॥
किलासकुष्ठग्रहणीगदानां शोथातिसारज्वरपीनसानाम् ।
सन्तानदोषस्य तथैव मृत्योर्विरुद्धमन्नं प्रवदन्ति हेतुः॥

जानी वा नजानी परस्पर विरोधी आहार गर्नाले रतन्धो, वीसर्प, जलोदर, विस्फोटक, पागलपन, भगन्दर, बेहोसी, नसा, आध्मान, गलग्रह, पाण्डु, आमविकार, विषविकार, किलास, कुष्ठ, ग्रहणी, सुजन, अतीसार, जरो, पिनास, सन्तान-दोष र मृत्यु समेत हुन सक्दछ ।

(ञ) **शार्ङ्गधर संहिता :**

स्थूला त्वक्सप्तमी ख्याता विद्रध्यादेः स्थितिश्च सा ।

सातौं छालाको नाम "स्थूला" हो । यो विदध्रि, अल्काई, भगन्दर आदि रोगको जन्मस्थान हो ।

मन्दबह्निविदग्धश्च कटुश्चाम्लो भवेद्रसः । विषभावं व्रजेद्वाऽपि कुर्याद्वा रोगसङ्करम्॥

तर, मन्द अग्निका कारण रस पचेन भने त्यो विषसरह हुन पुग्दछ । यो पिरो र अमिलो हुन्छ र यसले ज्यानै लिन पनि सक्दछ । कथंकदाचित् यस्तो आम रस थोरै भएर आफैंले कुनै वित्तण्डा मचाउन नसक्ने अवस्थामा छ भने पनि यो त्रिदोषलाई दूषित पार्दै रगतमा विकार उत्पन्न गर्न, जरो फुटाउन तथा भगन्दर, कुष्ठ आदि जस्ता रोग उब्जाउन कारक तत्व बन्न पुग्दछ ।

भगन्दरका रोगीलाई चिरफार गर्नु अघि पहिला पसिना निकाल्न लगाउनु पर्दछ किन कि पसिना निकाल्नाले उसको शरीर नरम भई चिरफार गर्न योग्य हुन जान्छ । भगन्दरका रोगी ओखती खुवाएर दिसा लगाउन योग्य हुन्छन् ।

(ट) हारीत संहिता :

भद्रकसैन्धवले भगन्दर नाश गर्दछ ।

मेहे सुवर्णदानं च शूले श्वासे भगन्दरे ।

प्रमेह, शूल, दम र भगन्दरका रोगमा सुन दान गर्नू ।

वातव्याधिः प्रमेहश्च कुष्ठमर्शो भगन्दरम् । अश्मरी मूढगर्भश्च तथा चोदरमष्टमम् ॥
अष्टावेते प्रकृत्यैव दुश्चिकित्स्या महागदाः ।

वातजन्य रोग, प्रमेह, कुष्ठ, अल्काई, भगन्दर, पत्थरी, मूढगर्भ र आठौं पेटका रोग : यी आठ प्रकृतिका ठूला रोग सामान्य उपचारले सहजै ठिक हुँदैनन् ।

ज्वरः क्षयश्च यक्ष्मा च कुष्ठगुल्मार्शसङ्ग्रहाः ॥
शर्करा मेह उन्माद अपस्मारो भगन्दरः । एते महाघोरतरा याप्यं कुर्वन्ति मानवम् ॥

जरो, सुकेनाश, क्षयरोग, कुष्ठ, गुल्म, अल्काई, सङ्ग्रहणी, शर्करा, प्रमेह, पागलपन, छारेरोग र भगन्दर : यी रोगमाथि मानवले कठिनतापूर्वक विजय हासिल गर्न सक्दछ ।

बार्नुपर्ने कुरा

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अश्वपृष्ठगमनं चलरोधं मद्यमैथुनमजीर्णमसात्म्यम् ।
साहसानि विविधानि च रूढे वत्सरं परिहरेदधिकं वा ॥

भगन्दरको घाउ भरिएपछि एक वर्ष वा त्यसभन्दा बढी समयसम्म घोडा आदि चढ्न, अपानवायु रोक्न, मदिरा पिउन, सहवास गर्न, अजीर्ण भोजन गर्न, शरीरले नसहने खानपिन गर्न, दौडन, उफ्रन एवं भारी उचाल्ने आदि जस्ता साहसिक कार्य गर्न छाड्नू ।

(ख) **चक्रदत्त, भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

व्यायामं मैथुनं युद्धं पृष्ठयानं गुरूणि च । संवत्सरं परिहरेदुपरूढव्रणो नरः ॥

भगन्दरको घाउ भरिएर सुकेको अवस्थामा पनि मानिसले एक वर्षसम्म व्यायाम गर्न, सहवास गर्न, युद्ध गर्न, घोडा आदि चढेर यात्रा गर्न र पचाउन कठिन हुने खालका खानपिन गर्न बन्द गर्नू ।

(ग) **भैषज्य रत्नावली :**

विरुद्धान्यन्नपानानि विषमाशनमातपम् । व्यायामं मैथुनं युद्धं पृष्ठयानं गुरूणि च ॥
संवत्सरं परिहरेदपि रूढव्रणो नरः ॥

परस्पर विरोधी खानपिन, मात्रा वा गुणमा नमिल्ने खालका खानपिन, घाम ताप्ने कार्य, कसरत, मैथुन, युद्ध, जनावरको ढाडमा चढेर यात्रा गर्ने कार्य, भारी उचाल्ने कार्य र ढिलो पच्ने खालका खानपिन घउ भरिएपनि एकवर्षसम्म भगन्दरका रोगीले नगर्नू ।

(घ) **योगरत्नाकर :**

व्यायामं मैथुनं युद्धं पृष्ठयानं गुरुणि च । संवत्सरं परिहरेद्यावद्रूढव्रणो नरः ॥

व्ययाम, मैथुन, युद्ध, घोडा आदिको ढाडमा चढेर यात्रा गर्न र पचाउन कठिन हुने खालका खानपिन गर्न एक वर्षसम्म वा खटिरा पूरा निको नहुँदासम्म छाड्नू ।

(ङ) **रसरत्नाकर :**

व्यायामं मैथुनं युद्धं पृष्ठयानं गुरूणि च । संवत्सरं परिहरेदपिरूढव्रणो नरः ॥

घाउ भरिएपछि पनि एक वर्षसम्म कसरत, सहवास, युद्ध, हात्ती आदि चढ्न र ढिलो पच्ने पदार्थ खानपिन गर्न हुँदैन ।

(च) **वैद्यरहस्य :**

व्यायामं मैथुनं युद्धं पृष्ठयानं गुरूणि च । रूढव्रणेऽपि यत्नेन वर्जयेत्सततं नरः ॥

भगन्दरको घाउ भरिएपछि पनि केही समयसम्म व्यायाम, मैथुन, युद्ध (कुस्ति), घोडा आदि चढ्ने कार्य र पचाउन कठिन हुने खानपिन नगर्नू ।

(छ) सुश्रुत संहिता :

व्यायामं मैथुनं कोपं पृष्ठयानं गुरूणि च । संवत्सरं परिहरेदुपरूढव्रणो नरः ॥

घाउ भरिएपछि पनि एक वर्षसम्म भगन्दरका रोगीले व्यायाम, सहवास, रिस, ढाडमा चढिने सवारी र पचाउन कठिन हुने खानपिन नगर्नू ।

हितकर खानपिन

(क) भैषज्य रत्नावली :

सर्वेऽपि शालयो मुद्गा विलेपी जाङ्गलोरसः । पटोलं शिग्रुवेत्राग्रं पत्तुरो बालमूलकम् ॥
तिलसर्षपयोस्तैलं तिक्तवर्गो घृतं मधु । एतत्पथ्यं यथादोषं नरैः सेव्यं भगन्दरे ॥

भगन्दर पाकेको वा नपाकेको दुवै अवस्थामा मार्सीचामलको भात, मुगी, विलेपी, जाङ्गल जीवजन्तुको मासुको रस, परबर, सैजन, बाँसका टुसा, बकचन्दन, कलिलो मूला, तिल र सर्सिउँको तेल, तितोवर्गका पदार्थ, घिउ र मह हितकर हुने हुनाले रोगको अवस्था हेरी मानिसले खाने गर्नू ।

(ख) योगरत्नाकर :

सर्वत्र शालयो मुद्गा विलेपी जाङ्गलो रसः । पटोलं शिग्रुवेत्राग्रं धत्तूरो बालमूलकम् ॥
तिलसर्षपयोस्तैलं तिक्तवर्गो घृतं मधु । एतत्पथ्यं नरैः सेव्यं यथादोषं भगन्दरे ॥

भगन्दरको सबै अवस्थामा मार्सीचामलको भात, मुगी, विलेपी, जाङ्गल जीवजन्तुको मासुको रस, परबर, सजिवन, तामा, धतूरो, कलिलो मूला, तिल र सर्सिउँको तेल, तितो वर्गका पदार्थ, घिउ र मह : यी सबै शरीरलाई हितकर कुरा भगन्दरको खोषको अवस्था विचार गरी रोगीहरूले खानुपर्दछ ।

(ग) हारीत संहिता :

हिक्कार्शःश्वासःप्लीहानामतीसारे भगन्दरे । शस्तं प्रोक्तं दधि चैषां लवणेन विमूर्च्छितम् ॥

बाडुली, अल्काई, दम आदि श्वासप्रश्वास रोग, फियोसम्बन्धी रोग, छेरपटी र गुदद्वार वा अण्डकोषको बीचमा खटिरा आउने रोग (भगन्दर) हुनेले दही खाँदा सिधेनुन मिसाएर खानु हितकर हुन्छ ।

ठिक हुने र नहुने भगन्दर

(क) **अष्टाङ्ग हृदय :**

षट् कृच्छ्रसाधनास्तेषां, निचयक्षतजौ त्यजेत्॥ प्रवाहिणीं वलीं प्राप्तं सेवनीं वा समाश्रितम् ।

यी आठ प्रकारका भगन्दरमध्ये छ थरी भगन्दर बल्लतल्ल ठिक हुन्छन् । क्षतजन्य र त्रिदोषजन्य भगन्दर ठिक हुँदैन । प्रवाहिणी, बलि र जननेन्द्रियमा जरा भएको भगन्दर पनि ठिक हुँदैन ।

(ख) **भावप्रकाश संहिता :**

वातमूत्रपुरीषाणि शुक्रञ्च कृमयस्तथा । भगन्दरात्स्रवन्तस्तु नाशयन्ति तमातुरम्॥

जुन् भगन्दरमा घाउबाट हावा, पिसाब, दिसा वीर्य र कीरा निस्कन थालेको हुन्छ, त्यस्तो रोगले बिरामीको ज्यान नै लिने गर्दछ ।

(ग) **भावप्रकाश संहिता, माधव निदान, योगरत्नाकर, वङ्गसेन आयुर्वेद :**

घोराः साधयितुं दुःखाः सर्व एव भगन्दराः । तेष्वसाध्यस्त्रिदोषोत्थः क्षतजश्च विशेषतः॥

सबै खालका भगन्दर दुःखदायक र बल्लतल्ल निको हुने खालका नै हुन्छन् । तिनमा पनि त्रिदोषजन्य र चोटपटकजन्य भगन्दर विशेषतः निको पार्न कठिन हुन्छन् ।

(घ) **माधव निदान, योगरत्नाकर, वङ्गसेन आयुर्वेद :**

वातमूत्रपुरीषाणि क्रिमयः शुक्रमेव च । भगन्दरात् स्रवन्तस्तु नाशयन्ति तमातुरम्॥

जुन् भगन्दरमा घाउबाट हावा, पिसाब, दिसा, कीरा र वीर्य निस्कन थालेको हुन्छ, त्यस्तो रोगले बिरामीको ज्यान नै लिने गर्दछ ।

(ङ) **रसरत्नाकर :**

त्रिदोत्थमसाध्यं स्यात्क्रिमिजश्च भगन्दरः॥

त्रिदोषजन्य र कीराजन्य भगन्दर ठिक हुँदैन ।

(च) **सुश्रुत सांहेता :**

पञ्च भगन्दरा व्याख्याता:, तेष्वसाध्यः शम्बूकावर्तः शल्यनिमित्तश्च; शेषाः कृच्छ्रसाध्याः ॥

भगन्दर पाँच प्रकारका हुन्छन् भनियो । यसमध्ये शम्बूकावर्त्त र शल्यजनक भगन्दर निको हुँदैन । बाँकी भगन्दर कठिनतापूर्वक निको हुन्छ ।

घोराः साधयितुं दुःखाः सर्व एव भगन्दराः । तेष्वसाध्यस्त्रिदोषोत्थः क्षतजश्च भगन्दरः ॥

सबै खालका भगन्दर निको पार्न सजिलो हुँदैन नै । यिनमा पनि त्रिदोषजन्य र क्षतजन्य भगन्दर धने ठिक हुँदैन ।

प्रत्याख्यायैष चारभ्यो वर्ज्यश्चापि त्रिदोषजः ॥

यो आगन्तुक भगन्दर ठिक हुन मुश्किल छ भनेर उपचार शुरु गर्नू । त्रिदोषजन्य भगन्दर पनि ठिक हन कठिन हुन्छ ।

(छ) **हारीत संहिता :**

वातमूत्रपुरीषाणि कृमयः शुक्रमेव च । भगन्दरात्प्रस्रवन्ति यस्य तं परिवर्जयेत्॥

जुन् भगन्दरका रोगीको घाउबाट अपानवायु, पिसाब, दिसा, कीरा र वीर्य निस्कन्छ त्यो भगन्दरको रोगी बाँच्दैन ।

जानकारीका लागि मात्र : विज्ञानसम्मत नभएका कुरा

कुकुरको हाडको प्रयोग

(क) **चक्रदत्त, भैषज्य रत्नावली, रसरत्नाकर :**

...तद्वच्छुनोऽस्थि वा॥

अथवा कुकुरको हाड त्रिफलाको काँढापानीमा पिसेर लेप दल्नाले भगन्दर नाश हुन्छ ।

(ख) **योगरत्नाकर : शुनोऽस्थ्यादि लेप**

शुनोऽस्थिभूलता तक्रैः पेषिता खररक्तयुक् । लेपो भगन्दरं हन्यान्नरास्थ्नां तैलमेव च॥

कुकुरको हाड र गँडयौला मोहोमा पिसेर गधाको रगत मिसाइ भगन्दरमा लेप दल्नू । मानिसको हाडको तेल दल्नाले पनि भगन्दर नाश हुन्छ ।

गधाको रगत आदिको प्रयोग

(क) **चक्रदत्त, भैषज्य रत्नावली :**

खरास्रपक्वभूनागचूर्णलेपो भगन्दरम् ।

गधाको रगतमा गँडयौलाको धूलो पकाएर लेप दल्नाले भगन्दर रोग नाश हुन्छ ।

(ख) **रसरत्नसमुच्चय :**

भूतलोत्थं पिबेच्चूर्णं खररक्तेन संयुतम् । श्वानास्थिलेपनं कार्यं शीघ्रं हन्याद्भगन्दरम् ॥

गँडयौला (खपरिया) लाई पानीमा पिसेर खाने र कुकुरको हाड गधाको रगतमा पिसेर लेप दल्नाले भगन्दर चाँडै नाश हुन्छ ।

(ग) **रसरत्नाकर :**

खरास्रपक्वंभूरोमचूर्णलेपो भगन्दरम् ॥

गधाको रगतमा भूरोम (?) को धूलो पकाएर लेप दल्नाले भगन्दर रोग नाश हुन्छ ।

(घ) **वैद्यरहस्य :**

खररुधिर समेतं भूलतायाः शरीरं दृषदिसहितमस्थ्ना सारमेयस्य पिष्टम् ।
भवति समुपलेपादाशुभगन्दराणामपिविषमतराणामापदां नाश हेतुः ॥

गधाको रगतमा गँडयौला र (वा) कुकुरको हाड पत्थरमा पिसी लेप दल्नाले भगन्दरका सबै पीडा नाश हुन्छन् ।

बिरालोको हाड आदिको प्रयोग

(क) **चक्रदत्त, भावप्रकाश संहिता, योगरत्नाकर, रसरत्नाकर, वङ्गसेन आयुर्वेद :**

त्रिफलारससंयुक्तं विडालास्थिप्रलेपनम् ॥ भगन्दरं निहन्त्याशु दुष्टव्रणहरं परम् ।

त्रिफलाको रसमा बिरालोको हाड पिसेर मलम जस्तो बनाइ दल्ने गर्नाले भगन्दर र खराब खालका खटिरा तुरुन्त (चाँडै) नाश हुन्छ ।

(ख) **भैषज्य रत्नावली :**

त्रिफलारसम्पिष्टबिडालास्थिप्रलेपनम् । भगन्दरं निहन्त्याशु दुष्टव्रणहरं परम्॥

त्रिफलाको काँढापानीमा बिरालोका हाड पिसेर लेप बनाई दल्नाले भगन्दरको बिग्रेको खटिरा चाँडै ठिक हुन्छ ।

(ग) **रसरत्नसमुच्चय :**

त्रिफलाक्वाथसंयुक्तमार्जारास्थिप्रलेपनात् । क्षालयेत्त्रिफलाक्वाथैर्हन्याद्दुष्टभगन्दरम्॥

बिरालोको हाडलाई त्रिफलाको काँढापानीमा रामैरी पिसेर लेप बनाई दल्ने र हरेक दिन त्रिफलाको काँढापानीले नै पखाल्ने गरे खराब खालको भगन्दर चाँडै नाश हुन्छ ।

(घ) **वैद्यरहस्य :**

त्रिफलारससंयुक्तं बिडालास्थिप्रलेपनम् । भगन्दरं हरत्याशु दुष्टव्रण हरं परम्॥

त्रिफलाको रसमा बिरालाको हाड पिसेर लेप दल्नाले भगन्दरको खराब घाउ तुरुन्त नाश हुन्छ ।

बिडालास्थिभवं भस्मश्वास्थिभस्माथवायसे । पात्रे गोसर्प्पिषा पिष्ट्वा व्रणलेपनमाचरेत्॥
एतद्भगन्दरे दुष्टव्रणेऽन्यस्मिंश्च शस्यते॥

बिरालाको हाडको खरानी र कुकुरको हाडको खरानी फलामको भाँडामा गाईको घिउ हालेर पिसी लेप दल्नाले भगन्दर र खराब खटिरा नाश गर्दछ ।

शङ्खेकीरा आदिको प्रयोग

(क) **भावप्रकाश संहिता :**

शम्बूकमांसं भुञ्जीत प्रकारैर्व्यञ्जनादिभिः । अजीर्णवर्जी मासेन मुच्यते तु भगन्दरात्॥

शङ्ख आदि खोलमा हुने जीवको मासु सागपात वा खानामा मिसाएर खाने गर्नू । तर अजीर्ण हुन नदिनू । यसो गर्नाले एक महिना भित्र भगन्दर अवश्य नाश हुन्छ ।

(ख) **भैषज्य रत्नावली :**

शम्बूकस्य च मांसानि भक्षेयेद्व्यञ्जनादिभिः । अजीर्णवर्जी मासेन मुच्यते स भगन्दरात्॥

शङ्ख आदि खोलमा हुने जीवको मासु सागपात वा खानामा मिसाएर खाने गर्नू । तर अजीर्ण हुन नदिनू । यसो गर्नाले एक महिना भित्र भगन्दर अवश्य नाश हुन्छ ।

स्यालको मासुको प्रयोग

(क) **चक्रदत्त :**

जम्बुकस्य च मांसानि भक्षयेद्व्यञ्जनादिभिः । अजीर्णवर्जी मासेन मुच्यते ना भगन्दरात्॥

स्यालको मासुका परिकार खानू । अजीर्णको अवस्थामा नरहनू । यसो गर्नाले एक महिनामा भगन्दर नाश हुन्छ ।

(ख) **योगरत्नाकर :**

जम्बूकस्याऽऽमिषं भुक्त्वा प्रकारैर्व्यञ्जनादिभिः । अजीर्णवर्जी मासेन मुच्यते तु भगन्दरात्॥

स्यालको मासुको विभिन्न परिकार पकाएर खाई अजीर्णको अवस्थामा रहेन भने एक महिनामा भगन्दर रोगबाट मुक्त हुन्छ ।

(ग) **रसरत्नाकर :**

जम्बुकमांसं भक्षयेत्प्रकारव्यञ्जनादिभिः । अजीर्णवर्जी मासेन मुच्यते ना भगन्दरात्॥

स्यालको मासुका विभिन्न परिकार बनाएर खानू । अजीर्णको अवस्थामा नरहनू । यसो गर्नाले एक महिनामा भगन्दर नाश हुन्छ ।

(घ) **वङ्गसेन आयुर्वेद :**

जम्बूकमांसमश्नीयात् प्रकारैर्व्यञ्जनादिभिः । अजीर्णवर्जी मासेन मुच्यते स भगन्दरात्॥

स्यालको मासुका विभिन्न परिकार बनाएर खानू । अजीर्णको अवस्थामा नरहनू । यसो गर्नाले एक महिनामा भगन्दर नाश हुन्छ ।

मांनिसको हाडको प्रयोग

(क) रसरत्नसमुच्चय :

नरास्थितैललेपेन स्फुटितं शुष्यति व्रणम्॥

मानिसको हाडलाई मसिनोसँग पिसेर तेलमा मिसाएर दल्नाले भगन्दर फुटेर सुक्दछ ।

(ख) रसरत्नाकर :

नरास्थितैललेपेनस्फुटितः शुध्यतिव्रणः ।

मानिसको हाडको धूलो तेलमा मिसाएर लेप दल्नाले भगन्दरको खटिरा फुटेर सुक्दछ ।

॥ समाप्त ॥